# प्रहरी दर्पण २०५२

# POLICE MIRROR 1995

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्





## माननीय गृह मन्त्रीज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४७ औं शुभ-जन्मोत्सवको सुखद अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य, दीर्घायु एवं अटल सौभाग्यको लागि हार्दिक मंगलमय शुभ-कामना चढाउँदछु। जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण एवं समाजमा शान्ति र सुव्यवस्था कायम गरी प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गर्ने कार्यमा नेपाल प्रहरीले निर्वाह गर्दै आएको भूमिका सह्रानीय छ। परम्परागत रूपमा प्रहरीको कर्तव्य शान्ति-सुरक्षा कायम गर्ने कार्यमा मात्र सीमित रहेकोमा नेपाल प्रहरीलाई मुलुकको सर्वाङ्गीण विकासतर्फ अझ उन्मुख गराउन सकेमा लोककल्याणकारी राज्य-व्यवस्थाको अभिबृद्धि गर्ने कार्यमा थप टेवा पुग्न जाने विश्वास मैले लिएको छु। यस दिशातर्फ नेपाल प्रहरीको ध्यान जाने आशा राखेको छु।

नेपाल प्रहरीले वर्षभरिमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको संगालोको रूपमा प्रकाशित हुने वार्षिक पत्रिका "प्रहरी दर्पण" ले सर्वसाधारण जनतालाई समेत प्रहरीको गतिविधि बारे थप जानकारी प्रदान गरी प्रहरी फोर्स 'प्रहरी सेवा'को गन्तव्यतर्फ उन्मुख छ भन्ने धारणा बनाउनमा सहायकसिद्ध हुनेछ भन्ने विश्वास राख्दै यो प्रकाशनको सफलताको कामना गर्दछु।

## A Message From Hon. Home Minister

On the auspicious occasion of **Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah's** 47th birthday, I would like to offer best wishes for the good health, happiness, and long life of Her Majesty. The role that Nepal Police has been playing in protecting life and property and guaranteeing the fundamental rights of every citizen has been praiseworthy. The historical responsibility of Nepal Police in maintaining peace and harmony in the country, I think, needs to be expanded now to provide supporting services for the all round development of the country and thereby adding yet another chapter to the promotion of a welfare state.

*Police Mirror,* an annual publication of Nepal Police, presents an overall picture of the year-round activities and performances of the organization. This publication provides more information to the readers on police ideologies and the organization's noble commitments to the cause of service to the nation. With such ongoing endeavours, I believe that Nepal Police is transforming from a Police "Force" to a Police "Sevice." I wish the publication all success.

खुम बहादुर खड्का
गृह मन्त्री

Khum Bahadur Khadka
Home Minister



## गृह सचिवज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४७ औं शुभ-जन्मोत्सवको पुनीत अवसरमा मौसुफ सरकारको सुख, समृद्धि एवं सुस्वास्थ्यको लागि हार्दिक मंगलमय शुभ कामना सभक्ति अर्पण गर्दछु। समाजमा निरन्तर शान्ति र सुरक्षा कायम गरी सार्वजनिक हितको प्रवर्द्धन गर्ने कार्यमा सेतुको भूमिका निर्वाह गर्ने नेपाल प्रहरी सत्य, सेवा, सुरक्षाको अतिरिक्त सामाजिक क्रियाकलापमा समेत संलग्न हुनु निश्चय पनि प्रेरणादायी हुने मेरो धारणा रहेको छ। नेपाली जनताबीच भातृत्व एवं एकता कायम गरी जनचाहना अनुरूप कर्तव्य-पालनमा कार्यरत प्रहरीद्वारा सम्पादित प्रहरी दर्पण, २०५२ सर्वसाधारण लगायत प्रहरी सेवाको लागि उपलब्धिपूर्ण हुने विश्वासका साथ प्रस्तुत दर्पणको सफलताको कामना गर्दछु।

## The Home Secretary's Message

On the glorious occasion of **Her Majesty's** 47th auspicious birthday, I would like to offer cordial best wishes for the happiness, prosperity, and good health of **Her Majesty the Queen**. Since time immemorial, Nepal Police has played a significant role in uplifting public welfare by establishing peace and harmony within the society. I believe that the involvement of the police force in various social activities and the establishment's motto, high principles, and services are extremely inspiring. I would like to wish *Police Mirror, 2052*, a publication of Nepal Police, dedicated to establish fraternity and unity among the people of Nepal, every success. I strongly believe that it will be rewarding to the police and the general public as a reliable informant of the institution's various activities.

रेवती रमण पोखरेल
का.मु. गृह सचिव

Rewati Raman Pokharel
Act. Home Secretary



## प्रहरी महानिरीक्षकको मन्तव्य

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको ४७ औं शुभ-जन्मोत्सवको पुनीत अवसरमा मौसुफ सरकारमा सुख, समृद्धि, सुस्वास्थ्य, दीर्घायु र अटल सौभाग्यको लागि सभक्ति हार्दिक मंगलमय शुभ-कामना विन्ति चढाउँछु। सदा झैं यस वर्ष पनि प्रकाशित हुन लागेको प्रहरी दर्पण नेपाल प्रहरीको एकवर्षभरिको कर्तव्य-यात्राको विविध पक्षहरूको एकीकृत दस्तावेजका रुपमा पाठकवर्गको सामुमा प्रस्तुत गरेका छौं। नेपाल प्रहरीको क्षेत्रगत विविधता, कार्यशैली र वर्षभरि नेपाल प्रहरीले तय गरेका उकाली र ओरालीहरूको एक झलक यस प्रकाशन मार्फत हामीले स्वदेश तथा विदेशका हाम्रा स्नेही पाठकहरूलाई दिने कोशिस गरेका छौं। राष्ट्रको शान्ति सुव्यवस्था अकटक राख्न सधैं समर्पित नेपाल प्रहरी, राष्ट्रले अंगीकार गरेका परिवर्तनहरू तथा राष्ट्रले भोग्नु परेका कृत्रिम तथा प्राकृतिक दुःख, पीडा र दैवी विपत्तिहरूमा अग्र-पंक्तिमा बसेर हर-परिस्थितिहरूमा सहभागी हुँदै आएको छ। नेपाल प्रहरीले समाजमा दिएको योगदान इतिहास भित्र आफैं बोल्दछ। हाम्रा चुनौति, समस्या र अप्ठ्याराहरू प्रशस्त छन् तर देशको आन्तरिक शान्ति सुरक्षा सुदृढ गर्न नेपाल प्रहरीको प्रयत्न प्रभावपूर्ण शैलीमा कायम छ। हिजोका हाम्रा अनुभवहरूले हामीलाई भोलि अझ प्रभावकारी बनाएर लैजाने छ। सम्पूर्ण रुपमा लिंदा प्रहरी दर्पण हाम्रो संगठनको शब्द-चित्रको संगालो हो। यसको प्रकाशनमा सहयोग गर्नु हुने सबैलाई म यस अवसरमा धन्यवाद दिन चाहन्छु। साथै, सम्पादक-मण्डललाई सफल प्रकाशनको लागि म विशेष धन्यवाद दिन चाहन्छु।

## Message From The Inspector General of Police

On the glorious occasion of the auspicious 47th birthday of **Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah**, I express my sincere best wishes and offer felicitations for her great happiness, good health, long life, prosperity, and everlasting good fortune. This year, too, the dedicated work force of Nepal Police has gathered together the novel experiences of bygone days and put them in the *Mirror* to reflect the great journeys that the organization has undertaken in the past and to create a memorandum of future plans. Nepal Police is forever striving to secure peace, stability, and well being for the motherland and to effectively adapt to the changes that the nation has envisioned. Always at the forefront when the nation faces natural and man-made disasters, the brave personnel of this organization have not turned their backs to any grave situation. The significant contributions and dedication of Nepal Police have found a niche in the very tales of this Himalayan Kingdom and history itself praises the massive sacrifices of its personnel. Though there are many grave challenges, problems, and difficulties in our paths, the unflinching efforts of Nepal Police are continuing at an impressive pace. The experiences of yesterdays will make us more able, effective, and efficient in the tomorrows to come. And, all in all, *Police Mirror* is a collective word-picture of our organization. I would like to take this opportunity to thank everyone who helped us put together this magazine and I would especially like to thank the editorial team.

मोतीलाल बोहरा
प्रहरी महानिरीक्षक

Motilal Bohara
Inspector General of Police

# Editorial Board

# सम्पादक मण्डल



*From the left: Insp. N. Bhandari, Dy. Sp. B.K. Shakya, Dy. Sp. D. Subedi, Dy. Sp.N. Dhakal, SSP S.B. Thapa, SP A. Gurung, Dy. Sp. N. Silwal, Dy.Sp. R. Bun, Dy. Sp. P. Adhikari*


### *सम्पादक मण्डल*

*प्रधान सम्पादक*

प्र.व.उ. श्यामभक्त थापा

*सम्पादक मण्डल*

प्र.उ. आमोदचन्द्र गुरुङ

प्र.ना.उ. नवराज ढकाल

प्र.ना.उ. राजेश बन

प्र.ना.उ. बालकुमार शाक्य

प्र.ना.उ. पूर्ण चन्द्र अधिकारी

प्र.ना.उ. नवराज सिलवाल

प्र.ना.उ. देवेन्द्र सुवेदी

प्र.नि. नारायण भण्डारी

*तस्वीरहरु*

प्र.ना.उ. शेरबहादुर कार्की

छायाँ चित्रकारी शाखा

प्रहरी प्रधान कार्यालय

मीन बज्राचार्य

*प्रकाशक*

प्रहरी दर्पण प्रकाशन समिति

प्रहरी प्रधान कार्यालय

**प्रहरी दर्पण**

वार्षिक प्रकाशन

दर्ता न. ०१/०४१

### *सल्लाहकार मण्डल*

प्र.अ.म.नि. अच्युतकृष्ण खरेल

प्र.अ.म.नि. ध्रुवबहादुर प्रधान

प्र.ना.म.नि. प्रदीप शम्शेर ज.ब.रा.

प्र.ना.म.नि. कृष्णमोहन श्रेष्ठ

प्र.ना.म.नि. रामकाजी बान्तवा

प्र.ना.म.नि. ढालमान थापा

### *Advisory Board*

A.I.G.P. Achyut Krishna Kharel

A.I.G.P. Dhruba Bahadur Pradhan

D.I.G.P. Pradeep SJB Rana

D.I.G.P. Krishna Mohan Shrestha

D.I.G.P. Ram Kaji Bantawa

D.I.G.P. Dhal Man Thapa

### *Editorial Board*

*Chief Editor*

S.S.P. Shyam Bhakta Thapa

*Editors*

S.P. Amod C. Gurung

Dy.S.P. Nabaraj Dhakal

Dy.S.P. Rajesh Bun

Dy.S.P. Bal Kumar Shakya

Dy.S.P. Purna Chandra Adhikari

Dy.S.P. Nawa R. Silwal

Dy.S.P. Devendra Subedi

Inspector Narayan B. Bhandari

*Photographs*

Dy.S.P. Sher Bahadur Karki

Photography Section, Nepal Police

Min Bajracharya



*Published by*

Police Mirror Publication Board

Police Headquarters

Naxal, Kathmandu

**Police Mirror**

An annual publication

Regd. No. 01/041

# सम्पादकीय

राष्ट्रको आन्तरिक शान्ति-सुव्यवस्थाको समुच्च जिम्मेवारी बोकेको नेपाल प्रहरीको सामू हिंजो भन्दा आज अरु बढी चुनौतिहरु छन् । राष्ट्रले व्यहोरेको राजनैतिक उतार-चढाव र परिवर्तनहरुसगै प्रहरीले आफूलाई आत्मसात गरी आफनो सीमित श्रोत र साधनहरुको परिवेश भित्रबाट समाजका प्रत्येक व्यक्ति-व्यक्तिको सुरक्षा र उसले उपभोग गर्न पाउने अधिकारहरुको संरक्षण र सम्बर्धन गर्नमा सदा प्रयत्नशील रही आएको छ । इतिहास देखि आजसम्म प्रहरी त्याग, उत्सर्ग र समर्पण बोकेर देशको सेवामा कटिवद्ध छ । नेपाल प्रहरीले स्वदेशमा मात्र नभै विभिन्न विदेशी मुलुकहरुमा उत्पन्न भएका अस्थिरताहरुको बीचमा उभिएर महत्वपूर्ण कार्य गर्दै आएको छ । हामीले यस वर्षको अंकमा वर्षभरिका स्वदेश र विदेश-स्थित प्रहरी गतिविधि, सेवा, वलिदान, र संगठनको समष्टिगत अनुभव र अनुभूतिहरुलाई शव्द र चित्रहरुमा अभिव्यक्त गर्ने जमर्को गरेका छौ । श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४७ औं शुभ-जन्मोत्सवको पुनीत अवसरमा प्रकाशित हुन लागेको प्रहरी दर्पण मार्फत हामी मौसुफमा सुस्वास्थ्य दीर्घायु, एवं अटल सौभाग्यको मंगलमय शुभ-कामना चढाउँछौं ।

यस प्रकाशनलाई अझ बढी समृद्ध बनाउन हामी हाम्रा पाठकवर्गहरुबाट सुझाव र मार्ग-निर्देशनको अपेक्षा राख्दै प्रकाशन कार्यमा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक आभार प्रकट गर्दछौं ।

# Editorial

Shouldering the great responsibility of maintaining internal law and order in the country, Nepal Police is confronting more challenges than ever before. The organization has been adapting to political changes, national vicissitudes, and has made every effort to secure safety and security for the citizens and protect their rights with its limited resources. Nepal Police has been dedicated to the cause of service from the very beginning and has been proud of its sacrifices and commitment to duty. Away from the Nepalese borders, the organization's personnel are engaged in several countries at the call of the United Nations to render services to the citizens of the world. In this edition of *Police Mirror*, we have made an effort to depict, through words and pictures, the activities of Nepal Police in the national and international fronts, the experiences gained while providing service, and the organization's dedicated efforts through the past year. And on the auspicious occasion of Her Majesty the Queen's 47th happy birthday, we would like to wish Her Majesty good health, happiness, and long life.

In conclusion, we would like to express gratitude to all who have contributed, directly or indirectly, in the successful publication of this edition of *Police Mirror* and we always look forward to receiving the suggestions and guidelines from our valued readers.

# विषय-सूची








विकासको रूप-रेखा १४

नेपाल प्रहरीमा संचार विकास-क्रम २०

पवित्र उद्देश्यको लागि समर्पित ३२

प्रशिक्षण सीप विकास ३६

खेलकूद र पर्वतारोहण ४२

प्रहरी कल्याण ४४

ट्राफिक प्रहरी ५०

बढ्दो सवारी साधन र ५४

वातावरण प्रदूषण

शुभ-जन्मोत्सव ५९

वीटिङ द स्ट्रीट कार्यक्रम ६२

प्रहरी सूचना प्रवाह ६५

जनचेतना कार्यक्रम ६९

उत्कृष्ट सामाजिक सेवा ७२

मानव अधिकार संरक्षणका पाइलाहरु ७५

प्रजातान्त्रिक परिवेश भित्रको नेपाल प्रहरी ७७

चिर प्रतीक्षित आवश्यकताको परिपूर्ति ८१

प्रहरी परिवार महिला संघ गतिविधि ८२

नेपालमा अपराधको स्थिति ८८

किंग्स व्याटन ९६

सचित्र समाचार ९९

संस्मरण १०९

नेपाल प्रहरीको विगत एक वर्ष १११

## CONTENTS


19 Blueprint for Progress

31 Police Communication

35 At the Call of Duty

37 The Matter of Skills

43 Sports and Mountaineering

48 Police Welfare

53 Implementing Traffic Rules

56 Cleaning the Air

61 His Majesty's Birthday

64 Beating the Retreat

66 Getting Informed

71 Creating Awareness

73 Dedicated to Service

75 Preserving Human Rights

78 Upholding Democracy

81 Assuring Public Safety

84 Women's Association

92 The Study of Crime

96 The King's Baton

99 Photo News

109 Memoirs

111 Calendar of Events








# विकासको रूपरेखा

"*अपराध नियन्त्रण र अपराध अनुसन्धान गरी देशमा शान्ति सुव्यवस्था कायम राख्नू*" प्रहरी ऐन २०१२ प्रस्तावना' लाई मूर्तरुप दिन नेपाल प्रहरीले निम्न मान्यतालाई अगाल्नेछ :

## मान्यताहरु

१. संविधानको मर्म अनुरुप, राजतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट देशको सर्वागिंण विकासको लागि आवश्यक पूर्वाधार शान्तिपूर्ण व्यवस्थाको संबर्द्धन गरी प्रजातन्त्रको प्रबर्द्धनमा कटिबद्ध रहने।

२. मुलुकको संबिधानद्वारा प्रदत्त मौलिक हक अधिकारको प्रत्येक नागरिकहरुले निर्वाध रूपमा उपभोग गर्न सक्ने वातावरण सिर्जनाको लागि सदैव समर्पित रहने ।

३. प्रत्येक नागरिकको जीऊ र धनको सुरक्षाको अनुभूति गराउने र कुनै भेदभाव विना कानून कार्यान्वयन गराउने ।

४. अपराध नियन्त्रणको विविध माध्यमहरुबाट अपराध विरुद्धको युद्धमा पूर्ण रूपमा समर्पित रहने र कानून विपरीत कार्य गर्नेहरुप्रति कडा कदम चाल्ने ।

५. समाजको प्रत्येक वर्गको चाहना अनुरुप आफ्नो कार्य-सम्पादनमा सर्वोत्कृष्टता तथा अखण्डतालाई प्रथम प्राथमिकता दिई गर्ने ।

६. मानव मूल्य र मान्यतालाई सर्वोपरि राखी प्रत्येक व्यक्तिको प्रतिष्ठाको सम्मान गर्ने, सेवा पूर्ण सौहार्द्रता तथा पूर्ण सम्मान प्रदान गर्ने ।

७. प्रहरी सेवामा नेपाली समाजका प्रत्येक नेपाली नागरिकहरुको समानान्तर प्रतिनिधित्वलाई पूर्ण रूपमा ध्यान दिइने ।

*उपरोक्त मान्यताहरुको आधारमा नेपाल प्रहरीले समग्र राष्ट्रको सर्वाङ्गिण विकासको लागि शान्ति एवं सुव्यवस्था प्रमुख आधार हो भन्ने यथार्थप्रति सचेत रही राष्ट्रको भौतिक सम्पन्नता, आत्मनिर्भरताका लागि मात्र नभएर राजनैतिक स्थायित्व, आर्थिक विकास एवं सामाजिक उत्थान र विकासको नौलो परिभाषाको प्राप्तिको लागि मुलुकमा समग्र शान्ति-सुव्यवस्था प्रतिको भूमिकालाई व्यापक प्रगतिशील र सामाजिक आकांक्षा अनुरुप सुदृढ र व्यावसायिक दक्षतायुक्त प्रहरीसेवा विकसित गर्दै लैजाने दिशामा मैले आफ्नो सांगठनिक नेतृत्वलाई परिलक्षित गरेको छु।* विगत वर्षहरुदेखि नै यस दिशामा परिलक्षित नीति तथा कार्यक्रमहरुको फलस्वरुप नेपाल प्रहरीले हासिल गरेका उपलव्धीहरु उल्लेखनीय ठान्दछु । नेपाल प्रहरीको यावत् विधामा गरिएका संस्थागत विकास, सुधार तथा सुदृढीकरणको प्रयासलाई प्रहरी सक्षमतामा भएको अभिबृद्धि र प्रहरी सेवाप्रति सामाजिक दृष्टिकोणमा आएको सकारात्मक परिवर्तन मूल्यांकनको एक आधार मान्न सकिन्छ।

*नेपाल प्रहरीले सामना गरिरहेका कठिनाइहरुको सन्दर्भमा मैले २०५० सालमा तीन पक्षहरुको बारेमा उल्लेख गरेको थिएँ।*

१. शान्ति-सुव्यवस्था बनाई राख्न र तत्काल र प्रभावकारी प्रहरी सेवा उपलब्ध गराउन भौतिक कठिनाइहरु ।

२. बदलिएको सामाजिक सन्दर्भमा अनुपयुक्त प्रहरीको अवधारणाप्रति प्रतिक्र्यात्मक कार्यशैली र अप्रभावकारी जनशक्ति व्यवस्थापन ।

३. प्रहरीप्रतिको नकारात्मक जनधारणा ।

समष्टिगत रूपमा हालसम्मको उपलव्धीलाई सिंहावलोकन गर्ने हो भने विभिन्न पक्षहरुमा निम्न अनुसारको उपलव्धी हामीले हासिल गरेका छौं भन्न अत्युक्ति नहोला ।

## संगठनात्मक सुदृढीकरण

मैले प्रहरी महानिरीक्षकको कार्यभार सम्हाले पश्चात् दुइ/दुई वर्षको निश्चित कार्य योजना बनाई संगठन सुधारको कार्यलाई अगाडि सारेको थिएँ र प्राथमिकताको आधारमा सक्षम प्रहरी संगठनको संरचनालाई विकास गर्न नेपाल प्रहरी भित्र आवश्यक अंगहरुको गठनप्रति जोडदिदै आएको छु । "*अपराध अनुसन्धान समूह*" को गठन तथा *अपराध नियन्त्रण र अनुसन्धान* तथा *प्रतिरोध* क्षमतामा अभिबृद्धि गर्न संगठन भित्र नयाँ संकायहरुको गठन गरिएको छ ।



प्रहरी संगठन व्यापक र विस्तृत संगठन हो। आज नेपाल प्रहरी संगठन ३७७८३ जना कार्यरत रहेको एउटा विशाल जनशक्तियुक्त संगठनको रूपमा स्थापित भैसकेको छ । नागरिकहरुको सुरक्षा प्रतिको विश्वसनीयतालाई सबल बनाउन ग्रामीणस्तरसम्म रहेका प्रहरी इकाई र चौकीहरुको सख्यामा बृद्धि गरिएको छ। यसरी बृहद संगठनको रूपमा विकास भैरहेको यो संगठनको समग्र उच्चतम् कार्य-सम्पादन तर्फ ध्यान दिई व्यवस्थापन नीतिहरुलाई विकास तथा विस्तार गराउने कार्य पहिलो प्राथमिकता भएको छ।

१. प्रहरी सेवामा व्यावसायिकता अभिबृद्धि नेपाल प्रहरीको प्राथमिकता प्राप्त विषय हो । यसको विकासका लागि सेवा समूहीकरण र विशिष्ट तालीम कार्यक्रम र भौतिक साधन तथा प्रविधिमा आधारित कार्य-प्रणाली तथा दक्ष जनशक्तिको विकासका कार्यक्रमहरु अवलम्बन गरिएका छन्।

२. प्रहरी व्यवस्थापनलाई उद्देश्यमूलक व्यवस्थापनको रूपमा विकास गर्न सक्षम व्यवस्थापनका लागि वरिष्ठ प्रहरी अधिकृत तहमा व्यवस्थापकीय दक्षताको विकास गर्न तदनुरूपका मानव-श्रोत विकास कार्यक्रमहरु अवलम्बन भै आएका छन् । मानव श्रोत विकास कार्यक्रममा बेलायती सरकारको सहयोग कार्यक्रमबाट यस क्षेत्रमा ठोस सहयोग पुगेको विश्वास लिएका छौं।

आन्तरिक व्यवस्थापनलाई सामयिक सुधार तथा उपयुक्त व्यवस्थापकीय शैलीको अवलम्बनमा उदार दृष्टिकोण राखी संगठनको वार्षिक लक्ष्य र लक्ष्य प्राप्तिको लागि रणनीति तय गर्ने र तदनरूपनै कार्य सचालन गर्ने प्रक्रियाले संगठनको विकास गतिलाई सही दिशा प्रदान गरेको छ । कार्यरत् प्रहरी कर्मचारीको *"वृत्ति विकास योजना"* को पुनरावलोकन गरी संगठनका सदस्यहरुमा आफ्नो सेवाप्रतिको समर्पणमा नयाँ र थप उत्साहको वातावरण अभिबृद्धि भएको छ।

३. अपराध व्यवस्थापनलाई सुदृढ पार्न अभिलेख प्रणाली, अभिलेखको उपयोग प्रणाली र *अपराध व्यवस्थापनमा कम्प्यूटर प्रणाली अपनाई केन्द्रीय सूचना केन्द्रबाट सूचना प्रवाह गरिने कार्यमा हाल कार्यरत् रहेका छौं* । साथै अपराध अनुसन्धान र नियन्त्रण कार्यमा अपराध सूचनाको 'महत्वलाई हृदयंगम् गरी सूचना संकलन र त्यसको सही मूल्यांकनको लागि विशेष दक्षता अभिबृद्धितर्फ पनि विशेष ध्यान दिइएको छ । सूचना संकलनमा हुनसक्ने गलत पक्षलाई दृष्टिगत गरी आवश्यक सुपरीवेक्षण नीतिको सही पालनातर्फ कर्मचारीको लगावलाई बढी ध्यान दिइने प्रवृत्ति विकास गरिएको छ।

४. प्रहरी विशिष्टीकरणको सन्दर्भमा आजको प्रजातान्त्रिक परिवेशमा निर्वाध रूपले आफ्नो धारणा प्रकट गर्न पाउने सवैधानिक अधिकारको प्रयोजनमा यदाकदा हुन सक्ने अनियन्त्रित क्रियाकलापलाई प्रतिकार गर्न र समाजमा शान्ति सुव्यवस्थालाई अक्षुण्ण राख्न उचित तालीमप्राप्त र यथोचित असवाव तथा कम क्षति पुऱ्याउने प्रभावकारी आधुनिक श्रोत-साधनयुक्त प्रहरी इकाईको आवश्यकता परिपूर्ति गर्न दंगा नियन्त्रण गणको स्थापना गरिएको छ।

*प्रहरी कारवाहीको यथोचित योजना र उचित तालीम तथा मनोबलको कारण विगतमाजस्तो बढी जीऊ-धनको क्षति हुने स्थितिलाई हामीले पूर्णतः कम गर्दै लगेका छौं* । अहिलेको परिवेशमा निरन्तर भइरहेको जुलूस र नेपाल बन्द जस्ता बिरोधको कार्यक्रमहरु हिंसक भई तोडफोड र आगजनीको घटनाहरु हुँदा नियन्त्रणमा लिन अपनाइएका नयाँ कार्य शैलीले सांघातिक क्षतिहरु धेरै कम भएको छ।

*५. प्रहरीप्रतिको समाजको अवधारणामा विगत वर्षहरुदेखि सकारात्मक परिवर्तन आएको छ । प्रहरी "बल" को रुपमा नभएर "सेवा" को रूपमा स्थापित गर्न उठाइएका विविध प्रयासको फलस्वरुप यो उपलब्धि हासिल हुन सकेको हो* । समुदायमा आधारित प्रहरी कार्य-व्यवस्था नागरिक हक-अधिकारको संरक्षणमा प्रहरीको उत्तरदायी भूमिकाका लागि भएका प्रयासहरुको फलस्वरूप यो परिवर्तनलाई डोऱ्याउन सकिएको हो भन्ने कुरामा म विश्वस्त छु।

संविधान प्रदत्त नागरिक हक-अधिकारको संरक्षण र मानवीय प्रतिष्ठाप्रति नेपाल प्रहरीको प्रतिवद्धताले प्रजातान्त्रिक प्रहरीको अवधारणालाई सुदृढ गराएको छ। प्रजातान्त्रिक समाजको विकास र स्थायित्व परिवर्तनजनित कुसंस्कारहरुको निराकरण र खुला समाजका प्रहरीको दायित्वलाई महशुश गरेर नेपाल प्रहरीले कार्यशैलीमा अख्तियार गरेको *"दृढ तर निश्पक्ष"* शैलीले प्रजातान्त्रिक मान्यता अनुरूपको प्रहरी शैलीको सुदृढीकरण गरेको छ भन्न सान्दर्भिक ठानेको छु।

प्रहरीबाट अधिकार दुरुपयोग भई नागरिक मौलिक-हक र मानवीय प्रतिष्ठामा खलल पुग्ने अवस्थालाई दृष्टिगत गरी प्रहरी संगठन भित्रैबाट त्यस्तो दुरुपयोगलाई निग्रानी राख्न *"प्रहरी अधिकार दुरुपयोग अनुगमन सेल"* केन्द्र तथा क्षेत्र स्तरमा गठन गरिएको छ। यस सेलले प्रहरी कर्मचारीबाट हुन सक्ने ज्यादतिको संभावनालाई watch dogको रूपमा हेर्नेछ। साथै प्रहरीप्रति पूर्वाग्रही दृष्टिकोण र अतिरञ्जित आरोपहरुबाट तथ्यगत आधारमा









*अगिल्लो पानामा : प्रहरी महानिरीक्षक मोतीलाल बोहरा प्रहरी चौकी भवन स्याउले डडेलधुराको उद्घाटन गर्नु हुँदै*

*Facing page: Inspector General of Police Motilal Bohara inaugurating a police post*

प्रहरीलाई उन्मुक्ति गर्न सकिनेछ ।

नागरिकहरुको सु-सूचित हुने अधिकारलाई प्रबर्द्धन गर्ने उद्देश्यले प्रहरी कार्य-व्यवस्थाका विविध पक्षहरुलाई सार्वजनिक जानकारी गराउन आम-सूचना प्रवाह प्रणाली अन्तर्गत केन्द्रीय प्रहरी समाचार कक्ष र क्षेत्रीय समाचार कक्षहरुको संचालन गर्नुका साथै *प्रहरी पत्रकार भेटघाट* कार्यक्रमको शुरुवात गरिएको छ । राज्यको आँखाको रूपमा रहेको प्रेसजगत र यसका सिद्धान्त तथा प्राविधिक पक्षहरुका बारेमा प्रहरी कर्मचारीलाई जानकारी प्रदान गर्न प्रेस-सम्पर्क अनुशिक्षण कार्यक्रम चलाइएको छ ।

प्रहरीप्रतिको सामाजिक अवधारणालाई दृष्टिगत गरेर प्रहरी आचरण र व्यवहार पक्षमा विशेष ध्यान दिइएको छ । प्रदर्शित गरेका आचार संहिता बिरुद्धका आचरण तथा व्यवहारप्रति कानूनतः कडा दृष्टिकोण अवलम्बन गरिएको छ र प्रहरी आचरण-व्यवहारको अखण्डतालाई निरन्तर अनुगमन गरिएको छ । *वस्तुगत रूपमा हेर्दा प्रहरीको क्रियाकलापको सन्दर्भमा पीडित व्यक्तिले सामयिक र उचित कानूनी उपचार पाउन नसक्दा झन पीडित हुने र फौजदारी न्याय प्रणालीमा विद्यमान कमीहरुको कारणले यदाकदा प्रहरी गैर जिम्मेवारी र फाइदामूलक प्रवृत्तिले पीडितलाई नै थप मर्का पर्न जाँदा भ्रष्टाचार परिधि बढ्ने गरेको तथ्यलाई ध्यानमा राखी संगठनका सदस्यहरुको अखण्डतालाई स्वच्छ र सही राख्न विविध उपचार विधिहरु अपनाएका छौं ।*

६. मानव श्रोत विकास कार्यक्रम : संगठनको सक्षमताको प्रमुख आधार मानव श्रोत भएकोले नेपाल प्रहरी मानव श्रोत विकास कार्यक्रमलाई विशेष महत्व प्रदान गरी *"प्राथमिकताको विषय"* को रूपमा अवलम्बन गरिएको छ र सो अनुरूप विभिन्न विधागत दक्षताको लागि विविध विधाका प्रशिक्षणहरु संचालन भैरहेका छन् । तद्गत व्यावसायिक सीपका लागि संचालित तालीमहरु र सामाजिक सन्दर्भ र सामन्जस्य राख्ने प्रशिक्षण कार्यक्रमहरुको संचालनमा निरन्तरता अभिवृद्धि गरिएको छ । *यसै क्रममा २०१२ सालदेखि हालसम्म नेपाल प्रहरीको कूल १८७ जना विदेशमा तालीम प्राप्त जनशक्ति मध्ये ११.२४%ले विगत २ वर्ष भित्र विदेशमा गई विकसित प्रविधि तथा प्रहरी शैलीको अनुभव बटुलेका छन् ।* मैले यस दर्पणको पहिलो प्रकाशनमा स्वदेशमा तथा विदेशमा तालीमको अवसरलाई अभिवृद्धि गर्ने दृढता व्यक्त गरेको थिए र अझै यस्ता अवसरहरुलाई मैले सुदृढ गर्ने प्रयास जारी नै राखेको छु । यसमा मित्रराष्ट्र भारत, जापान, क्यानाडा र संयुक्त राज्य अमेरिका आदिले नेपाल प्रहरीको मानव श्रोत विकासमा देखाएको अभिरुचि उल्लेखनीय छ ।

तालीमको आवश्यकता र उपादेयताको आधारमा तालीम प्रणाली तथा तालीम अवधिहरु पूनरावलोकन गरिने छन् र उचित अवधिका *"क्याप्सुल कोर्ष"* हरुको अवधारणालाई अवलम्बन गर्न सम्बन्धित विभाग क्रियाशील रहेको छ ।

पुलिसीङको वर्तमान अवस्था, क्षेत्र र सामाजिक दायित्व तथा समसामयिक प्रहरी संवद्ध मूलभूत मुद्दाहरुको सटिक विश्लेषण, सामूहिक दृष्टिकोण र रणनीति तय गर्न गोष्ठी, सेमिनार र कार्यशालाहरुको कार्यान्वयन पक्षमा विशेष ध्यान दिई विगतका दिनहरुमा विभिन्न पक्षमा समाजका विभिन्न वर्गसंग अन्तरक्रिया हुने अवसर गोष्ठीको माध्यमबाट गरिएको छ ।

७. प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रशासन विभाग र कार्य विभागका प्रमुखहरु क्रमशः प्रहरी *अतिरिक्त महानिरीक्षक अच्युत कृष्णखरेल र ध्रुव बहादुर प्रधानको* सहयोगमा समुच्च संगठनको कार्य योजना निर्धारण गर्न तथा यस क्रममा संगठनको लक्षित कार्य योजनाको कार्यान्वयन गर्न दुवै अधिकृतहरुको दक्ष, सक्षम तथा अति व्यावसायिक सक्रियताले संगठन नेतृत्वमा मलाई ठूलो सहयोग पु-याएको छ ।

८. विशेष सामाजिक दायित्व : बालबालिका तथा महिलाहरुको कानूनी अधिकारलाई संरक्षण गर्न नेपाल प्रहरीले विशेष सक्रियता अपनाएको छ । *"बालबालिका तथा महिला विरुद्ध अपराध"* विषयमा नेपाल प्रहरीद्वारा आयोजित गोष्ठीले पारित गरेका निर्णयहरुको कानूनी आधार निर्माण तथा कार्यान्वयनमा सचेत रहेको छु, महिला तथा बालबालिका सम्बन्धी अपराधको अनुसन्धानको लागि जिल्लास्तरमा cells गठन गर्न निर्देशन गरिएको छ ।

सामाजिक उत्थानका लागि विभिन्न क्षेत्रमा



कार्यरत गैर-सरकारी संगठनहरुसग नेपाल प्रहरीले अपनाई आएको सामाजिक दायित्वका लागि "संयुक्त प्रयास" कार्यनीति विशेष प्रकृतिका समस्याहरुमा अत्यन्तै लाभदायक रहेको छ । सामाजिक सजगताका लागि यस्ता कार्यक्रमहरुले प्रभावकारी भूमिका खेल्ने गरेका छन् ।

राष्ट्रको प्राचीन सम्पदाहरुको संरक्षण र सबर्द्धनको अभावमा यस्ता सम्पदाहरुको बिग्रदो अवस्थालाई मध्यनजर राखी र यसको संरक्षण र सबर्द्धनको दायित्वमा अभिबृद्धि गराउने उद्देश्यले नेपाल प्रहरी यस्तो सम्पदाको संरक्षण र जीर्णोद्धारको कार्यमा समेत समर्पित रहेको छ ।

यसै सन्दर्भमा वातावरण संरक्षण सबर्द्धनमा पनि नेपाल प्रहरी पूर्णरूपमा समर्पित छ । प्रत्येक वर्ष आफ्नै प्रहरी हातामा वृक्षरोपण गर्ने तथा विभिन्न खुल्ला स्थानमा वृक्षरोपण गरी वातावरणलाई कायम राख्ने कार्य समेत अभिन्न कार्यको रूपमा अगालेका छौं ।

९. अन्तर्राष्ट्रिय प्रतिवद्धता : अन्तर्राष्ट्रिय सुव्यवस्था कायम राख्ने राष्ट्रसंघीय प्रयत्नहरुमा नेपाल प्रहरीको प्रत्यक्ष योगदान रहिआएको छ । कम्बोडिया र मोजाम्बिकका राष्ट्रसंघीय सफल मिशनहरुमा नेपाल प्रहरीको संलग्नता र युगोस्लाभिया र हाइटी र ईराकमा संचालन भैरहेका राष्ट्रसंघीय मिशनहरुमा नेपाल प्रहरीको सक्षम सहभागिता रहेको छ र आगामी दिनहरुमा रुवाण्डा र वेष्ट सहाराका मिशनहरुमा पनि संलग्न रहने छ ।

राष्ट्रसंघीय मानव अधिकार केन्द्रको विश्वव्यापी मानव अधिकार स्तरलाई उठाउने र सुदृढ गर्ने प्रयास अन्तर्गत अन्तर्राष्ट्रिय मानव अधिकार प्रशिक्षणका लागि "विशेषज्ञ सेवा" उपलब्ध गराई आएको छ ।

राष्ट्रसंघीय युद्ध अपराध ट्रिब्यूनलका लागि समेत प्रथम पटक नेपाल प्रहरीका अनुसन्धान अधिकारीहरुले काम गरिरहेका छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रमा र विशेषतः मानव अधिकारको पक्षमा संचालित राष्ट्रसंघीय क्रियाकलापहरुमा संलग्नताको आधारमा नेपाल प्रहरी अन्तर्राष्ट्रिय प्रतिवद्धतामा राष्ट्रको सकारात्मक दृष्टिकोण परिचायकको रूपमा रहेको छ । साँघुरिँदै गएको विश्वको परिवेशलाई दृष्टिगत गरी अपराध र त्यसको प्रभाव समग्र विश्वकै समस्याको रूपमा बिस्तारित हुँदै गइरहेकोले अन्तर्राष्ट्रिय प्रहरीसंगको सम्पर्क र समन्वयको लागि विशेष जोड दिइएको छ । अन्तर्राष्ट्रिय सम्मेलन र गोष्ठी तथा सम्पर्कमा हाम्रो प्रतिनिधित्वलाई महत्वकासाथ सम्पर्क र सम्बन्ध बढाउने अवसरको रूपमा विशेष जोड दिइएको छ ।

१०. प्रहरी कल्याण : प्रहरी संगठनका सदस्यहरुको बृहत्तर हितका लागि संचालित प्रहरी कल्याण कार्यक्रमलाई आगामी वर्षहरुमा अझै विस्तार गरिने छ । कल्याण कोषको परिचालनबाट प्रहरी तथा प्रहरीका परिवारको स्वास्थ्य, शिक्षा, आवास र यातायात सुविधा तथा भैपरि आउने सहयोगको क्षेत्रमा व्यापक उपलब्धि हासिल भएका छन् । सेवा-निबृत्त प्रहरी कर्मचारीहरुको आर्थिकोपार्जनलाई मध्यनजर राखी आगामी वर्षमा पुनर्स्थापना स्कीमहरु अगाडि ल्याइने छन् । प्रहरी कल्याणको लागि स्थायी आर्थिक श्रोतका सपीङ कम्प्लेक्स र पेट्रोल पम्पहरुको निर्माण हाल विभिन्न ठाउमा गरी स्थानीय क्षेत्रमा कल्याण कार्यको लागि आत्म-निर्भर हुने अवस्था तर्फ अगाडि बढेका छौं ।

११. आवास क्षेत्रमा बिगत केही समय-यता भएको आत्मनिर्भरताको प्रयासप्रति म निकै सन्तुष्ट छु । आवश्यक पूर्वाधारहरुयुक्त सही योजनाबाट भवन निर्माणको कार्यलाई प्राथमिकता दिइएको छ र बिगत दुई आर्थिक वर्षमा बजेट निकाशाबाट ८८ वटा भवन निर्माण समाप्त भैसकेको र २७ वटा निर्माणाधीन रहेको र यस आर्थिक वर्षमा ४८ भवनहरु निर्माण गर्ने योजना रहेको छ । कल्याणकारी योजना अन्तर्गत ४ वटा निर्माण भैसकेको र ३ वटा निर्माणाधीन रहेको छ । यसको अतिरिक्त विभिन्न स्थानमा जनसहयोगबाट पनि निर्माण कार्यहरु भएका छन् र प्रहरीको आवासतर्फको आत्मनिर्भरताप्रति निकै सुदृढ व्यवस्था भैरहेको छ भन्न सकिन्छ । विविध बृहत्तर जनकल्याणकारी भावी योजनाका लागि विभिन्न स्थानहरुमा जग्गा समेत खरिद गरिएको छ ।

१२. प्रहरी विशेष क्रियाकलाप :

*प्रहरी स्मारक :* प्रहरीको दायित्व निर्वाहको क्रममा राष्ट्रको लागि प्राणोत्सर्ग गर्ने प्रातः स्मरणीय वीर प्रहरीहरुको संस्मरण र सम्मानमा निर्मित "प्रहरी स्मारक" को श्री ५ महाराजाधिराज सरकारको वाहुलीबाट सुसम्पन्न अनावरणले स्मारकको गरिमा र महत्वलाई सारयुक्त बनाएको छ । स्मारक सभार तथा वीरगति प्राप्त गर्ने प्रहरीका सन्ततिहरुको कल्याणको उद्देश्यमूलक कार्यमा प्रहरी स्मारक गुठी परिचालन गरिएको छ ।

*प्रहरी दिवस :* प्रहरीको उद्देश्य, दायित्व र सामाजिक सन्दर्भलाई उजागर गर्न विशेष दिनको आवश्यकतालाई दृष्टिगत गरी "प्रहरी दिवस" मनाउने परम्पराको थालनी यसै वर्षदेखि शुरु गर्न सकेकोमा मलाई खुशी लागेको छ । हरेक वर्ष असोज मसान्तको दिनलाई प्रहरी दिवसको रूपमा










*अगिल्लो पानामा : प्रहरी महानिरीक्षक मोतीलाल बोहरा*

*Facing page: Inspector General of Police Motilal Bohara*

विविध कार्यक्रमका साथ उद्देश्यमूलक आयोजनाका रूपमा मनाईने छ ।

१२. भावी लक्ष्यहरु : विगत अवधिका लागि निर्धारित गरिएका अल्पकालीन लक्ष्यहरु हासिल गर्न नेपाल प्रहरी सफल भएको छ । दीर्घकालीन लक्ष्यहरुतर्फको पूर्ण प्रयासहरूलाई निरन्तरता दिइएको छ र प्रहरी कार्य व्यवस्थाका नयाँ आयामहरु तर्फ नेपाल प्रहरीले आफ्ना आँखाहरु खुला राखेको छ । आगामी वर्षहरुमा *"अग्रगामी र व्यावसायिक रूपले उत्कृष्ट प्रहरी सेवा"* समाजलाई प्रदान गर्न सक्ने ढगले नेपाल प्रहरीको विकास-प्रयासहरु परिलक्षित गरिने छन् ।

प्रहरी प्रतिको सकारात्मक धारणालाई स्थायित्व प्रदान गर्न प्रहरीमा *"व्यावसायीक दक्षता"*को विकासलाई गुरुत्तर महत्व प्रदान गरिनेछ । आगामी वर्षहरुमा राष्ट्रिय तालीमहरुको स्तरीयता र उपयोगिता अभिबृद्धि गर्न तालीम प्रणालीको पुनरावलोकन गरिनेछ । अन्तर्राष्ट्रिय तालीमको थप अवसरहरु खोजी गरिनेछ भने प्रमुख प्रशिक्षण संस्था पुलिस एकेडेमीलाई भौतिक रूपले सवल र पूर्ण निकायको रूपमा विकास गरिनेछ । एकेडेमीको संगठनात्मक स्वरूपको औचित्य र उपयोगीतापूर्ण ढाँचाको लागि पुनरावलोकन गरिनेछ । अपराध अनुसन्धान समूहको विशिष्टीकरण पश्चात जनशक्तिलाई आवश्यक सीप विकास तथा अनुसन्धान प्रविधि बारे ज्ञान अध्यावधिक राख्ने तथा अन्वेषणात्मक कार्यको लागि एउटा अपराध अनुसन्धान स्कूलको स्थापनातर्फ आवश्यक कदम चालिएको छ ।

सामाजिक विकृतिको निराकरणको लागि आगामी वर्षमा प्रहरीले थप सामुदायिक कार्यक्रमको विस्तार गर्नेछ । समाजका वरिष्ठ नागरिकहरुसंगको परामर्शको कार्यक्रमलाई निरन्तरता दिइनेछ र स्थलगत स्तरका प्रहरी कार्यालयहरुबाट *"प्रहरीको साथी" कार्यक्रम चलाई निरोधात्मक प्रहरी शैलीलाई* सुदृढ पारिनेछ । सामुदायिक प्रहरी कार्यक्रमलाई स्थलगत तहका सबै विद्यमान प्रहरी इकाईहरुको क्रियाकलापमा आबद्ध गराई अगाडि बढाइनेछ । सामाजिक दायित्वको सन्दर्भमा *ताकाराजुका नेपाल मैत्री समाजबाट* उपलब्ध दमकल काठमाडौं उपत्यकामा अग्नी-नियन्त्रणको कार्यमा लगाइएको छ । निकट भविष्यमा उपलब्ध हुने पाँचवटा एम्बुलेन्स अधिराज्यको पाँचैवटा क्षेत्रमा आकस्मिक उपचार सेवाको लागि सलग्न गराउने लक्ष्य राखिएको छ ।

प्रहरी सेवाको प्रकृतिलाई दृष्टिगत गरी विविध कल्याणकारी योजनाहरुलाई स्थायित्व दिन र नयाँ अवसरहरुलाई पहिचान गरी समग्रमा सामूहिक कल्याणको धारणालाई मूर्त-रूप दिन प्रतिबद्ध छौं । सेवामा हुँदा र सेवा-निवृत्त भैसकेपश्चात् र प्रहरी परिवारको लागि संगठनले पुर्‍याउनु पर्ने कल्याणका कार्यहरुलाई अझै विस्तृत गरिने लक्ष्य राखिएको छ ।

सेवा-निवृत्त प्रहरी जनशक्तिले पनि भूतपूर्व प्रहरी सघ मार्फत आफ्नो सीप र अनुभवलाई समाजको सेवामा विभिन्न रूपमा समाहित गराउने कार्यक्रमहरु अगाडि बढाएका छन् । वर्तमान र निवर्तमन प्रहरी बीच आपसी समन्वय र सम्पर्कबाट सेवाको विकासलाई सुनिश्चित गर्दछ भन्ने मेरो धारणा रहेको छ र आगामी दिनहरुमा यस्ता अन्तरसम्बन्धका पक्षहरुलाई विशेष गति दिन हामी कटिबद्ध छौं ।

*विशाल संगठन "नेपाल प्रहरी" जनताप्रति उत्तरदायी सेवाको रूपमा स्थापित हुँदै गरेको यो पृष्ठभूमिमा सबैबाट प्राप्त हुने सकारात्मक सहयोग र दृष्टिकोणले हाम्रो "उत्कृष्ट प्रहरी सेवा" को दूर-लक्ष्यलाई प्राप्त गर्न सघाउ पुर्‍याउने छ ।*

प्रहरी संगठन निश्चय पनि गतिशील छ । समाजको बदलिदो परिवेश जसले प्रहरी सेवाको परिमाण, प्रकार, शैली र आवश्यकताहरुलाई परिलक्षित गरेर संगठनको भावी स्वरूप निर्माण हुन्छ । आजको बदलिदो परिवेशमा नेपाल प्रहरी संगठन आफ्नो स्थापनाकालको प्रस्तावना, मान्यता र परम्परामा अडिग रही यो द्रुततर गतिमा बढ्दै आएको हाँकहरुसग निश्चय पनि प्रतिस्पर्धा गर्न कठिन हुँदै जानेछ भन्ने यथार्थलाई दृष्टिगत *गरी संगठनको सुनौलो भविष्यको लागि आधारभूत विकासको रूपरेखा कोर्ने प्रयासको रुपमा मेरा क्रियाकलाप अगाडि राखेको छु ।*



# Blueprint for Progress









**Nepal Police will embrace the following minimum values to "Prevent and investigate crime and maintain peace and order in the country,"** the preamble set up in Police Act 2021.

**Our values**

1. According to the aspirations of the constitution, be fully dedicated in fostering the foundation of a peaceful parliamentary system of democracy and full-fledged development of the nation.
2. Create an atmosphere where all the rights granted by the kingdom's constitution to the citizens can be exercised without any question.
3. Create an atmosphere in which each citizen is confident regarding the security of his/her wealth and personal safety. And without any bias fulfil all duties.
4. While utilizing the various methods of crime control, be fully dedicated, constantly vigilant, and prepared to bravely fight in the war against crime. Take strong action against those who break the law.
5. As per the aspirations of each lawful section of the society, hold excellence and integrity as the foremost ideals while fulfilling each duty.
6. Hold human value all important, respect each individual's dignity, and provide services cordially and with complete courtesy.
7. Build towards a police organization in which every section of the Nepalese society is represented.

Revering the above-mentioned values, being totally aware of the difficulties that an all-sectoral national development effort would face without peace and order, knowing the allegiance that the **police service owes to the establishment of a firm base for national prosperity, self-dependence, political stability, and economic improvement,** I envision a revigorated, revitalized police organization as per the longings of the society. I encourage professionalism and accountability and have predetermined the paths to follow while I am the organizational leader of Nepal Police.

Predetermined policies and plans formulated and executed by Nepal Police have allowed this institution to accomplish significant tasks for the motherland in the past few years. I am positive that organizational advancement, progress, and improvement of professionalism, and positive public image of the organization have been the fruits of these plans.

Regarding the challenges being faced by Nepal Police, I commented in 1993 that these were the three-fold problems:

a) Logistical and physical difficulties in providing police service efficiently and effectively in areas where law and order need to be maintained.
b) Negative image of the police service in the newly changed society, very reactionary working style of its departments, and ineffective management of manpower.
c) Negative attitude of the public towards police service.

After taking over the responsibilities of the Inspector General of Police, I devised definite two-year work plans and gave primary importance to the formation of necessary bodies that are vitally needed to run an able police organization.

New working departments like the **Crime Investigation units** were established to control crime, conduct investigations and implement effective action regarding crime.

The police organization is a wildly spread and highly complex institution. Today, this organization has a total work force of 37,783 persons. To strengthen the feeling of security among Nepalese citizens, police units and stations have been increased at the grass roots level. In this way, a diverse infrastructure is being created

to perform with best efficiency and to encompass and extend the management policy.

If we are to relate the collective achievements of different faculties of Nepal Police, it would not be an overstatement to say that we have accomplished the following:

1. Advancement of professionalism has received primary priority. For this betterment, service diversification, specialized training programs, formation of suitable work plans appropriate to existing support technology, and growth of expert manpower are to be ameliorated.

2. For a result-oriented administration senior administrators are involved in more advance management trainings. The modification of administration and organization thereby embraces activities that promote human resources and is given extreme priority. In the human resource development sector, the assistance and concrete contributions of the United Kingdom has helped Nepal Police to attain its goals more professionally. By modifying the internal administration, putting to work appropriate methods, broadening the horizons of the organization's yearly goals, preparing a methodology for attainment of objectives, and timely implementation of plans has given further clarification as to the direction in which Nepal Police is heading and increase the pace of the organization's development. **Career Planning for the working staff** and review of their contributions and devotion to duty has resulted in added encouragement, extra inspiration, and a high morale.

3. In order to implement proper **crime management systems, documentation processes, record keeping techniques, use computer facilities,** and regular crime bulletin transmission through the central office have been intensified. Also, considering the vital role of information in police investigations and other crime control strategies proper emphasis is given for information collection, evaluation and regular dissemination. The proper personnel are given **appropriate trainings on this field.** With due consideration to immoral acts that may be perpetuated while collecting data, a supervision policy and proper implementation of staff control techniques are being taken.

4. In the present context of democratic Nepal, the national constitution has granted each citizen the right to freely express his/her opinions and beliefs. While exercising these rights, sometimes uncontrollable and damaging activities that undermine social law and order, disruption of peace and security may take place. To minimize such possibilities of damage, a properly trained, adequately and appropriately equipped Riot Control unit is established in central and eastern region and effective measures to establish in other regions is on the way.

Situation suitable strategies, proper training, and high police morale have insured that the damage to public life and property is minimized.

As per the present day situation in which political rallies are regular and protest programs such as Nepal Bandh turn violent and lead to incidents that destroy public and private property through vandalism and fire, **the use of soft weapons, like rubber bullets and dying cartridges have drastically reduced the casualties significantly.**

5. **The social attitude towards the police has also gradually been changing for the better in the past few years.** Dedicated efforts by Nepal Police to transform the public concept of "police force" into "police service" has begun to bear fruit and the organization's attempts towards



fostering each individual's understanding of Nepal Police can be given credit for this change in perception. Reaching out to public feelings and policing for every citizen's rights are fundamental to us and I am confident that this role can be more effectively performed if Nepal Police receives the full cooperation of the Nepalese people. Devoted to safeguarding human rights as stated by the national constitution and preserving the dignity of all citizens, Nepal Police has exemplified the concept of a **democratic law and enforcement body.** Curtailing and negating the negative trends evolving from a changing society, we have adopted "fair but firm" ethos in police work-procedure and, as per the consensus of the people.

Occasions have come when through corrupt disregard of service and disapprobation and misuse of police position and influence, citizen's rights and dignity have been disturbed. A strict monitoring mechanism must be put into action to guarantee that such activities, under any circumstances, are not carried out. **Police Authority Abuse Monitoring Cells** have been formed to energetically act at the central and regional levels as watch dogs to prevent the possibilities of such police misuse of authority. Those that are found to be partaking in such misdeeds are metted out with strong measures so they are legally punished and it helps clarify the ill or misinformed issues as well.

As per the constitution of Nepal people have the right to know and be informed of events that transpire to influence their lives and property. In order to promote and preserve these rights and provide where-ever practicable whatever information as appropriate in matters relating to policing activities and pre-determined plans, a press resource strategum has been setup. Through the opportunities inlaid therein, the citizens of this nation may obtain and know information. **A newsroom has been established in each regional office and a "face the press"** question-answer session has been initiated to promote the accountability. The communication mediums, press world, its theories, and other technical know-how is provided to police staff and clear lessons are given to members of the staff who come in regular contact with the press so that unbiased, unambiguous, and honest information may be transmitted.

Considering thoughtfully the attitude of the public and the society on the whole towards the police, extra detail and attention is provided to ensure at all times the good and appropriate behaviour of the police personnel so that the **organization's beliefs in service are glorified.** In situations that result in a staff member's behaviour exceeding and surpassing the limits of decency, respect for the dignity, and safety of others, and ranging to offensiveness and leading to the harm of individual morality and promotion of goodwill and destruction of police image, strong measures be taken legally to discourage, such persons. Our belief that Police behaviour and attitude are to be unfailingly dedicated to service and the honour of others rights is firm.

**The lack of proper redressal to the victims of crimes at crucial moments tend to intensify suffering even more.** Due to certain lapses and constrains in the criminal justic system, sometimes policemen capitalize these facts for personal benifits and intensify the victim's anguish and atrocities that he/she has already suffered. Taking such unpleasant but factual incidents in mind, we have adopted **discouraging means and methods** to preserve integrity within the organization and to control the damage of organizational image.

6. **Human Resource Development Program.** The base of an institution's abilities and prowess are the valuable human beings that work within its framework. Because of this, human resource development has been regarded as a primary concern. Sectoral professional skills are promoted, cohesion of social significance and policing methods are encouraged, and a fine blending of excellent morality and skills are eternally sought after. In this process, out of a **total number of 187 Nepalese police receiving trainings abroad**









*अगिल्लो पानामा : वृक्षारोपणमा संलग्न प्रहरी*

*Facing page: Police personnel involved in reforestation activities*

**since 1955, 19.25% of these developed their skills** and gained wide-ranging experience within the past two years.

In an earlier issue of *Police Mirror*, I had stated my determination to create schooling and professional improvement opportunities for police personnel and to promote avenues for more domestic and global learning opportunities. My priority is still there attempting sincerely to increase and diversify such possibilities. Friendly nations India, Japan, Canada, the United States of America, and others have shown keen concern in the enhancement process of the Nepal Police human resources development.

In view of the training need and its priority at hand training allocation and time-length, capsule courses philosophy has been intricately woven into the apprenticeship process and all related centres have been assimilalated in training calendars.

The prevalent social state, areas, obligations, as well as relevant police issues are rigorously studied to the last detail and the collective opinion through meetings and seminars are sought to gather relevant promotional knowledge for the organization. The resolutions passed by such discussion bodies have been utilized in shaping the strategies in future. Open discussions have provided Nepal Police an opportunity to interact with the society's intellectual and educational figures and garnish professional enhancement views.

7. The active support of heads of **Administration and Operation departments, Additional Inspector Generals of Police Achyut Krishna Kharel and Druba Bahadur Pradhan** respectively, in forming gameplans for the creation of the highest ability organization and their help in determining working policies have encouraged me immensely in putting to action predetermined plans and **their able, skilled, and highly professional interactions have provided great assistance** to me in fulfilling the tasks of an institutional head.

8. **Special Social Obligations.** Detailed attention and utmost importance to assure the protection of women and children's rights as dictated by the national constitution of democratic Nepal is given high priority. **Crime Against Women and Children entitled** seminar was organized to discuss and study our future approaches and limitations. Nepal Police as an institution, is utterly vigilant in turning to action the laws enacted by the legislation on the protection of women and children. **Women Police Cell** has been formed at the central and district levels to investigate into crimes relating to women and juvenile issues and protect their vulnerability.

Joint ventures with non-governmental organizations in the course of awareness programmes have proven to be extremely successful. Such ventures have played an influential role in community awareness and development processes against social problems.

Preservation and protection of ancient national heritage is lacking in many city and village areas of the country. Centuries old valuable and irreplacable stone reliefs, metal-craft, and woodwork is being destroyed or stolen each year. Nepal Police is also involved in the **conservation of Nepalese culture** and values of great importance. The institution has renovated emblems of the kingdom's cultural honour destroyed from the ravishes of time, natural disasters, and manmade dangers left uncared.

Also a related issue is that of environmental conservation and flatland ecosystems that benevolent nature has presented to the kingdom. With some of the most endangered species, beautiful landscapes, and the



high Himalayas of the planet residing in this country, Nepal Police has been **preserving the ecosystem by tree plantation activities** within police complexes throughout the country and in many open areas regularly.

9. **International Commitment.** Nepal Police is not only serving citizens of Nepal, but it has also been involved whole-heartedly in international arenas trying to preserve the world order. Nepal Police has given major contributions to United Nation's effort worldwide to maintain peace and order. The successful **UN missions in Cambodia and Mozambique** involved Nepal Police and continued efforts in former Yugoslavia and Haiti have the representation of the able and brave personnel of this institution. In the future, Nepal Police will be involved in peace-keeping missions to **Rwanda and West Sahara in coming days.** United Nation's Human Rights Centre's efforts to promote worldwide respect for the dignity and undeniable rights of a fellow mankind has, accordingly, received Expert Service from Nepal Police. UN War Crime Tribunal, is also, for the first time in its history, using Nepalese police investigators and working teams.

In the global scenario, especially in the **human rights sector of UN** sponsored activities, Nepal Police is regularly a portion of the peace maintaining structure and this signifies the pure and positive image that this Himalayan kingdom has worldwide. In the ongoing improvement process throughout the world, there have been repercussions and difficulties due to the spread of crime and these are posing a threat to the well-being of all nations. These are the reasons why international police connection, network, and understanding are being given extra focus as per the requirements of the age. Meetings, seminars, and connecting opportunities at international venues are given appropriate attention and representation by Nepal Police, and the plan of action that patronizes relationship cohesion is promoted.

10. **Police Welfare.** For the multi-pronged benefits of the police organization staff, welfare programs have been operated and these will be, in the recent future, diversified and intensified. Welfare Fund is being operated at this time for the police and their families' health care, educational support, residencies, transportation facilities, and disaster relief and positive changes in these fields have been many. The welfare program has been created for the sake of a motivated workforce that concentrates on its duties and promotes the safety of each citizen. Its commitment is to support **staff income and conduct re-establishment schemes** that will lead to the confidence of a secure future and family care of police personnel and further promote high morale, integrity, and honesty among them. To attain these ends, permanent sources of income are required and shopping complexes and petrol pumps have been constructed in the different regions of the kingdom as income generating avenues.

11. I am very satisfied by the self-dependence of Nepal Police in the building physical infrastructure for its personnel. Required infrastructure and physical necessities are provided by the police budget along with vital logistics support while the personnel themselves attend to the construction work and in the past two years alone, they **completed 88 buildings, are constructing 27, and during this fiscal year, budget has been approportionated for 48 buildings.** Under the welfare scheme, four residencial buildings are already completed and three are nearing completion. In the planning, construction, and finishing of police residencies, the institution has proven beyond doubt its self-dependence. In the days to come, the Welfare Fund plans to set aside funds for the purchase of land and develop residential complexes for Police personnel. In district and local levels constructions, in cooperation with the local communities, have been very encouraging.

12. **Special Activities**

*Police Memorial* stands as an offering to the courageous perso-









*अगिल्लो पानामा : सशस्त्र प्रहरी तालीम केन्द्र ककनी*

*Facing page: Armed Police Training Centre at Kakani*

nalities and selfless martyrs of the organization who have forfeited their very lives in acts of utmost sacrifice while responding to the call of duty. They have defied death itself and their proper greatness has been identified by the monolith that was inaugurated by His Majesty the King himself. The solemn task of memorial upkeep and the care of the noble souls' spouses and children have become the bilateral responsibilities of the **Police Memorial Trust.**

*Police Day.* I feel fortunate to be able to announce that a day of celebrations and festivities has been reserved to highlight police intentions, social obligations, and to create competitions and enjoyment for the different departments of the taskforce. An arrangement has been made from this year onwards for the last day of Asoj, a month in the Bikram Sambat calendar, to be celebrated in grandeur and to birth yet more meaningful police agenda.



13. **Future Goals.** The short-term strategums and plans of the past have led to successful achievements, encouraged independent ironing out of problem situations, and have brought the long-term creation of a globally excellent police institution within our grasp. Nepal Police is forever searching for devices and






intellect through which to add newer dimensions to the organization's national contribution and to formulate a leading and professional police service oriented towards excellence in all matters so as to provide the society a fool-proof protection-and-law-enforcement body.

Professional competency in individual departments will be sought after and methods have been determined to give permanence to the lustrous image of police as a friend of the public and as a high quality service-giving institution. In the years to come, national training sectors will be brought up to higher standards and schooling practicality will be guaranteed in trainings and apprenticeships. On the international scale, training opportunities will be sought after and fundamental **skill development departments** will be modified: for example, Nepal Police Academy will be given priority as a trainer and as a physical support enhancement unit, its decisions and classes will be given more authority and credit. The academy's organizational front will be reviewed for advancement possibilities. Specialization of crime investigation core groups will require constantly vigilant manpower upgrades and regular and unbroken information and technology updates will allow Nepal Police to make maximum utilization of their crime detecting skills. Proper channels are being explored for the establishment of a Crime Investigation School.

To keep a sharp and unroving eye on social ills and the negative sections of the humanity, future plans will involve an added social focus. Interaction prospectus such as seminars will be devised so police personnel can directly contact important policy- and decision-makers of the country and widen perspectives. **Pro-active policing** will be fostered to encourage flexibility and malleability in each service. Community-oriented schedules at the grassroots level will provide all units confidence and motivation.

In the transition towards social profulence and progress, further demands and needs have been identified to assure relativity of the police institution in today's context and **Takaraju Friendship Society's** generous contribution of fire engines to Nepal Police have been used to create a fire brigade that is on a 24-hour alert to control damage to the property and life of the capital's inhabitants. In the near future, **five ambulances** will be operated in all

*अगिल्लो पानाको माथि : प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुवबहादुर प्रधान*
***Opposite top:** Additional Inspector General of Police Dhruba Bahadur Pradhan*
*माथि : प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेल*
***Above:** Additional Inspector General of Police Achyut Krishna Kharel*
*अगिल्लो पानाको तल : खेलकूदमा प्रहरी*
***Opposite bottom:** Sports activities are promoted by Nepal Police.*

development regions of the country to expediate medical treatment of needy citizens. Keeping in mind the nature and learnings of police service, the institution is determined to give permanence to **welfare plans, identify new opportunities,** and, ultimately, give rise to **mass welfare.**

Those who have retired from active service may also, through the Retired Police Association, utilize their skills and experiences in various community upliftment projects. I am convinced and committed that clear understanding and cooperation between present and retired police members should be stressed upon and this interaction will lead to the betterment of the service in the coming days and such links will lend a faster speed law and order maintenance.

The huge Nepal Police organization is establishing itself each year as a **responsible body** that caters to the people's needs and everybody's positive assistance and view-points will help us attain the long-term goal of becoming an **excellent police service** by world standards.

The organization is definitely progressive and since the community change has resulted in evolvement of magnitudes, forms, procedures, and needs, transformation opportunities are studied and evolution of the force is geared upon society-instilled requirements. I promote this atmosphere of steady progress and assure that Nepal Police is firmly adhering to the preamble, beliefs, and traditions set upon its establishment and confidently state that the institution is very much prepared to **face future challenges** with **determination** even though difficulties are sure to increase over the years. Furthermore, I and my taskforce will work towards the formation of a **golden future,** and I will, with dedication, set up this Blue-Print For Progress for Nepal Police and the motherland.



*प्रहरी महानिरीक्षक फ्रान्सेली राजदुतसंग*
*IGP Motilal Bohara with the French Ambassador*

# नेपाल प्रहरीमा संचार विकासक्रम

नेपाल अधिराज्यको ठूला ठूला शहरदेखि विकट स्थानका कुना-कन्दरासम्म छरिएर बसोवास गर्नेहरुको जीऊ धनको सुरक्षा र समाजमा अमनचैन कायम गरी जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउन तत्पर नेपाल प्रहरीमा विभिन्न श्रोत र साधनबाट गरिने गरिएको खबर आदान-प्रदान भरपर्दो र छिटो-छरितो नहुँदा छुट्टै संचार नेटवर्कको आवश्यकता महशुस भएनुसार सर्वप्रथम २०१५ साल श्रावण १ गतेबाट लागु हने गरी ईन्स्पेक्टर १, अ,स. ई.१ र कन्स्टेवल १ को दरवन्दी कायम भएको थियो र २०१६ सालमा २० जनालाई आकाशवाणी तालीम लिन भारतको दिल्लीमा पठाई २०१८ सालमा उनीहरु फर्किएपछि २०१९ सालमा उपलब्ध गराइएको हाते जेनेरेटरबाट चल्ने चाइनिज आ.वा. सेटबाट सचार कार्य संचालन भएको थियो । २०२२ सालमा उत्तरी सीमा स्थित ताप्लेजुंगको लुङ्थुङ, सोलुको नाम्चे, मुस्ताङको जोमसोम र हुम्लाको सीमिकोट स्टेशन कायम गरी केन्द्रसंगको मिलापको शुरुवात भएको र यसै बिच २०२१ सालमा प्रहरी प्रधान कार्यालय १, अंचल प्रहरी कार्यालय १३, उत्तरी सीमामा रहेका १९ वटा चेकपोष्टहरुमा डि.एस.पी. १, ईन्स्पेक्टर १, सव ईन्स्पेक्टर ३९, असिष्टेण्ट सव ईन्स्पेक्टर ५८, हेड कन्स्टेवल १८ र कन्स्टेवल २३ समेत गरी जम्मा १४० जनाको दरवन्दी समेत निकाशा हुन गयो । सचार बिना विकास सम्भव छैन भन्ने तथ्यलाई हृदयगम् गरी सबै प्रहरी महानिरीक्षकहरुले आ-आफ्नो कार्यकालभित्र केही न केही देन दिनु भएको फलस्वरूप नै २०३१ सालमा प्रहरी सुधार योजना लागु भयो र संचार नेटवर्कको विस्तार भई जिल्ला स्तरसम्म पुग्यो र २०३२ साल सम्म ६५ ईकाइ संचार नेटवर्कमा रहे । त्यसपछि प्रहरीमा स्थानीय कम्युनिकेशनका लागि भि.एच.एफ. र लामो दूरीको कम्युनिकेशनका लागि भल्व सेटको बदला ट्रान्जिष्टराईजड एस.एम.वि. सेटहरुको प्रयोगशुरु भयो ।

विद्युत-शक्ति उपलब्ध नहुनु प्रहरी संचार विकासमा बाधक भएकोले बैकल्पिक उर्जाको रूपमा सौर्यशक्ति उचित हुन्छ कि भनि २०३६ सालमा यसको परीक्षण गर्दा उपयुक्त पाइएकोले सोलार पैनल र स्टोरेज व्याट्रीको सहायताबाट आ.वा. संचालन शुरु गरी हाल अधिराज्यभरिनै सौर्य-शक्तिको उपयोग गरिएको छ । वर्तमान प्रहरी महानिरीक्षकले पद सम्हालेपछि प्रहरी संचारलाई अझ सुदृढ पार्दै लैजाने क्रममा संचार साधन उपलब्ध गराउन नसकिएका प्रहरी ईकाइहरुमा क्रमशः आवश्यकता र क्रमानुसार उपलब्ध गराउँदै जाने गरी ४ वर्षीय योजनाको तर्जुमा भयो । जसको फलस्वरूप २४५ इकाइ एच.एफ. नेटवर्कको भित्र रहेको छन् भने १०५ इकाई भि.एच.एफ. नेटवर्क भित्र रहेका छन् । यसका साथै स्थानीय संचार सम्पर्कका लागि काठमाडौं उपत्यकामा यु.एच.एफ. सेटहरुको प्रयोग शुरु गरियो भने उपत्यका बाहेकका ६५ जिल्लाहरुमा भि.एच.एफ. सेटहरु संचालित भए र त्यसै योजना अनुरूप उच्च स्थानहरुको चयन गरी रिपीटर जडान गरी सो को मद्दतबाट केन्द्रले सोफै क्षेत्र, अंचल र जिल्लाहरुसंग समेत भि.एच.एफ. मिलाप गर्न सकेको छ ।

विकट भन्दा विकट प्रहरी इकाइहरुमा समेत सिधा सम्पर्क हुने कारणले त्यस्ता विकट क्षेत्रका जनता तथा विशेषत: पदयात्री तथा हिमाली-शिखर आरोहणका समयमा विभिन्न विपत्तिको अवस्थामा उद्धार कार्यको लागि आवश्यक सम्पर्क स्थापना गर्ने कार्यमा प्रहरी संचार अधिक उपयोगीसिद्ध भएको छ । प्रहरी संचार राष्ट्रमै छिटो-छरितो र सवल रूपमा रहेको छ । नेपाल प्रहरी अन्तर्राष्ट्रिय प्रहरी संगठनको एउटा सक्रिय सदस्य भएको हुँदा इन्टरपोल कम्युनिकेशनतर्फ चिन्तनशील रहेको छ । सदस्य राष्ट्रहरुसंगको मिलापको लागि टेलिप्रिण्टर, टेलिफोन र टेलिफैक्सबाट सूचना प्रवाह गर्ने गरेको नेपाल प्रहरीले इन्टरपोलद्धारा पारित भएनुसारकै संचार प्रणाली यु.ए. टर्मिनलको प्रयोग पनि गरेको छ । यसरी २०१५ सालमा ३ जना अधिकृत जवानबाट थालनी गरिएको प्रहरी संचारमा आज प्रहरी उपरीक्षकदेखि प्रहरी परिचर सम्म १६८३ अधिकृत जवान कार्यरत् छन् । प्रहरी संचारलाई अत्याधुनिक बनाउदै लैजाने क्रममा संगठन चिन्तनशील छ । संगठनको विस्तार विशिष्टीकरणको विकाससगै संचार-व्यवस्था पनि सुदृढ बनाउँदै लैजानु आवश्यक भैसकेको छ ।



# Police Communication

Nepal Police, as a highly resourceful and liable organization, has always focused on accountability to the rights and privileges of the Nepalese people and works to secure peace and order for the thousands of citizens who are spread out in the cities and villages of this Himalayan kingdom. However, in the early period of the organization's history, communication systems were not adequate and the transmission of news was slow and unreliable. In the attempts of procuring national security and crime prevention, Nepal Police discerned the need for a separate communication network and in 1958 a team of one inspector, one assistant sub-inspector, and one constable was deputed for the first time to improve communication proficiency. The following year, in 1959, 20 police personnel were sent to Delhi to attend a training on radio broadcasting. They returned to Nepal in 1961. In 1962 a Chinese telegram set that operated through a hand- generator was provided to Nepal Police and in 1965 the set functioned as an effective medium of communication between the centres and the newly established police stations in Lungthung (Taplejung District), Namche (Solukhumbu District), Jomsom (Mustang District), and Simikot (Humla District).

During 1964 one deputy superintendent of police, one inspector, 39 sub-inspectors, 58 assistant sub-inspectors, 18 head constables, and 23 constables were deputed to the Police Headquarter, 13 zonal police offices, and 19 checkposts in the Kingdom.

No development scheme is possible without the application of a proper communication system and in this respect, every Inspector General of Police has contributed tremendously to effectuate linkage improvement. In 1974, a Police Amelioration Program was implemented and since then Nepal Police's communication system has expanded to the district level. By the end of 1975, 65 police units were established in Nepal Police's communication network. After that, V.H.F. was operated for local communication purposes and later, transistor S.M.B. sets were used for long distance communication.

Due to a deficit in the supply of resourceful energy sources, Nepal Police's communication network was suffering from a major setback. In 1979 it was discovered that solar energy was a reliable source of alternative energy and today the energy of the sun, complemented by storage batteries, is used as a major power provider at telegram stations all over the country. When Mr. Motilal Bohara assumed the position of Inspector General of Police, he set to the task of advancing Nepal Police communication network by creating a four-year plan that would avail communication appliances to police units that lacked such devices. Under this plan, 245 units are within H.F. networking and 105 units are within V.H.F. networking. In

बायाँ : भि.एच.एफ. नेटवर्क परिचालन ।

*Left: Police personnel working with V.H.F. set*

तल : प्रहरी कार्यमा कम्प्यूटरको प्रयोग

*Below: Computers are useful in police procedures*



Kathmandu Valley, U.H.F. sets were used for local communication and V.H.F. sets were propagated in 65 districts. As a result of the plan, repeaters have been established in areas with high altitudes. With the aid of such repeaters, the centre can directly communicate with all regions, zones, and districts through V.H.F.

The introduction of such a smooth operating communication system has made transmission of news in rural areas easier, especially for trekkers and mountaineers who frequently go to remote places and may need to be rescued by police personnel in case of accidents. Today, Nepal Police communication network is highly adapted to provide quick, efficient, and apt services. The organization also operates as an active member of Interpol and has been communicating with other members of Interpol through the teleprinter, fax, and telex. It is also using the UA terminal as approved by Interpol.

In the beginning, the police communication system began with a three-member team, at present the network employs 1,683 personnel from superintendents to constables. The organization is thinking of further modernizing its communication network and as the organization grows, prospers, and expands, simultaneously, it will have to reinvigorate and improve its communication sources.

# पवित्र उद्देश्यका लागि समर्पि



राष्ट्रहितलाई सर्वोपरि ठानी व्यक्तिगत आवश्यकता र स्वार्थको तहभन्दा माथि उठेर कठिन परिस्थितिको हाँकलाई स्वीकार गरी संगठनका सदस्यहरुले आफ्नो कर्तव्यनिष्ठाको क्रममा देखाएका वीरताले नेपाल प्रहरीको गौरवलाई प्रज्वलित गरेका प्रशस्त उदाहरणहरु भेटिन्छन् । कर्तव्यपालनको सिलसिलामा रत्तिभर पनि नहिचकिचाइ आफ्नो जीवनको बाजी लगाउने प्रहरीहरु नेपाल प्रहरीका निधि हुन् । प्रहरी स्मारक त्यसरी कर्तव्यपालनको क्रममा देश र जनताको सुरक्षार्थ प्राणोत्सर्ग गरी वीरगति प्राप्त गर्ने ती अमर प्रहरीप्रति हार्दिक श्रद्धान्जलि प्रकट गर्नुका साथै ती कर्तव्य-क्षेत्रमा आफ्नो प्राणोत्सर्ग गर्ने अमर प्रहरीको सम्मान र स्मरण गर्ने उद्देश्यको प्रतीक हो । यो प्रहरीमा सेवाभावमा समर्पित हुं प्रेरणा संचार गर्ने एक ज्योति हो ।

राष्ट्रको सेवामा प्राण समर्पण गर्ने अमर प्रहरी प्रति श्रद्धा एवं सम्मान अर्पण गर्ने पवित्र स्थलको स्थापना गर्ने उद्देश्यले २०५० साल फागुन १५ गते प्रहरी महानिरीक्षक मोतीलाल बोहराज्यूबाट शिलान्यास भइ प्रहरी कर्मचारी, महानुभाव एवं संघ-संस्थाहरुबाट प्राप्त स्वैच्छिक आर्थिक सहयोग र प्रहरी कर्मचारीहरुको श्रमदान समेतबाट निर्माण कार्य सुसम्पन्न भएको हो । अमर प्रहरीका कर्तव्यपरायणका गाथाहरु र वीरताको इतिहासलाई जीवन्त राख्नु र भावी-पुस्ताको लागि कर्तव्य पालनामा प्रेरणा बनाइ राख्नु, कर्तव्यको अन्तिम निस्वार्थ रूपले आफूलाई होम्ने अमर प्रहरीलाई





स्मरणीय गराउनु नेपाल प्रहरीको प्रमुख कर्तव्य हुन आउँछ । यी भावनाको अभिव्यक्ति स्वरूप नै नेपाल प्रहरी स्मारक गुठीको स्थापना भएको हो । अमर प्रहरीका जेहेन्दार सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने, वीरगति प्राप्त प्रहरी परिवारको अभिनन्दन गर्ने, वीरगति प्राप्त प्रहरीको वीरगाथाको अभिलेख तयार गर्ने, प्रहरी स्मारकको सभार सम्बर्धनलाई निरन्तरता प्रदान गर्ने, विभिन्न क्षेत्रमा यस गुठीको समन्वय र सम्पर्क बढाई गुठीको कार्य विस्तार गर्ने, गुठीमा कुनै दाता वा दातृ-सस्थाबाट छात्रवृत्ति प्राप्त भएमा उहाँको नाममा गुठीको समन्वयमा छात्रवृत्ति प्रदान गर्ने यसको उद्देश्य रहेको छ ।

यी उद्देश्य परिपूर्ति गर्नको लागि प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रमुखको अध्यक्षतामा एक कार्यकारिणी समितिको गठन हुने प्रावधान रहेको छ ।

यसरी प्रहरी गौरव एव आदर्श बोकेको प्रहरी स्मारक २०५१ साल पुस २६ गते श्री ५ महाराजाधिराज सरकारका वरद बाहुलीबाट अनावरण गरिबक्सेबाट नेपाल प्रहरीका सम्पूर्ण सदस्यहरु अझ गौरवान्वित भएका छन् । यस उपलक्ष्यमा नेपाल प्रहरीले विविध कार्य एव उपलब्धिहरुको रोचक प्रर्दशनी समेत गरेको थियो । प्रहरी स्मारकको प्रतिमा अनावरणको अवसरमा नै प्रहरी स्मारक गुठी मार्फत छात्रवृत्ति प्रदान गरिने गरी ४ महानुभावहरुले छात्रवृत्ति समेत प्रदान गर्नु भएको थियो ।



*माथि, अगिल्लो पाना : श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकार प्रहरी स्मारक उद्घाटन समारोहमा*
*Top, far left: His Majesty the King and Her Majesty the Queen at the Police Memorial inauguration ceremony*

*तल, अगिल्लो पाना : प्रहरी स्मारक*
Bottom, far left: Police Memorial

*माथि, बायाँ : श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकार प्रहरी स्मारकको निरीक्षण गरिबक्सदै*
*Top, left: Their Majesties inspecting the Police Memorial*

*तल, बायाँ : प्रहरी महानिरीक्षक स्मारक सम्बन्धी प्रतिवेदन जाहेर गर्नु हुदै*
*Bottom, left: Inspector General of Police addressing dignitaries*

# At the Call of Duty





श्री ५ महाराजाधिराज सरकार सलामी ग्रहण गरीबक्सदै
*His Majesty the King receiving the royal salute*

Always adhering to their responsibilities, the brave members of Nepal Police feel that their first concern is the nation's welfare and they are forever risking their personal lives to fight against all odds in order to defend the downtrodden and helpless citizens. There are many instances in the past where the valor of the police has been tested rigorously and has proven to be meritorious. Today, the achievements of Nepal Police not only becomes the pride of the service itself but also adds to the pride of the nation. While performing such duties, the institution's staff are willing to attend to every need of the people at all times. In honour of courageous policemen who sacrificed their lives for the safety and welfare of the nation by putting aside their own self-interests, Police Memorial has been established so that the public and benefactors can offer their condolences and immortalize the champions of peace and security. Police Memorial is the emblem of dedication of these dauntless police officers and an inspiration for those in service when they need to stick through thick and thin through the years while working as a police personnel.

With personal contributions from the police staff and eminent persons and donations acquired from different organizations, Inspector General of Police Motilal Bohara laid the foundation of Police Memorial in 1994 where visitors today pay homage to the many lives lost in the service of mankind.

Nepal Police feels that it is the organization's responsiblilty to see that the indelible memory of valiant police officers is preserved and that their brave deeds are a source of inspiration for future generations. For this purpose alone, Nepal Police Memorial Trust has been established. The objectives of this trust is to provide scholarships to industrious children of martyred police officers, to prepare memorials of their past work, give condolences to bereaved families, to maintain the trust, and to expand the trust's activities by coordinating and communicating with its different sectors. If the trust receives financial contributions from individual donors or donor organizations, scholarships will be established in the name of the well-wishers. In order to accomplish these objectives as per the proper rules and regulations, a Working Committee will be established under the Chairmanship of the Head of the Operation Department of Police Headquarters.

His Majesty the King graced the occasion of the Police Memorial Inauguration Ceremony and symbolizing the noble values of Nepal Police, the memorial today stands as the embodiment of virtue and truth and is ineffably venerated by people from all walks of life. The many exhibitions that were displayed with grandeur on the auspicious occasion of the inauguration extolled the works and achievements of the institution. As a part of the solemn event, scholarships were awarded to various beneficiaries by four esteemed patrons of Police Memorial Trust.

राष्ट्रमा शान्ति-सुव्यवस्था कायम राख्ने जस्तो चुनौतिपूर्ण जिम्मेवारीलाई नेपाल प्रहरीले दक्षताका साथ निर्वाह गर्दै आएको छ। कुशलतापूर्वक शान्ति सुरक्षा कायम राख्न पेशागत ज्ञान, सीप र कुशलतापूर्वक ती ज्ञान र सीपको उपयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समयको गति संगसंगै अपराधको प्रकृति,अपराध कार्यविधि र अपराध पद्धतिमा आएको जटिलतासंग सामना गरी सफलता प्राप्त गर्नको लागि पेशागत ज्ञान र सीपलाई अभिबृद्धि एवं आधुनिकीकरण गर्नु पर्ने हुन्छ। तसर्थ नेपाल प्रहरी संगठनले सदस्यहरुले कुशल एवं सरल तवरले सेवा प्रदान गर्न सकोस् भन्ने उद्देश्यले,उनीहरुको पेशागत ज्ञान एवं सीप अभिबृद्धि गर्न प्रशिक्षण संचालन गरेको छ । यसका लागि केन्द्रमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र केन्द्रीय प्रहरी कुकूर तालीम स्कूल महाराजगन्ज, काठमाडौमा स्थापना गरिएको छ भने ककनीमा एक सशस्त्र प्रहरी तालीम केन्द्र र पाँचवटा विकास क्षेत्रहरुमा क्षेत्रीय प्रहरी तालीम केन्द्रको स्थापना गरिएका छन्। यी प्रतिष्ठान र तालीम केन्द्रहरुमा समय-सापेक्ष प्रशिक्षण प्रदान गरिन्छन्।

राष्ट्रिय प्रहरी प्रतिष्ठानमा राजपत्रांकित र राजपत्र अनंकित प्रहरी अधिकृतहरुलाई आधारभूत प्रशिक्षणका साथसाथै उन्नत प्रशिक्षणहरु प्रदान गरिन्छ । सशस्त्र प्रहरी तालीम केन्द्रमा सशस्त्र प्रहरीको कारवाहीको सीप अभिबृद्धि गर्ने प्रशिक्षण कार्य संचालन गरिन्छ भने क्षेत्रीय प्रहरी तालीम केन्द्रहरुमा प्रहरी जवानहरुको आधारभूत तालीमको साथ-साथै प्रहरी जवान,प्रहरी हवल्दार र राजपत्रअनंकित प्रहरी अधिकृतहरुको विभिन्न उन्नत तालीमहरु संचालन गरिन्छ र केन्द्रिय प्रहरी कुकूर तालीम स्कूलमा "डग ह्याण्डलिङ" विषयको प्रशिक्षण प्रदान गरिन्छ। प्रहरी पेशाको मूलभूत दायित्व अपराध अनुसन्धाननै मानिने भएकोले अपराध अनुसन्धानको कार्यलाई निर्णायक मोड दिन प्रशिक्षण प्राप्त कुकूरको उत्पादन यहाँबाट हुने गरेको छ।

उपर्युक्त प्रशिक्षणको साथै राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले प्रहरी विभागको अलावा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग सम्बद्ध कर्मचारीहरुलाई समेत आवश्यकता अनुरूप प्रशिक्षण प्रदान गर्दै आएको छ भने प्रहरी अधिकृतहरुलाई पनि अन्य विविध क्षेत्रको प्रशिक्षणको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नागरिक उड्डयन तालीम केन्द्र र राजस्व प्रशासन तालीम केन्द्रहरुमा संचालन हुने प्रशिक्षण कार्यमा संलग्न गराइन्छ ।

समय समयमा वरिष्ठ प्रहरी अधिकृत,

# प्रशिक्षण र सीप विकास



प्रहरी अधिकृतहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाका प्राज्ञहरु लगायत विभिन्न क्षेत्रमा विशिष्ट ख्याति प्राप्त गरेका व्यक्तिहरुसंग अर्न्तक्रिया, गोष्ठी एवं कार्यशालाहरु संचालन गरिन्छ। जसको निष्कर्षले प्रहरी संगठनको मात्र नभई समाजका विभिन्न क्षेत्रमा रहेका संगठनहरुलाई समेत सभ्य समाजको निमार्ण गर्नेतर्फ सहयोग पुऱ्याउने कुरामा विश्वास लिन सकिन्छ । यस क्रममा २०५१।५२ सालमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले बदलिंदो समाजमा प्रहरीको भूमिका, प्रहरी प्रशिक्षण, महिला तथा बालबालिका बिरुद्ध अपराध आदि विषयहरुमा प्रहरी अधिकृत, सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरु एवं विविध क्षेत्रका प्राज्ञहरुलाई सम्मिलित गराई कार्यशाला संचालन गरेको थियो । नेपाल प्रहरीको मूलभूत लक्ष्य नै राष्ट्रको जनताका आधार-भूत अधिकारहरुको संरक्षण एवं सम्बर्धन गर्नु रहेको छ। त्यसैले नेपाल प्रहरी सदैव मानव अधिकार प्रति सजग रहेको कुरा नेपाल प्रहरीले नै अग्रणी रही मानव अधिकार विषयमा गोष्ठी र कार्यशालाहरु संचालन गरेको तथ्यबाट स्पष्ट हुन्छ। भविष्यमा पनि संगठनका सदस्यहरुबाट कुनै नागरिकको खोसिएको नैसर्गिक अधिकारहरु पुनर्स्थापना गराउने क्रममा समेत अर्को नागरिकको अनुचित तवरले मानव अधिकारको अतिक्रमण नहोस् भनी सजग बनाउने उद्देश्यले आधारभूत एव उन्नत तालीमका प्रशिक्षार्थीहरुलाई मानव अधिकार सम्बन्धी विषयमा समेत प्रशिक्षण दिइन्छ ।

अपराध नियन्त्रण, अनुसन्धान एवं ट्राफिक र मानव व्यवस्थापनका यी प्रविधि र तरिकाहरुलाई आत्मसात् गरी दक्षता अभिबृद्धि गर्ने उद्देश्यले यी विषयहरुमा विदेशमा संचालन हुने कार्यशाला, गोष्ठी र तालीमहरुमा समेत नेपाल प्रहरीको सहभागिता रहेको छ । प्रशिक्षण प्रविधिमा आधुनिकीकरण गर्ने उद्देश्यले संयुक्त अधिराज्यमा प्रहरी अधिकृतको रूपमा २३ वर्षको र प्रहरी अपरेशन प्रमुखको रुपमा ५ वर्षको अनुभव संगाल्नु भएका डा. स्टेफेन जेम्स मेल्स हाल प्रहरी परामर्शदाताको रूपमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत् हुनुहुन्छ । भविष्यमा प्रहरी प्रशिक्षण कार्यलाई अझ बढी आधुनिक र व्यावहारिक बनाउनुका साथै प्रहरी कार्य-दक्षता एव कार्यकुशलतामा परिष्कृत गराउने विभागीय लक्ष्य रहेको छ।

| क्र.स. | तालीम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सि.प्र.अ. उन्नत तालीम | १७७ | १६ |
| २ | जु.प्र.अ. उन्नत तालीम | ७४० | २५ |
| ३ | प्र.ह.प्र.ज. उन्नत तालीम | २०३५ | ६९ |
| ४ | प्र.नि. आधारभूत तालीम | ३७ | १ |
| ५ | प्र.स.नि. आधारभूत तालीम | ५२० | १७ |
| ६ | प्र.ज. आधारभूत तालीम | २५६० | ८२ |

# The Matter of Skills





अघिल्लो पाना : प्रहरी अधिकृतहरु विदेश प्रशिक्षणमा
*Far left: Police officers training abroad*

बायाँ : प्रहरी अधिकृतहरु जापानमा प्रशिक्षण लिँदै
*Left: Police officers training in Japan*

To establish peace and order within the nation, Nepal Police has always functioned as an obligatory institution defending and protecting the rights of the people. Acquisition of professional knowledge and appropriate skills has become indispensable to fortify peace and stability in the country. Along with time, the disposition, processes, and details of criminal activities are transmigrating and changing rapidly and the need for modified and modernized professional knowledge and skill has become a primary requirement. To produce highly skilled police personnel who can fulfil their allegiance to the nation honestly and steadfastly, the organization has begun to send its staff on skill development trainings. In this way, once the police service staff receive the highest quality education in Nepal and abroad, they can engineer their skills and services and be prepared for the most modern type of criminals. With the view of keeping the police service trained, Nepal Police has established National Police Training Academy and a Central Police Dog Training School at Maharajgunj. Likewise, an Armed Police Training Centre is at Kakani and Nuwakot and Regional Police Training Centres are established at all the five development regions of the country. According to changing times and the requisitions of the society, different types of training programs have been conducted at these centres.

Gazetted and non-gazetted police personnel receive basic, intermediate, and advanced level trainings at the National Training Academy. At the Armed Police Training Centre, emphasis is laid on developing the skills and prowess of police staff associated with arms. Basic training is provided to constables at the Regional Police Training Centres and head constables and police officers are accorded advanced training. At the Central Police Dog Training Centre, especially able teachers train police personnel on dog handling. Since Nepal Police is acutely aware of the burgeoning rate of crime in the country, crime control is given high priority and for this reason, well-trained police dogs have become indispensable in the battle against crime.

When necessity arises, National Police Training Academy also organizes training for members who are involved with government and non-government institutions. On the other hand, police officers are being trained by national bodies such as Nepal Administration Staff College, Civil Aviation Training Centre, and National Revenue Administration Training Centre.

As the protector, defender, and lawful advocate of the people, Nepal Police organizes seminars, workshops, and exchange programs to police officers with the purpose of alleviating problems on peacekeeping and violation of human rights. Service to the needy people in problematic situations allows the officers to become aware of the requirements at the grass roots level. Besides, dealings with experts, veterans, and intellectuals from various government and non-government bodies have also helped broaden and expand the minds of police personnel.

In this context, National Police Training Academy organized workshops this year on subjects like the role of police in a rapidly transforming society, significant aspects of police training, and crime against women and children. The participants of the workshops were police officers, representatives of various government and non-government institutions, and intellectuals.

| No. | Training | Trainees | Remarks |
|---|---|---|---|
| 1 | Senior Officer Advanced Training | 177 | 16% |
| 2 | Junior Officer Advanced Training | 740 | 25% |
| 3 | Police Constable/Head Constable Advanced Training | 2035 | 69% |
| 4 | Police Inspector Basic Training | 37 | 1% |
| 5 | Police Sub-Insp. Basic Training | 520 | 17% |
| 6 | Police Constable Basic Training | 2560 | 82% |





Nepal Police's principal objective is to protect and guard the basic rights of the people and the organization has proved itself as a champion of human rights by conducting seminars and workshops related to human issues. Police personnel are trained on handling human rights disputes so that under any circumstances if a citizen's natural rights are impinged upon, necessary action can be exercised and punishment conferred to the person responsible for the crime. This clearly reflects Nepal Police's adherence to the human rights ideals.

To improve skill management on crime control, crime investigation, and for the smooth functioning of traffic and human management bodies police personnel are sent abroad to attend workshops and seminars that deal with such delicate matters.

With the intent of introducing new technologies and methods in crime control, foreign experts have been invited to Nepal to share their expertise with the local bodies. Dr. Stefen James Males, who has an experience of 23 years as a police officer and five years as operation incharge in U.K., is now at the National Police Training Academy as a consultant. After all, it is the organization's perennial goal to give high quality training and guidance to all its members and staff.



प्रशिक्षणको एक क्षण

*A glimpse of police training*



# खेलकूद पर्वतारोहण

सामाजिक मूल्य-मान्यता र मर्यादाको संरक्षण र सम्बर्धनका लागि सुरक्षाको अपरिहार्यतालाई कसैले नकार्न सक्दैन । नेपाल प्रहरी राष्ट्रको चुनौतिपूर्ण घडीको समयमा समेत विचलित नभइकन सदैव कर्तव्यपरायण रही आफ्नो जिम्मेवारीप्रति समर्पित रहदै आएको छ । प्रहरी कर्मचारीले कर्तव्य-पालनको सिलसिलामा शारीरिक कष्टलाई समेत सहर्ष अंगीकार गर्दै प्रहरी-सेवाको आदर्शलाई सदैव प्राथमिकता प्रदान गरेका छन् ।

नेपाल प्रहरीले संगठनको शुरुवातदेखि नै प्रहरी शक्तिलाई शारीरिक एवं मानसिक रूपले स्वास्थ्य एवं सवल तुल्याउने उद्देश्य अनुरुप खेलकूदलाई प्रहरी क्रियाकलापको अभिन्न अंगको रूपमा अंगीकार गर्दै यसलाई तालीम कार्यक्रममा समावेश गर्नुका साथै प्रतिवर्ष विभिन्न केन्द्रीय, क्षेत्रीय र अंचल स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु नियमित रूपमा आयोजना गर्दै आइरहेको छ भने विभिन्न स्तरदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पनि नेपाल प्रहरीका खेलाडीहरुको सहभागिता उल्लेखनीय रूपमा पदक हासिल गरेका उदाहरणहरुले पनि राष्ट्रिय खेलकूदको उत्थानमा आधारशिलाको भूमिका निर्वाह गरेको छ भने अर्कोतर्फ हिमाच्छादित शिखरहरुको चुनौतिको रोमान्चलाई स्वीकार गरी ६ वटा हिमशिखरहरुको सफल आरोहण समेत गरिसकेको छ ।

०५१।५२ मा राष्ट्रिय खेलकूद परिषदद्वारा सचालित नेपाल प्रहरीले राष्ट्रिय ह्याण्डबल प्रतियोगिता, शुभजन्मोत्सव भलिबल प्रतियोगितामा प्रथम स्थान प्राप्त गरेको छ भने राष्ट्रिय भलिबल प्रतियोगितामा द्वितीय स्थान प्राप्त गरेको छ । त्यसैगरी फुटबल तर्फ शहिद तेज बहादुर अमात्य गोल्डकप फुटबल प्रतियोगिता, रूपक स्मृति अन्तर्राष्ट्रिय फूटबल प्रतियोगिता, तिलोत्तमा गोल्डकप फूटबल प्रतियोगिता र २२ औ राष्ट्रिय फूटबल प्रतियोगितामा स्वर्ण पदकहरु हासिल गर्न सफल भएको छ ।

| सि.नं. | प्रतियोगिताको नाम | स्वर्ण | रजत | कांस्य | स्थान |
|---|---|---|---|---|---|
| १ | १७ औ. राष्ट्रिय बक्सिङ प्रतियोगिता | ४ | १ | २ | द्वितीय |
| २ | राष्ट्रिय करांते प्रतियोगिता | १ | २ | २ | - |
| ३ | राष्ट्रिय ताईक्वान्दो प्रतियोगिता | - | - | १ | - |
| ४ | छेठौ. राष्ट्रिय जुडो प्रतियोगिता | ७ | २ | ४ | प्रथम |
| ५ | राष्ट्रिय जिम्नाष्टिक प्रतियोगिता | ३ | ६ | - | द्वितीय |
| ६ | राष्ट्रिय क्योकुशिन करांते | - | २ | १ | - |
| ७ | ३१ औ राष्ट्रिय एथलेटिक्स प्रतियोगिता | १२ | १२ | ६ | प्रथम |
| ८ | ११ औ राष्ट्रिय सुटिङ प्रतियोगिता | १ | १ | २ | प्रथम |

त्यसैगरी ०५१।५२ मा नेपाल प्रहरीका खेलाडीहरु धेरै पदक प्राप्त गर्न सफल भएका छन् ।

प्रहरीहरु विभिन्न अन्तर्राष्ट्रिय खेल प्रतियोगिताहरुमा नेपालको राष्ट्रिय टोलीमा समेत सहभागी रहेका छन् । जसमध्ये भारतको कलकत्तामा भएको ११ औ अल एयरलायन्स गोल्डकप फूटबल प्रतियोगितामा ५ जना, श्रीलंकामा संचालन भएको दोश्रो सार्क गोल्डकप फूटबल प्रतियोगितामा ३ जना, भारतको नयाँ दिल्लीमा संचालन भएको पि.एन.वी.सेन्चुरी अल ईण्डिया आमन्त्रण फूटबल प्रतियोगितामा १ जना, भारतको सिक्किममा भएको गभर्नर्स गोल्डकप फूटबल प्रतियोगितामा ४ जना भारतको चण्डीगढमा भएको ए.के.मिश्र बक्सिङ प्रतियोगितामा ४ जना, इटलीको मिलानमा भएको एशिया ९५ औ करांते प्रतियोगितामा १ जना र भारतको कलकत्तामा भएको महिला कवड्डि प्रतियोगितामा १ जना नेपाल प्रहरीका खेलाडीहरु नेपाली टोलीमा सहभागी भई खेल प्रदर्शन गरेका थिए ।

आगामी दिनहरुमा पनि प्रहरी कर्मचारीहरुमा सेवा, दृढता, आत्मबल, सामूहिक भावना, उच्च अनुशासन, भातृत्व जस्ता गुणहरु अभिबृद्धि गर्न एवं संगठनका सदस्यहरुलाई स्वस्थ, कर्मठ र सवल बनाउने उद्देश्य अनुरूप नेपाल प्रहरीले खेलकूदलाई उत्साहपूर्वक अगाडि बढाउने छ ।



# Sports and Mountaineering

Social values, norms, respect, and honour are issues of high importance and are not to be easily encroached upon. Nepal Police, since its inception, has unfailingly accomplished its duties as the protector and guardian of the people against all odds, impediments, and obstacles by enduring physical and mental difficulties in the line of duty.

Since its commencement, the institution has always emphasized on the physical and mental health of its staff and taking this vital aspect into consideration, sports has become an inseparable and integral part of police life. The establishment has included sports in its training schedule and annually organizes competitions at the central, zonal, and district levels. Besides taking part in these local tournaments, the sportsmen and women of Nepal Police have brought honour and glory to the nation by bringing recognition and trophies from national and international competitions.

In order to exalt the ideals of sports activities and to boost young sportsmen and women in their endeavours of accomplishing challenging feats in their specialized fields, *The Sports* has been introduced and will inform the public and police personnel of past and present sport activities.



On the mountaineering front, Nepal Police has been triumphant. Six Himalayan peaks have been summitted by police mountaineers and international clubs and organizations have merged hands with its climbing teams.

During the year 1995, Nepal Police team won National Handball Tournament and Birthday Cup Volleyball Tournament. The organization was also the runner-up in National Volleyball Tournament organized by Nepal Sports Council. In football, Nepal Police team has successfully procured prestigious awards in the Sahid Tej Bahadur Amatya Gold Cup Tournament, Rupak Memorial International Football Tournament, Tillottama Gold Cup, and 22nd National Football Tournament.

Sportspersons of Nepal Police have participated in global tournaments as members of the national team. Players attended the 11th All Airlines Gold-Cup Football in Calcutta, SAARC Gold-Cup Football Competition in Sri-Lanka, P.N.B. Century All-India Invitation Football Tournament in New Delhi, Governor's Gold Cup Football Tournament in Sikkim, A.K. Mishra Boxing Tournament in Chandigad, Asia 95th Karate Competition in Italy, and Ladies Kabaddi Tournament in Calcutta.

In the coming days, Nepal Police shall continue its steadfast and decorous efforts to sustain itself as a loyal and diligent body and for this purpose, it will encourage police personnel to partake in various sports activities for good health and prosperity.

बायाँ : नेपाल प्रहरीका सदस्यहरु हिमाल आरोहणमा

*Left: Mountain climbing expedition of Nepal Police*

माथि : खेलकूदको एकक्षण

*Above: A moment of sports activities*

| No. | Tournament's Name | Gold | Silver | Bronze | Standings |
|---|---|---|---|---|---|
| 1 | 17th National Boxing Tournament | 4 | 1 | 2 | 2nd |
| 2 | National Karate Tournament | 1 | 2 | 2 | - |
| 3 | National Tae-Kwondo Tournament | - | - | 1 | - |
| 4 | 6th National Judo Tournament | 7 | 2 | 4 | 1st |
| 5 | National Gymnastics Tournament | 3 | 6 | - | 2nd |
| 6 | National Kyo-Kushin Karate Tournament | - | 2 | 1 | - |
| 7 | 31 th National Athletics Tournament | 12 | 12 | 6 | 1st |
| 8 | 11th National Shooting Tournament | 1 | 1 | 2 | 1st, ladies |

# प्रहरी कल्याण

राष्ट्रले भोग्नुपरेको दैवी-विपत्तिको घडीमा होस् वा देशका अति दुर्गम र दुरुह-स्थानमा आई परेका कुनै अप्रिय घटना वा दुःखद समस्याको निराकरण गर्न होस् नेपाल प्रहरी संगठनका प्रत्येक सदस्यहरु आईपर्दा आफ्नो जीवन उत्सर्ग गर्न पनि पछि पर्दैनन्।

यसरी शान्ति-सुरक्षा कायम राख्न र विपत्तिका घडीमा उद्धार कार्यमा आफ्नो जिम्मेवारीलाई निर्बिघ्न रूपले बहन गर्न प्रयत्नशील रहेको कारणलेनै दिनानुदिन नेपाल प्रहरीको जनमुखी एव सेवामुखी भावना उजागर हुदै गैरहेको छ।

यसरी लोक-हित निम्ति आफ्नो जीवन उत्सर्ग गर्न पछि नहट्ने संगठनका प्रत्येक सदस्यलाई उनीहरुको आफ्नो र सन्ततिको भविष्यप्रति निश्चितता प्रदान गर्नको लागि नेपाल प्रहरीले २०४० सालमा प्रहरी कल्याण कोषको स्थापना गरेको हो । तत् पश्चात कर्तव्य-पालनको सिलसिलामा मृत्यु वा शारीरिक रूपले अशक्त भएका बहालवाला प्रहरी कर्मचारीका साथै विभिन्न दैवी-प्रकोपका घटनाहरुबाट आहत हुन पुगेका बहालवाला, पूर्व प्रहरी कर्मचारीहरु र प्रहरी कर्मचारीका परिवारहरुलाई यथासक्य राहत प्रदान गर्ने र सेवा प्रदान गर्ने जस्ता कल्याणकारी कार्यहरुका साथ-साथै विभिन्न लाभप्रद कार्यक्रमहरु संचालन गर्दै आएको छ। भविष्यमा यसलाई अझ बिस्तार गरिने लक्ष्य राखिएको छ।

कल्याणकारी कार्यलाई अझ विस्तार गर्नुको साथै निरन्तरता प्रदान गर्नको लागि यसको आर्थिक आधार सबल बनाउनु अत्यन्त जरुरी हुन्छ। त्यसको निमित्त काकडभिट्टा, काठमाण्डौ र पथलैयामा गरी ३ वटा प्रहरी कल्याण केन्द्र पेट्रोल पम्पहरु र एक पेट्रोल टयांकर संचालित छन् । त्यसैगरी भृकुटीमण्डप, काठमाण्डौ र बुटवलमा सपिङ कम्प्लेक्स निमार्ण गरी संचालन गर्न भाडामा प्रदान गरिएको छ। आर्थिक आधारलाई अझ सबल बनाउने उद्देश्य अनुरूप भरतपुर, नेपालगन्ज, र वेलहिया (रुपन्देही) मा सपिङ कम्प्लेक्सहरु निमार्ण गर्नुका साथै साँगामा नयाँ पेट्रोल पम्प स्थापना गर्ने लक्ष्य राखिएको छ।

हिमालय सेक्यूरिटी एण्ड फाईनान्स प्रा.लि.मा १ वर्षे मुद्दति खातामा जम्मा रकमबाट प्राप्त हुने व्याज, विभिन्न जिल्लाहरुमा विविध सांस्कृतिक कार्यक्रम र बीटिङ द रिट्रीट कार्यक्रम प्रदर्शन एव पुस्तक प्रकाशन र शायर शमियाना उपलव्ध गराए वापत प्राप्त हुने रकम र संयुक्त राष्ट्रसंघको आव्हानमा प्रहरी प्रवोधक वा पर्यवेक्षक भई खटिजाने प्रहरी अधिकृत वा जवानहरुबाट प्राप्त रकमनै प्रहरी कल्याण कोषका प्रमुख आय श्रोतका रूपमा रहेका छन्

प्रहरी कर्मचारीका सन्ततिहरुलाई कम खर्च र सन्तुलित वातावरणमा स्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले पाँचै क्षेत्रमा दीपेन्द्र प्रहरी विद्यालयहरु







*प्रहरी कल्याण योजना अन्तर्गत सन्चालित आयमुलक उद्योग*

*Police Welfare organizes income generating programs*



स्थापना भएका छन् । वीरगति प्राप्त गर्ने प्रहरी कर्मचारीहरुका सन्ततिहरु र आर्थिक रूपले विपन्न तथा जेहेन्दार छात्रहरुलाई यी विद्यालयहरुबाट छात्रवृत्ति प्रदान गरिन्छ भने दर्जागत रूपमा निम्न दर्जाका प्रहरी कर्मचारीहरुलाई आर्थिक सहुलियत दिई शिक्षा प्रदान गरिएको छ । दीपेन्द प्रहरी आवासीय उच्च माध्यमिक विद्यालय सांगामा यस वर्ष देखि १०+२ कक्षा सचालन गरिएको छ भने अन्य क्षेत्रमा १० कक्षा सम्म संचालन गर्ने लक्ष्य राखिएको छ ।

वीरेन्द्र प्रहरी अस्पतालको स्थापना पश्चात प्रहरी कर्मचारी, प्रहरी कर्मचारीका परिवार र पूर्व प्रहरी कर्मचारीको समेत स्वास्थ्य उपचार सेवाले प्रहरी कर्मचारीको मनोबल अभिबृद्धि गर्नमा उल्लेखनीय भूमिका खेलेको छ । प्राथमिकताको आधारमा भविष्यमा हरेक विकास क्षेत्रमा क्षेत्रीय स्तरको प्रहरी अस्पतालको स्थापना गर्ने र वीरेन्द्र प्रहरी अस्पताल महाराजगन्जलाई केन्द्रीय स्तरको अस्पतालको रूपमा विकसित गरी संचालन गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा उपचार हुन नसक्ने अवस्थामा रहेका प्रहरी कर्मचारीलाई विदेशमा उपचार गर्नको निमित्त श्री ५ को सरकारबाट प्राप्त हुने रकमका अतिरिक्त कल्याणकोपबाट समेत आर्थिक सहायता प्रदान गर्ने गरिएको छ । यसका अतिरिक्त वहालवालाप्रहरी कर्मचारीको आश्रित परिवार तथा पूर्व प्रहरी कर्मचारीको लागि वीरेन्द्र प्रहरी अस्पतालमा अक्षयकोषको स्थापनार्थ रु. ९३,८८,८८९।- प्रदान गरिएको छ ।

कल्याण कोषबाट प्रहरी कर्मचारीहरुलाई सुविधा प्रदान गर्ने क्रममा ११ जना सिनियर अधिकृतहरुको पारिवारिक आवास भवन र ६ जना जुनियर अधिकृत र ६ जना प्रहरी हवल्दार र जवानहरुको पारिवारिक आवास भवन निमार्ण गरी सुविधा प्रदान गरिएको छ । त्यसैगरी राजपत्राकित प्रहरी कर्मचारीहरुलाई किस्तावन्दीको रूपमा सवारी साधनहरु उपलव्ध गराउने कार्य भै रहेको छ भने कल्याण कोपबाट जग्गा खरीद गरी प्रहरी कर्मचारीहरुको निजी आवासको व्यवस्था मिलाउने योजनाको कार्य प्रारम्भ भैर-हेको छ । नेपाल प्रहरीले आफ्नो संगठनका पूर्व एवं वर्तमान प्रहरी कर्मचारीले संगठनको लक्ष्य प्राप्तिको निम्ति गरेको योगदानको कदर गर्दै प्रहरी कर्मचारी र तिनका परिवारप्रति दर्शाएको सदासयताको भावनाले अभिप्रेरित कल्याणकारी कार्यहरु आउँदा दिनहरुमा बढाउने लक्ष्य रहेकोले प्रहरी कर्मचारीहरुलाई संगठनप्रति अझ बढी समर्पित बनाउन सहयोग पुऱ्याउने देखिन्छ ।

### २०५१।५२ मा प्रहरी कल्याण कोषबाट प्रहरी कल्याणतर्फ गरिएका मुख्य कार्यहरु

| | | |
|---|---|---|
| | *विद्यालय निमार्ण तथा वैज्ञानिक उपकरण खरिद गर्नको लागि* | |
| १ | दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालय, पूर्वान्चल | रु. ६०,०००। |
| २. | दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालय, सांगा | रु. ५,००,०००। |
| ३. | दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालय,पश्चिमान्चल | रु. ५०,०००। |
| ४. | दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालय, म.प.क्षे. | रु. ५०,०००। |
| ५ | दीपेन्द्र प्रहरी आवासीय माध्यमिक विद्यालय, सु.प.क्षे. | रु. ५०,०००। |
| | *जुनियर प्रहरी अधिकृत आवास निर्माण गर्नको लागि* | |
| ६. | स.प्र.गण नं.२ महाराजगन्जमा | रु. ३,११,०१५।६७ |
| | *केन्द्रीय पुस्तकालय निर्माण गर्नको लागि* | |
| ७. | प्र.प्र.का.आवास तथा भौतिक महा-शाखा | रु. ९,००,०००। |
| | *जग्गा खरीद गर्नका लागि* | |
| ८. | जि.प्र.का.धुलिखेल | रु. ४१,००,०००। |
| ९ | जि.प्र.का.भरतपुर | रु. २,५०,०००। |
| | *सपिंग कम्प्लेक्स निर्माण गर्नको लागि* | |
| १०. | म.क्षे.प्र.का.काठमाण्डौ | रु. २२,५०,०००। |
| ११. | पश्चिम क्षेत्र प्रहरी तालीम केन्द्र,बुटवल | रु. २००,०००। |
| १२. | जिल्ला प्रहरी कार्यालय,चितवन | रु. १५,००,०००। |
| १३. | मध्य क्षेत्रीय प्रहरी तालीम केन्द्र | रु. १५,००,०००। |
| | *बाख्रा- पालनको लागि* | |
| १४. | सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, दीपायल | रु. ५०,०००। |
| | *अक्षय कोष स्थापना गर्नको लागि* | |
| १५. | वीरेन्द्र प्रहरी अस्पताल | रु. २८,८८,८८९। |

ख. प्रहरी अधिकृत तथा जवानहरुको दाह-संस्कारको लागि प्रदान गरिएको खर्च र जुनियर प्रहरी अधिकृत तथा जवानहरुलाई प्रदान गरिएको औषधोपचार तथा आर्थिक सहायता रकम रु. १,४६,७२९।५



# Police Welfare

## Concerns for the police staff and their family

Be it the many challenges faced by the nation today, the mishaps that take place in the remotest corner of the country, or natural disasters suffered by the Nepalese people, no matter what crisis it is, every member of Nepal Police is forever ready to risk his/her life to help or save unfortunate victims. Keeping in mind the institutional responsibility, Nepal Police has indefatigably strived to keep the country's peaceful atmosphere intact and has assisted those who have been afflicted by misfortunes. Due to their dedicated service, the police officer's role in the community has become even more important than before. Their sense of duty and loyalty towards the public have been extolled by respectable individuals.

It was 1983 that saw the establishment of the Police Welfare Trust. Its main purpose is to secure the future of children whose parent's lives are often endangered as he/she performs the duties of a police personnel.

If any member of the police organization loses his\her life or gets injured and becomes an invalid during rescue work at a natural disaster site or while fulfilling his/her duty, then the Police Welfare Trust will provide the deceased police personnel's bereaved family or the handicapped police personnel with welfare support. Along with these activities, different beneficient programs have been implemented as well to enhance the morale of the police.

To make this welfare program more effective and to give it a permanent status, the security of its finances is a salient factor that needs to be looked into by Nepal Police. The operation of two Welfare Trust petrol pumps and a petrol tanker in Kathmandu and Pathlaiya have exceedingly helped stabilize the finances of the trust. In addition, shopping complexes in Brikuti Mandap, Kathmandu, and Butwal have been constructed and rented out to meet operational costs. For long term investment and financial feasibility, the Welfare Trust's goal is to construct shopping complexes in Bharatpur, Nepalgunj, and Vehaliya (Rupendehi) and to establish a new petrol pump in Sanga.

The main income of the trust is the accumulated interest of savings in the fixed account at Himalayan Security and Finance Pvt. Ltd. as well as the money earned from various cultural programs, expositions, like Beating the Retreat, book publications, tent and tarpaulins rental, and allowances received from constables and police officers attending peacekeeping missions as police observers at the call of United Nations.

A scholarship program has been installed for police officers' children at Dipendra Police Boarding School in all the five development regions. Here, basic education expenses are nominal and students can learn and study in a healthy, progressive environment. Among the scholarship recipients are children of deceased police personnel, financially needy, and diligent students. Needy police staff are provided with adult education classes and are also given other educational



अगिल्लो पाना, तल : प्रहरी कल्याण योजना अन्तर्गत सञ्चालित पाठशाला
*Facing page, bottom: A primary school run by Police Welfare Trust*

facilities. This year, 10+2 educational system was introduced at Dipendra Police Boarding High School, Sanga, and at other regional schools 10th standard classes will soon be operated.

Medical services provided in past years by Birendra Police Hospital to police staff, their families, and retired police staff has improved confidence among personnel. In the future, on the basis of priority, a police hospital will be established at the regional level and Birendra Police Hospital at Maharajgunj will act as the central hospital.

Staff who cannot be treated in Nepal will be provided financial support from Police Welfare Trust and His Majesty's Government for medical treatment abroad. Besides this, an amount of Rs. 93,88,889 has been allocated for the establishment of a Revolving Fund at Birendra Police Hospital for dependent families of in-service police staff and for the treatment of retired police personnel.

By constructing buildings for eleven senior police officers, six junior police officers, and six head constables, and constables, the Welfare Trust has been able to provide much needed residential facilities for police personnel. Gazetted police officers may avail themselves of the facility of purchasing vehicles on an installment basis and land acquisition plans for home construction is already underway. The goodwill and benevolence bestowed upon Nepal Police by retired and present police staff is laudable and their contribution will efficaciously help fulfil Police Welfare Trust's goals. As police staff and their families benefit from the welfare project, their aspirations to become model police officers and belief in the institution will grow stronger.

## The Accomplishments in 1994/1995 of the Police Welfare Trust

*Contributions to school construction and purchase of scientific apparatus:*

1. Dipendra Police Secondary Boarding School, Eastern Region Rs. 60,000
2. Dipendra Police Secondary Boarding School, Sanga Rs. 5,00,000
3. Dipendra Police Secondary Boarding School, Western Region Rs. 50,000
4. Dipendra Police Secondary Boarding School, Central Region Rs. 50,000
5. Dipendra Police Secondary Boarding School, Far-Western Region Rs.50,000

*For construction of junior police officer residential buildings:*

6. Armed Police Battalion No. 2, Maharajgunj Rs. 3,11,015.67

*For construction of Central Library:*

7. Police Headquarters Physical and Planning Section Rs. 9,00,000

*For purchase of land:*

8. District Police Office, Dhulikhel Rs. 41,00,000
9. District Police Office, Bharatpur Rs. 2,50,000

*For constructing shopping complex:*

10. Central Region Police Office, Kathmandu Rs. 22,50,000
11. Western Region Police Training Centre, Butwal Rs. 2,00,000
12. District Police Office, Chitwan Rs. 15,00,000
13. Central Regional Police Training Centre Rs. 15,00,000
14. Far-Western Regional Police Office, Dipayal Rs. 50,000

*To establish Revolving Fund:*

15. Birendra Police Hospital Rs. 28, 88, 889
16. Contribution for the last rites of demised police staff and medication of junior police officers and constables Rs. 1,46,729.50



# ट्राफिक प्रहरी

नेपाल प्रहरी संगठनको एउटा अभिन्न अंगको रूपमा ट्राफिक प्रहरी रहेको छ । हाल जम्मा ९०८ जना दक्ष र प्रशिक्षित ट्राफिक प्रहरीहरु यस अन्तर्गत कार्यरत् छन् । बढ्दो शहरीकरण संगसगै एकातिर यातायातको चाप पनि बढेर गएको छ भने अर्कोतिर सडक विस्तार तथा सडक सुविधाहरुको निर्माणमा खास उल्लेखनीय कार्य भएको पाईंदैन । काठमाडौं उपत्यकामा मात्र करिब ७५ हजार विभिन्न किसिमका सवारी-साधनहरु चल्दछन । जँहा करिब ८५० कि.मि. सडक चालु हालतमा छ । यसरी सीमित सडकमा असीमित सवारी-साधनको प्रवाह हुनुपर्ने बाध्यताले आजको ट्राफिक प्रहरीको कार्य अरु जटिल र चुनौतिपूर्ण भएको छ । ट्राफिक प्रहरीले सडकमा सबैको हितको संरक्षण गर्न सधै चनाखो र क्रियाशील रहनु पर्दछ । बढ्दो सवारी दुर्घटना र सडक नियमको उलंघन जस्ता अपराधहरु कम गर्न ट्राफिक प्रहरीले कारवाही गर्ने मात्र नभई सडक सचेतता बढाउन वार्षिक ट्राफिक सप्ताह लगायत अन्य विविध जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ । हामीकहाँ पार्किङको राम्रो व्यवस्था नभएको परिप्रेक्षमा ट्राफिक प्रहरीको सक्रियताबाट हालै सशुल्क पार्किङको व्यवस्था भएको छ । यसरी पार्किङको समस्यालाई केही हदसम्म कम गर्न सकिएको छ भने यसबाट आर्जन हुने शुल्कबाट पार्किङ व्यवस्थापनमा खर्च गरी आगामी वर्षहरुमा अरु थप पार्किङ स्थलको निर्माण गर्न सघाउ पुग्ने विश्वास गरिएको छ ।





आजको ट्राफिक प्रहरीसंग यथेष्ट समस्याहरु छन् र यस्ता समस्याहरुसंग सफलतापूर्वक सामना गर्ने जनशक्ति विकास गर्ने तर्फ संगठनले पाईलाहरु चालेको छ । अधिकृतहरुलाई स्वदेश तथा विदेशमा ट्राफिक व्यवस्थापनका आधुनिक प्रशिक्षणहरु दिइदै आएको छ । ट्राफिक प्रहरी अरु सुदृढ र साधन-श्रोत सम्पन्न हुनु अति आवश्यक पनि भै सकेको छ ।





# Implementing Traffic Rules

Traffic Police unit is an inseparable body of Nepal Police. Today, 908 competent and accountable police personnel are working under the roof of this department. On one hand, traffic pressure has increased with the augmentation in urbanization, and on the other hand, road modification and facilitation programs have not been reinforced to meet the needs of the general public. Within the Valley alone **75,000 vehicles** run along an approximate length of 850 kilometres, therefore, the obligations of Traffic Police have, not surprisingly, become more complex and varied since there is not enough of road linkage to meet the requisitions of the increasing number of vehicles running in the country. Traffic police, in all challenging circumstances, has to remain extremely aware of the safety needs of the citizen. To curtail increasing number of road accidents and crimes like violation of traffic regulations, Traffic Police has always tried to meet the neccessary demands of the public and it also organizes an annual program called Traffic Week to educate the general public on traffic laws and ordinances and hopes to introduce similar curriculums in the near future. In the past, Nepal lacked an adequate parking system. Therefore, Traffic Police recently enforced a payable parking scheme. The new scheme has made life easier and comfortable for everyone because parking problems have lessened to some extent and money collected through the pay system will be used for the maintenance and construction of additional parking areas in the forthcoming years.

Inspite of the effectual measures channelled by Traffic Police, there still remain impediments that have to be removed. To apprise and succor the public on such matters, this institution has promulgated various programs which are being carried out quite successfully at present.

Today the department is beset by many problems, therefore, to produce better trained and highly dependable staff, workshops on traffic management are being organized regularly and efforts to develop the department is given importance.

These workshops have brought about **considerable changes** in the performance of traffic personnel for they are better qualified and familiar with traffic regulations and are more receptive to the needs of the people. Besides, officers have also been sent abroad to attend programs and seminars on traffic surveillance for it is the **aspiring goal** of the Traffic Police to defy all familiar problems by being well- equipped, well-informed, and well-prepared for any change in the country.

*काठमाडौंको भिड र ट्राफिक परिचालन*

*Traffic mobilization in the Kathmandu Valley*



# बढ्दो सवारीसाधन र वातावरण प्रदूषण

राजधानीको मात्र कुरा गर्ने हो भने काठमाडौं उपत्यकाको वातावरण दिन-प्रतिदिन प्रदूषित बन्दै गएको आँकडाहरु प्रकाशित हुन थालेका छन् । जसमा सवारीबाट हुने प्रदूषण प्रमुख रुपमा रहेको बताइन्छ । सवारीको ईन्जिन पुरानो भएबाट निस्कने कार्वन मनो-अक्साइडले वातावरणमा प्रदूषण व्याप्त हुने हुन्छ । डिजेल भन्दा पेट्रोल सवारीहरुबाट निस्किने धुवाँबाट बढी वातावरण प्रदूषण हुन्छ । हामीकँहा अत्यधिक चल्ने सवारी-साधनहरुको अवस्था राम्रो नभएको पाईन्छ । यस्ता सवारी-साधनहरुलाई सार्वजनिक सडकमा आवागमन गर्नबाट प्रतिवन्ध लगाउन ट्राफिक प्रहरीले सवारी-जाँच पासको व्यवस्था गरेको छ । सवारीले फ्याँक्ने धूवाँको जाँच गरेर निर्धारित माप भन्दा बढी धूवाँ फयाँक्ने सवारीलाई सडकमा चल्ने ईजाजत दिईदैन । यस्ता सवारीहरु ईन्जिन मर्मत र संभार गरेर मात्र चल्न योग्य मानिन्छन् ।

यस्ता सार्वजनिक महत्वको विषयमा आम-जनता र सवारी-धनीहरुले सोच्नु र आ-आफ्नो सवारी साधनलाई समय समयमा मर्मत-संभार गरी सडकमा चल्न योग्य अवस्थामा राख्नु पर्दछ । नेपाल प्रहरीले काठमाडौं नगर क्षेत्रलाई स्वच्छ राख्ने क्रममा नगर पालिकाले नियुक्त गरेका कर्मचारीहरुलाई प्रशिक्षण दिएर दक्ष बनाउने कार्य गर्ने गरेको छ । त्यस्तै फोहर मैला व्यवस्थापनमा नगरपालिकाका कर्मचारीलाई सघाउन प्रहरी जनशक्तिहरुको उपयोग निरन्तर रूपमा गर्ने गरिएको छ । जनताहरुको स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने विषयमा चनाखो रहनु र आ-आफ्नो क्षेत्रबाट वातावरण सरक्षणमा योगदान गर्नु सबै नागरिकहरुको परम् कर्तव्य र आजको प्रमुख आवश्यकता हो ।






Top: Police work in the World Environment Day
Middle: Reforestation within police premises
Below: Police participation in clean-up

माथि : विश्व सफाइ कार्यक्रममा प्रहरीहरु
बीच : प्रहरी हाता भित्रको वृक्षारोपण
तल : सफाइ कार्यक्रममा प्रहरी संलग्नता



# Cleaning the Air

## Effective measures carried out

Like many burgeoning cities in the world, Kathmandu, the capital of Nepal, is also confronted by numerous social, political, economical, and environmental problems. National and international media periodically publish data on the **environmental pollution of Kathmandu** and it is clear that the major sources responsible for such environmental degradation need to be identified, assessed, and the problems resolved. Studies clearly show that the root of the problem may be accounted to the air pollution for which road vehicles are mainly responsible, the reason being, the old engines that discharge large amounts of carbon monooxide and other pollutants. Generally, gas produced by vehicles using petrol cause more harm to the environment than vehicles that use diesel. Traffic Police Department, on its part, has brought out many resolutions to mitigate the numerous problems of air pollution and it introduced a special test to inspect the smoke emitted by vehicles with the aid of a special scientific device. If the polluting elements discharged exceeds the standard rate, the vehicle is not authorized to run on the streets. Only after repairing and restoring the engine are vehicles permitted to run on the streets again. Vehicles that pass the test are assigned a **Vehicle Check Pass**.

The traffic department has realised that without public interest and aid it is nearly impossible to anticipate positive changes in the environment, and to harness its goals constructively and successfully, the department hopes that vehicle owners will become more sensitive to the issues of environmental problems and have their vehicles regularly examined and overhauled before putting them on the streets.

Today, Nepal Police faces an enormous task of keeping Kathmandu city clean and its members have assisted Kathmandu Municipality by training its associates. Consciousness of environmental problems and other local problems is being raised through this program. An institution that hopes to embrace public and governmental support, Nepal Police largely believes in the health slogan Clean, Green, and Healthy Kathmandu and has regularly assisted the city municipality in managing and implementing garbage which has often been the cause of major problems.

As a body committed to the service of mankind, Nepal Police has been arduously working towards the betterment of the people's health and prosperity and towards a cleaner, purer, and beautiful environment.











श्री ५ महाराजाधिराज सरकारका जुनाफमा अभिवादन चढाउँदै वरिष्ठ प्रहरी अधिकृतहरु
*Senior police officers offer salutations to His Majesty the King*

# शुभ-जन्मोत्सव

राष्ट्रियता तथा नेपाली जनताका एकताका प्रतीक श्री ५ महाराजाधिराज सरकार नेपाली मात्रका लागि अति सम्मानित तथा पूजनीय होइबक्सन्छ। मौसुफको शुभ-जन्मोत्सव नेपालीहरु अपार श्रद्धा र भक्तिपूर्वक मनाउँछन् । श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव नेपाल प्रहरीले विविध कार्यक्रमको आयोजना गरी महान पर्वको रूपमा हर्षोल्लासका साथ मनाउँदै आएको छ । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव सरकारको ५० औं शुभ-जन्मोत्सवको पावन पर्वले पनि आफ्नै गरिमा समेटेको छ ।

श्री ५ महाराजाधिराज सरकारबाट शुभ-जन्मोत्सवको अवसरमा परम्परा अनुसार प्रदान गरिबक्सने किंग्स ब्याटन प्रहरी कार्य-दक्षता प्रतियोगिता २०५१ मा उत्कृष्ट ठहरिएको क्षेत्रीय प्रहरी इकाई कार्यालय, गण्डकीका प्रहरी वरिष्ठ उपरीक्षक तीर्थ कुमार प्रधानलाई पुस १४ गते काठमाण्डौंमा विशेष समारोहमा बक्स भयो ।

सोही दिन राजदरबारमा आयोजित विशेष समारोहमा श्री ५ महाराजाधिराज सरकारमा समस्त प्रहरीको तर्फबाट शुभ-जन्मोत्सव उपहार र प्रहरी पत्रिकाको शुभ-जन्मोत्सव विशेषांक प्रहरी महानिरीक्षक मोतीलाल बोहराले चढाउनु भयो। मौसुफ सरकारको ५० औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा प्रहरी प्रधान कार्यालयमा एक समारोहको आयोजना गरी मौसुफ सरकारको सु-स्वास्थ्य र दीर्घायुको कामना गरियो। सो कार्यक्रम पश्चात वरिष्ठ प्रहरी अधिकृत तथा जवान,महिला प्रहरी, प्रहरी बैण्ड सहितको टोलीले राजदरबार पुगी मौसुफ सरकारमा अभिनन्दन चढायो ।

नेपाल प्रहरीले सदा झैं गौरवमय परम्परा अनरूप पुस १५ गते साँझ श्री ५ महेन्द्र पुलिस क्लबमा विविध सास्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । सो अवसरमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाह देव सरकार सवारी होइबक्सेको थियो । सोही अवसरमा सम्माननीय प्रधान मन्त्री, प्रधान न्यायाधीश, राष्ट्रिय सभाका अध्यक्ष, उप-प्रधान मन्त्री, मन्त्रीगण लगायत सवैधानिक निकायका प्रमुखहरु, महामहिमहरु तथा अन्य विशिष्ट महानुभावहरुको उपस्थिति रहेको थियो । विविध सास्कृतिक कार्यक्रममा नेपाली गौरवमय परम्परा र सस्कृति झल्कने खालका नृत्यहरु, लोक-नृत्य, प्रहसन तथा स्वदेश गान समेत प्रस्तुत गरिएको थियो ।

यसै गरी मौसुफको शुभ-जन्मोत्सव अधिराज्यका विभिन्न कार्यालयहरुमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको थियो ।









श्री ५ युवराजाधिराज सरकार शुभजन्मोत्सव समारोहमा सरिक

*The Crown prince at His Majesty the King's birthday celebrations*



# His Majesty's Auspicious Birthday

**His Majesty the King** represents the symbol of national unity and integrity and is looked upon with great reverence and esteem by the people of Nepal. Every year, according to ancient traditions, His Majesty's auspicious birthday is celebrated with great pomp and festivities. Young and the old make merry in jubilant celebrations and there is much joy and entertainment throughout the kingdom.

On this grand occasion, there is an atmosphere of gaiety and and Nepal Police displays a splendid program to honour the King's Birthday in the noble presence of the Royal Family and other distinguished guests.

His Majesty the King granted the prestigious King's Baton to Senior Superintendent of Police **Tirtha Kumar Pradhan** of the Regional Police Unit, Gandaki, in a special program for the unit's victory in the Police Efficiency Competition of 2051. On the same day, Inspector General of Police **Motilal Bohara** presented *Birthday Bulletin* and a birthday gift to His Majesty the King on behalf of Nepal Police at a special function held at the Narayanhiti Royal Palace. An elaborate program was organized at the Police Headquarters and concluded with a toast to the health, happiness, and long life of His Majesty the King. After the program, police officers, constables, police women, and the police band in their resplendant and shiny uniforms marched to Narayanhiti Palace to offer **salutations** to His Majesty.

In the evening a magnificent cultural program was organized by Nepal Police at the Mahendra Police Club to honour His Majesty King Birendra Bir Bikram Shah Dev. His Royal Highness the Crown Prince also graced the celebration. Rt. Hon. Prime Minister, Chief Justice, Chairman of the National Council, Deputy Prime Minister, Ministers, Heads of Diplomatic Missions, and other distinguished dignitaries were present on the occasion. The cultural program exhibited regional dances, national songs, plays, and other features that depicted and embraced **Nepalese culture, art, and tradition.** In this way, Nepal Police celebrated another grand celebration of His Majesty's Auspicious Birthday with much gaiety and aplomb.





# बीटिङ रिट्रीट कार्यक्रम

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकारको शुभ-जन्मोत्सव नेपाल प्रहरीले आफ्नो गौरवमय परम्परा अनुसार बीटिङ० रिट्रीट कार्यक्रमको आयोजना गरी हर्षोल्लासका साथ मनाउँदै आएको छ । यसै क्रममा मौसुफको ४६ औ शुभ-जन्मोत्सवको अवसरमा कार्तिक २३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगन्जमा हर्ष-उमंग सहित बीटिङ रिट्रीट कार्यक्रमको आयोजना गरिएको थियो । श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव सरकारबाट सो कार्यक्रम नजर गरी बक्सेको थियो । श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी शाह सरकार पनि समारोहमा सवारी होइबक्सेको थियो । शाही सलामीबाट शुरु भएको बीटिङ रिट्रीट संगीतमय कार्यक्रममा सोरठी तथा पाँचै क्षेत्रका लोक संस्कृति झल्कने झाँकी तथा नृत्यहरु प्रस्तुत गरिएको थियो । शुभ-जन्मोत्सवको मंगलमय शुभ-कामना प्रहरी कलाकारद्वारा शुभ-कामना गीतबाट प्रस्तुत गरेका थिए भने सामूहिक व्यायाम प्रदर्शन लगायत कुकूरद्वारा प्रदर्शन, व्यावसायिक कार्याभ्यास प्रदर्शन, जिम्नाष्टिक, सामूहिक व्यायाम, मोटर-साईकल स्टण्ट प्रदर्शन समेत कार्यक्रमका रोचक प्रस्तुति रहेका थिए । सो अवसरमा श्री ५ युवराजाधिराज सरकारबाट बीटिङ रिट्रीटका उत्कृष्ट सहभागीलाई पुरस्कार प्रदान गरिबक्सी अपार हौसला बक्सेको थियो । सो अवसरमा संवैधानिक अंगका प्रमुखहरु, विदेशी कुटनैतिक नियोगका पदाधिकारीहरु, उच्च पदस्थ कर्मचारीहरु, पूर्व प्रहरी अधिकृतहरु लगायत छात्र-छात्राहरु समेतको उपस्थिति थियो ।













# Beating the Retreat

Beating the Retreat is an honourable program that celebrates the auspicious birthday of **Her Majesty the Queen Aishwarya Rajya Laxmi Devi Shah** in an atmosphere of splendour.

On the occasion of Her Majesty's 46th auspicious birthday, the program was organized on Kartik 23rd with great festivities and grandeur on the premises of the National Police Academy in Maharajgunj. **His Royal Highness Crown Prince Dipendra Bir Bikram Shah Dev** and **Her Royal Highness Princess Shruti Rajya Laxmi Devi Shah** honoured the occasion with their presence.

The program was commenced with a presentation from the Guard of Honour, and followed by various musical programs among which was the *Sorathi,* a folk dance, and other colourful presentations representing the five development regions. These were received with much enthusiasm by the audience. Police artists presented a birthday song to Her Majesty. Spectacular group drills, splendid demonstrations by police dogs, amusing callisthenics and gymnastics, daring motor-bike stunts, and other entertaining performances added colour to the celebration.

His Royal Highness the Crown Prince awarded prizes to the participants for their outstanding performance and praised them for their exhibition of excellent skills, sportsmanship, and proficiency. The chiefs of constitutional bodies, heads of diplomatic missions, ex-police officers, and a large number of students also attended the program to celebrate the felicitous moment.

पहिलो : प्रहरी अधिकृतहरुलाई सूचना प्रवाह सम्बन्धी तालीम प्रदान
Top: Police officers being given news-flow training
दोश्रो : प्रहरी संचार कक्षमा कार्यरत प्रहरीहरु
Bottom: Police officers attend communication classes

# प्रहरी सूचना प्रवाह





प्रहरी क्रियाकलाप सम्बन्धी सत्य-तथ्य जानकारी समयमै जनसमक्ष पुऱ्याउन प्रहरी सूचना प्रवाह एक प्रभावकारी माध्यमको रूपमा रहेको छ। प्रहरीको काम-कर्तव्य बारे जनमानसमा समयमै सु-सूचित गरी सर्वसाधारणमा सुरक्षा भावना महशुस गराउन सचार माध्यमहरुमा प्रहरी सूचना प्रवाहले महत्वपूर्ण स्थान राख्दछ । अपराध रोकथाम नियन्त्रणका सन्दर्भमा प्रहरीबाट हुने काम-कारवाही सार्वजनिक चासो र सरोकारका विषय हुन्छन् । यस्ता विषयहरुमा यथाशिघ्र यथार्थ सूचना जनसमक्ष नपुग्दा भ्रम र प्रहरी कारवाहीप्रति असन्तोष बढ्न सक्छ । तसर्थ समयमै नागरिकहरुलाई यथार्थ जानकारी गराउने दायित्व प्रहरीको हुन आउँछ । प्रहरी सूचना प्रवाहले प्रहरीको यो दायित्व निर्वाह गर्नुका साथै जन-मानसमा प्रहरीको छविमा सकारात्मक प्रभाव पार्दै अन्तत: संगठनको लक्ष्य प्राप्तिमै सहयोग पुऱ्याउँछ। प्रहरी र प्रेस बीचको सु-सम्बन्ध कायम राख्दै क्रियाकलापहरु व्यवस्थित रूपमा निरन्तर सचार माध्यमहरुमा सूचना प्रवाह गर्ने सीप, दक्षता प्रहरी अधिकृतहरुलाई प्रदान गर्न २०५२ जेष्ठ २९ देखि असार ४ गतेसम्म अधिराज्यका २० जना सिनियर प्रहरी अधिकृतहरुलाई प्रेस सम्पर्क अनुशिक्षण दिइयो । बदलिँदो परिस्थिति अनुरुप नेपाल प्रहरी सूचनाको पारदर्शितामा अग्रसर बन्दै केन्द्रमा केन्दीय प्रहरी समाचार कक्षको स्थापना गरी कार्य सम्पादन भै आएकोमा अधिराज्यका पाँचै क्षेत्रमा सचारका माध्यमलाई प्रहरी कार्य क्षेत्र भित्रका सम्बन्धित समाचार यथाशिघ्र समयमै उपलब्ध गराउने अभिप्रायले पाँचै क्षेत्र बिराटनगर, पोखरा, काठमाण्डौ, नेपालगन्ज र दीपायलमा साउन १ गतेदेखि क्षेत्रीय प्रहरी समाचार कक्षको स्थापना गरी कार्य संचालन भएको छ । साथै अचल र जिल्लास्तरका प्रहरी इकाईहरुबाट पनि प्रहरी सूचना प्रवाह हुने व्यवस्था मिलाइएको छ । दैनिक बुलेटिन प्रकाशन र वितरण, पत्रकार भेटघाट र महत्वपूर्ण घटनाहरु सम्बन्धमा प्रेस विज्ञप्ति प्रकाशन र पत्रकारसग सम्पर्क गरी सूचनाहरु प्रवाह गर्ने व्यवस्था गरिएको छ। हाल राष्ट्रिय समाचार समिति, रेडियो नेपाल, नेपाल टेलिभिजन, दैनिक तथा साप्ताहिक पत्र-पत्रिका, स्वदेशी तथा बिदेशी समाचार प्रतिनिधिहरुमा प्रहरी सूचना प्रवाह गरिदै आएको छ । यस प्रकारको व्यवस्थाले सर्वसाधारण नागरिकहरुको सु-सूचित हुन पाउने मौलिक अधिकारको संरक्षण भएको छ भने प्रहरी संगठनको गतिविधि र उपलब्धिहरु सम्बन्धमा सबै तहमा जानकारी उपलब्ध हुने निरन्तर प्रकृया स्थापना भएको छ।

# Getting Informed

## Communication and public relations

Today police news-flow stands as an effective medium which disseminates information on a timely basis and relates the facts about various police activities. **Police news-flow** is an important channel of media which informs the public through local mass commmunication tools about police work and responsibility, and thus instils confidence in each Nepalese citizen regarding national security.

Concerning the crime department, different prevention and control measures adopted by Nepal Police are subjects of interest and relevance to the public. If public acquisitiveness is not satisfied, disillusion is created and displeasure increases. Therefore, informing citizens about police duties and actions in curbing the crime rate is our foremost responsibility. Police news-flow, besides executing this responsibility, is also influencing the institution's image in a positive way and, similarly, achieving the organization's objectives by providing **informational assistance** at every available opportunity.

Besides maintaining good relations between police and press it is seen as essential to provide police officers with the skills and aptitude to activate the process of news-flow. In order for various activities to be highlightened in an organized manner through the communication media, this year, in the best interests of enhancing police news-flow the **kingdom's 20 senior police officers** were given training relating to the press.

In accordance to the changing times and people's demands, the foresight shown by Nepal Police in the establishment of various police news-rooms in **central and regional areas** with the objective of broadcasting work related information has begun to show effect in Biratnagar, Pokhara, Kathmandu, Nepalgunj, and Dipayal.

In addition, district and zonal police units also function as news transmitters when it is necessary to disperse news. Police news is further disseminated through the distribution and publication of daily bulletins, press meeting minutes, and conferences, press releases, as well as newspaper reporting.

Besides, police news is also **circulated** through Rastriya Samachar Samiti (National News Agency), Radio Nepal, daily newspapers, and international publications. This kind of management protects the **right of every citizen** to know of issues relating to national security.






*माथि : विद्यालय सम्पर्क कार्यक्रमको झलक*
*Above: An insight into school programs.*

*जनचेतना कार्यक्रममा प्रहरी र गैर सरकारी संस्थाहरुको संलग्नता*
*Involvement of police and non-governmental organization in public awareness programs.*

# जनचेतना कार्यक्रम

नेपालका दुर्गम पहाडी जिल्लाहरुबाट कम उमेरका चेलीहरुलाई बिभिन्न लोभ, लालचमा पारी भारतका बिभिन्न शहरहरुका वेश्यालयहरुमा बेच्ने जस्ता संवेदनशील अपराधहरु प्रशस्त घटने गरेका छन् । अपराधीहरुले यस क्षेत्रमा व्याप्त रहेको गरीबी र अशिक्षाको फाइदा उठाएर यस्ता अपराधहरु गर्ने गरेका छन् । यस समस्यालाई समाधान गर्न बिभिन्न क्षेत्रहरुबाट बिभिन्न प्रयासहरु नभएका होइनन्, तर पनि चेलीबेटी बेचबिखन घटेर जान सकेन । आँकडा अनुसार करीव २,लाख नेपाली चेलीहरु भारतमा बेश्यावृत्तिमा संलग्न गराईएका छन् भन्ने देखिन आएको छ । यस समस्याको समाधान हुन नसक्नुको प्रमुख कारणहरुमा बाबु-आमाहरुले गरीबीको कारणले छोरीलाई स्वेच्छाले पठाउने, केटीहरु दुःख पाएर स्वेच्छाले जाने, चेलीबेटी ओसार-पसारमा संलग्न अपराधीहरुलाई लुकाउने प्रवृत्ति हुनु आदि प्रमुख रूपमा रहेको पाइन्छ । यी कारणहरुको पहिचान मूल्यांकन गरी समस्या समाधानका विविध प्रयासका थालनी भएका छन् । यसै अनुरूप नेपाल प्रहरीले यस अपराधलाई घटाउन जनचेतना अभिबृद्धि गराउने अभिप्रायले प्रकोपित जिल्लाहरुमा विविध जनचेतना कार्यक्रम संचालन गरेका छन् । यस्ता कार्यक्रमहरुमा पत्रकार, विद्यार्थी, वकिल, समाजसेवी र स्वास्थ्यकर्मीहरु सरीक भएका छन् । विशेष गरीकन गैर-सरकारी संस्थामा माइती नेपाल र पद्मकन्या क्याम्पसको भूमिका महत्वपूर्ण रहेको छ । हालसम्म सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, मकवानपुर र नवलपरासी जिल्लाहरुमा कार्यक्रम संचालन भै सकेका छन् । त्यस्ता कार्यक्रमहरु भविष्यमा पनि निरन्तर रूपमा संचालन गर्दै लगिने लक्ष्य समेत संगठनले राखेको छ ।



*प्रहरीबाट जन चेतना अभियानको शुभारम्भ*
*Police start public awareness program*



# Creating Awareness

In the remote hilly regions of this Himalayan kingdom, young girls are time and again lured into the flesh trade with false promises of riches and. extravagant lifestyle. They are taken across Indian borders to be sold in the **red-light** districts of cities where the lucrative flesh trade is practised at many brothels. Human trafficking crimes have become sensitive issues today and social outcry is strong for the emancipation and repatriation of thousands of innocent Nepali girls forced into the flesh trade. Traffickers take advantage of the ignorance and impoverishment of village inhabitants who heavily populate the hilly regions and eke out a living from difficult terrace farming.

In order to put a stop to this heinous crime, tiredless efforts have been made by different community sectors but the flesh trade has not ended. According to available statistics, about 200,000 Nepalese women are working as prostitutes in India. The main reasons why this situation never changes is because of the **acute poverty** in the villages: some parents are known to willingly sell their daughters to traffickers who hope to make a fortune out of the abominable trade. Some girls willingly enter the business to escape from the harsh conditions of village life. Another reason for the steady increase in this crime is the **protection given to the traffickers** by the villagers themselves. The identification of these adverse conditions have helped formulate problem-solving tactics.

Nepal Police, with the objective of raising consciousness among the Nepalese people and in order to redress the plight of victimized young girls, conducts public awareness programs in destitute and poverty-stricken districts. Reporters, students, lawyers, social workers, and health assistants have also been active participants in these programs. Especially, the roles played by non-government organizations such as Maiti Nepal and Padma Kanya Campus may prove instrumental in solving this grave problem. Such education programs have already been implemented in **Sindhu Palchowk, Nuwakot, Dhading, Makwanpur, and Nawalparasi** Districts and public awareness created on a massive scale may, to some extent, alleviate women trafficking.

Nepal Police's ambition is to see that this kind of awareness program takes effect also in the future.

*चेलिबेटी बेच-विखन विरुद्धको अभियानमा पद्म कन्या क्याम्पसको सहभागिता*
*Padma Kanya College participates in the program against women trafficking*



# उत्कृष्ट सामाजिक सेवा

आजको समाज प्रगति उन्मुख छ, जसलाई बदलिंदो समय र मूल्य-मान्यताहरुले परिवर्तन गर्दै लगेका हुन्छन् । समाजको परिवर्तन र विकासहरुसगै यसका समस्या र जटिलताहरु पनि बढदै जान्छन् । हाम्रो सामाजिक संरचना र अवधारणाहरुको विकासले बिभिन्न विकृतिहरु जन्माउंदै लगेको छ भन्दा अतिशयोक्ति नहोला । समाजलाई सही दिशा र गति दिन तथा समाजमा हुने बिभिन्न समस्याहरुसंग लड्न सामाजिक सेवाको प्रारम्भ भएको परिप्रेक्ष्यमा समाजका समस्यासंग लडी दुःखी, पीडित जनताहरुलाई सहयोग गर्ने प्रहरी-सेवा सामाजिक सेवाको एउटा उत्कृष्ट पक्षको रूपमा रही आएको छ ।

प्रहरीले समाजमा बस्ने मानिसहरुको दुःख-दर्दहरुमा प्रत्यक्ष सहभागी भएर कार्य गर्ने गर्दछ । समाजमा अपराध घटेमा पीडित पक्षलाई सहयोग गर्ने, अपराधी पत्ता लगाई उसलाई कानून बमोजिम सजाय दिलाउने कार्य लगायत कुनै मानवीय दुर्घटना भएमा घाइतेहरुलाई उद्धार गर्ने, पीडित पक्षहरुलाई राहत पुऱ्याउने कार्य प्रहरीले गर्दछ । बिभिन्न प्राकृतिक प्रकोपहरु भएको समयमा प्रहरीहरु चौबीसै घण्टा उद्धार कार्यमा सहभागी भै दुःखी, पीडित जनताहरुको सेवामा लागी पर्दछन् । २०५० साल श्रावणमा नवलपरासी जिल्लामा बाढी आएको समयमा बाढीले बगाई रहेको २ जना बच्चाको उद्धार गर्न बाढीमा पसेका प्रहरी जवान नरेन्द्र श्रेष्ठ बच्चाहरुलाई उद्धार गरीसके पछि आफै बाढीको भंगालोमा परी दिवंगत हुनु, यस्तै हालै महोत्तरीमा बाढी प्रभावित व्यक्तिहरुको उद्धार क्रममा प्रहरी जवान जम्म बहादुर सुवेदी दिवंगत हुन पुगेका जस्ता त्यागपूर्ण सेवाका उदाहरणहरु पनि प्रहरीमा यथेष्ट छन् ।

प्रहरीले आफ्नो परिवार साथीहरुलाई भन्दा बढी समय आफ्नो सेवालाई दिएको हुन्छ । व्यक्तिगत स्वार्थ भन्दा राष्ट्रिय स्वार्थ सर्वोपरि रहेको हुन्छ । समाजसेवाबाट समाजसेवीहरुले पाउने सन्तुष्टि जस्तै अपार सन्तुष्टि प्रहरीले आफ्नो पेशाबाट प्राप्त गरेको हुन्छ ।

प्रहरी पेशा पनि दिन-प्रतिदिन गरिमामय र मर्यादित बन्दै गएको छ । नेपाल प्रहरीले राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत महत्वपूर्ण कार्यहरु गरिसकेको छ । संयुक्त राष्ट्र सघको आव्हानमा युगोस्लाभिया, कम्बोडिया, हाइटी, मोजाम्बीक र नेदरल्याण्डमा नेपाल प्रहरीले कार्य गरेको छ । आज थुप्रै चुनौतिभित्र उभिएको नेपाल प्रहरीभित्र समाविष्ट भएर काम गर्न चाहने नागरिकहरु पनि यथेष्ट मात्रामा छन् । यसै वर्ष मात्र ५२ जना खाली प्रहरी निरीक्षक पदको लागि १४५७ जना उम्मेदवारहरुले प्रतिस्पर्धा गरेका थिए भने ४३२ जना प्रहरी सहायक निरीक्षकको खाली पदको लागि ४६३७ जना उम्मेदवारहरुले प्रतिस्पर्धा गरेका थिए । प्रहरी समाजबाटै उत्पन्न भएको, समाजमै कार्य गर्ने र समाजमानै स्थापित भएको समाजको अभिन्न अंग हो । प्रहरीको कार्य क्षेत्रको व्यापकता र बहुआयामिक भूमिकालाई दृष्टिगत गर्दा यो पेशा चुनौतिपूर्ण र जटिल छ तर यसका आफ्नै प्रतिष्ठा र सन्तुष्टिहरु छन् । अबको समाजले पनि समाजमा प्रहरीको अपरिहार्य भूमिकालाई प्रतिस्थापित गरेर प्रहरी पेशालाई नै एउटा उत्कृष्ट सामाजिक सेवाको रुपमा अंगीकार गरेको छ ।

*उद्धार कार्यमा प्रहरी*
*Police at rescue operation*



# Dedicated to Service

Today's society is progress-oriented and is evolving and diversifying its values and beliefs. Along with this metamorphosis and developmental phases, the problems and hardships of our society are also increasing side by side. The development of our community structure and individual misconceptions give rise to evil or destructiveness. So in order to encourage the society in the right direction and to fight against many problems, police service today **sets an ideal example** as a social service unit which faces and tries to ease the afflictions of oppressed people. Nepal Police is involved directly as a concerned benefactor in the liberation of the innocent and it is the protector of citizens so that the society will be free of corruption and wrongdoings. If the crime rate decreases, harrassed people are helped and, adjacently, investigations lead to the discovery of culprits who are punished according to the law, the people's misfortunes are minimized, while the afflicted sector of society is salvaged from the grips of evildoers. During times of natural disasters and calamities, the police are on vigilant duty 24 hours a day to take part in rescue teams and to save endangered lives. During 1993, disastrous flooding occurred in Nawalparasi where two children were swept away by the river. Constable **Narendra Shrestha**, without a second's thought for his own safety, plunged into the torrents of the raging river and saved the two children but lost his own life while trying to escape the water's swift currents. In Mahottari Constable **Jamma Bahadur Subedi** also met his death while rescuing flood victims. Sacrificial deeds like these have occurred not only once but many times in the history of Nepal Police. Police personnel give more time to the public than to their families and friends. They look beyond self-interests and give priority to the nation's welfare. As social workers achieve contentment by performing volunteer work, police feel immense satisfaction in performing their duties.

Executing police duties for the country is, day by day, becoming a career that is as prestigious and commendable. Nepal Police has not only gained recognition at the national level but it has also earned the respect and praise of other police forces at the international level.

It has sent Civilian Police Officers to the UN peacekeeping forces in **Yugoslavia, Cambodia, Haiti, Mozambique, and the Nether-lands.** Today, even though we have to face many challenges as police officers, a large number of young men and women still want to join the police force. This year 1,457 applicants competed for 52 slots announced for inspectors. Similarly, 4,637 participants applied for the post of assistant sub-inspector for which only 432 applicants were selected. Police officers stand as figure-heads of community security, he/she is people-oriented, and from the very inception of police role, the individual stays an inherent part of the country. Viewing the multi-purpose widespread image of the police, a career as an officer is found to be challenging though it has its share of hardships, and this profession is esteemed because of the moral values that it adheres. Reconfirming the police's role vital in society today, the institution is accepted to be a model whose selfless service to the nation is exalted by the people and whose dedication to duty is synonymous with social honour.

*अन्तर्राष्ट्रिय शान्ति प्रवर्धनमा नेपाल प्रहरी*

*Nepal Police as an international peace promoter*



# मानव अधिकार संरक्षणका पाइलाहरु

मानव अधिकारको विश्वव्यापी घोषणा, मानव अधिकारको हननप्रति सम्पूर्ण विश्वको ध्यान गएको आजको युगमा प्रजातान्त्रिक मुलुक नेपालको सविधानले नागरिकहरुको अधिकारको संरक्षणको व्यवस्था गरेको छ । विश्वका कुनै पनि देशमा प्रहरीबाट नै प्रमुख रुपमा मानव अधिकारको हनन गरेको आरोपहरु लाग्ने गरेको अवस्थामा नेपाल प्रहरी प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूप मानव अधिकारको सरक्षण गर्न दृढ संकल्पित रहदै आएको छ ।

नागरिकहरुको व्यक्तिगत र सामुहिक सुरक्षा तथा उनीहरुको नैसर्गिक अधिकारको संरक्षण गर्नु प्रहरीको मूल कर्तव्य भित्र पर्दछ । प्रचलित ऐन कानूनले निर्दिष्ट गरेका व्यबस्थाको अधिनमा आफ्ना काम कारवाहीहरु सचालन गर्ने र स्वतन्त्रताको हकको रक्षा गर्ने प्रहरीको कार्यलाई सहज बनाउन नेपाल प्रहरीका अधिकृतहरुलाई मानव अधिकार सम्बन्धी विभिन्न तालीम प्रशिक्षणहरु दिइने गरेको छ । नेपाल प्रहरीका का.मु. प्रहरी उपरीक्षक आमोदचन्द्र गुरुङ अन्तराष्ट्रिय रूपमा विभिन्न देशहरुमा राष्ट्र संघको तत्वावधानमा सचालन हुने मानव अधिकार सम्बन्धी प्रशिक्षणमा प्रशिक्षकको रूपमा कार्य गर्दै रहनु भएको छ ।

आफ्नो दैनिक क्रियाकलापद्वारा शान्ति सुव्यवस्था स्थापना गर्न कटिवद्ध नेपाल प्रहरी आफ्नो कारवाहीप्रति सम्पूर्ण रूपमा जिम्मेवार रहन्छ । प्रहरी कारवाही गर्दा सविधानले प्रत्याभूति दिएको नागरिकहरुको अधिकारको हनन नहोस् भन्ने कुरामा नेपाल प्रहरी सचेत रहेको छ । न्यूनतम शक्ति प्रयोग गरी कारवाही गर्ने परम्परा कायम भै सकेको छ । जनताहरुको कानूनी अधिकार, राजनैतिक क्रियाकलाप सम्बन्धी अधिकार र आर्थिक उपार्जन तथा सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण गर्न र यस्ता अधिकारहरुको कतैबाट हनन हुन नपाओस् भन्ने विषयमा पनि प्रहरी क्रियाशील रहेको छ ।

नेपाल प्रहरी समयको परिवर्तन र माग अनुसार आफूलाई परिबर्तित गराई कार्य क्षेत्रमा सवल रहन सधै तयार छ । हिजोका अनुभवहरुबाट आज अरु परिस्कृत बन्दै राज्य-व्यबस्थाको मेरुदण्डको रूपमा नेपाल प्रहरी रहेको छ । नागरिकहरुको हकको हनन कहीं कतैबाट नहोस् भनेर प्रहरी सधै आफ्नो कार्य क्षेत्रमा सजग र चनाखो बन्दै आएको छ ।

# Preserving Human Rights

Along with the worldwide statement of basic human rights and international attention on human rights violation, comes the challenge of fighting for the freedom of the oppressed. In this context, democratic Nepal's constitution also safeguards the inalienable **rights of every citizen** of the kingdom. Around the world, in almost every country, the police are believed by the public to be mainly responsible for the violation of human rights and in order to unravel the truth, Nepal Police, through its **democratic values** and beliefs, steadfastly continues to protect the individual's right to peace and security.

Protecting the citizens and preserving their personal rights is this organization's responsibility. In order to administer the instructions of national law and policies and to ease the work of police so as to protect each person's right to freedom, Nepal Police officers are trained during workshops that study human rights issues. Acting Superintendent of Police, **Amod Chandra Gurung**, on his visits to various countries, has continuously been an instructor during trainings of international status where human rights issues are discussed during programs held by the United Nations Centre for Human Rights.

Through its daily activities, in order to establish peace and security, the institution conducts with faithfulness its tasks and investigations. While investigating, Nepal Police is acutely aware so that it does not violate the **constitutional rights** of the individual and, accordingly, the use of physical force during detention has decreased considerably. The violation of people's right by outside forces is a subject on which the organization is constantly sensitive.

Nepal Police, according to changing times and demands of the society, has modified its strategy to become **permanently prepared** in its working area. From yesterday's events we have acquired first-hand experiences, and we continue to serve as the backbone of the kingdom's implementation force. In order to prevent external forces from violating human rights in any way, Nepal Police is always actively aware and stays absolutely alert in its working field.

*श्री ५ महाराजाधिराज इन्द्रजात्रा समारोहमा सवारी*



# प्रजातान्त्रिक परिवेशभित्रको नेपाल प्रहरी

देशमा शान्ति-सुव्यवस्था कायम गर्ने मूलभूत दायित्व प्रहरीको काँधमा रहेको हुन्छ । यसै दायित्वको सफल निर्वाहले देशमा प्रजातान्त्रिक पद्धतिको रक्षा र विकासमा ठोस योगदान पुग्ने कुरा निर्विवाद छ । तसर्थ कानून कार्यान्वयनको सन्दर्भमा शान्ति सुव्यवस्था बिथोली स्वार्थ पूर्ति गर्न खोज्ने तत्वलाई परास्त गरी कानूनले तोकेको दायराभित्र राख्न प्रहरी संगठन सक्रिय रहेकोछ ।

स्वतन्त्रताको उपभोग, भेला जम्मा भै नारा जुलुस शान्तिपूर्ण तवरले प्रदर्शन गर्ने, जन-समुदायको रक्षा गर्दै त्यस्ता समूहलाई निर्दिष्ट स्थानमा व्यवस्थित गरी सुरक्षा प्रदान गर्न एकातर्फ प्रहरी जनशक्ति सक्रिय छ भने अर्कोतर्फ प्रदर्शनको नाउँमा तोडफोड, आतंक, शक्ति प्रदर्शन गर्ने समूहलाई नियन्त्रणमा लिई आम-जनताको जीऊ धन-व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति, आवागमन जस्ता संवेदनशील कुराहरुलाई अवरुद्ध हुन नदिन समेत सक्रिय रहँदै आएको छ ।

समाजको कमजोर वर्ग मानिने महिला तथा बालबालिकाको हक-हितमा जन-दायित्व जस्ता विषयवस्तु प्रतिको चिन्तन बिचार बिमर्शमा सबै पक्षलाई सहभागी गराई आम-जनसमूहमा चेतना अभिबृद्धि गरी त्यस्ता वर्गले समान हक उपभोग गर्न सक्ने परिपाटीको विकास गर्न प्रहरी संगठन सक्रिय रहँदै आएको छ । यसै क्रममा नेपाल प्रहरीले महिला तथा बालबालिका विरुद्ध अपराध गोष्ठीको आयोजना गऱ्यो । जसबाट समानताको हक उपभोग गर्ने संबैधानिक व्यवस्था कार्यान्वयनमा सघाउ पुग्न आएको छ ।

प्रजातान्त्रिक परिवेशमा निर्वाचनमा कुनै पनि प्रभाव विना नागरिकहरुले आफ्नो अधिकारको प्रयोग गर्न सक्ने वातावरणको सुनिश्चिततामा नेपाल प्रहरी सदैव सफल रहेको विगतमा भएका निर्वाचनहरुले पुष्टि गरेका छन् ।

प्रजातन्त्रको सुसंचालनको मेरुदण्ड मानिने निर्वाचन प्रक्रियामा शान्ति-सुरक्षाको गहनता तथा संवेदनशीलतालाई मनन गरी हिमाल, पहाड, तराईका विभिन्न बिकट स्थानहरुमा यथोचित सुरक्षा-व्यवस्था तर्जुमा गरी निश्पक्ष र धाँधलीरहीत निर्वाचन सम्पन्न गर्न प्रहरी जनशक्ति सक्रिय एवं सक्षम छ । जसबाट प्रजातान्त्रिक पद्धतिको विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

नेपालको प्रजातान्त्रिक संविधानले नागरिकहरुलाई दिएको मौलिक र अन्य नागरिक अधिकारहरुको उपभोग र उपयोगको ग्यारेण्टी दिन समेत नेपाल प्रहरी सकल्पित रहेको छ ।

*श्री ५ महाराजाधिराजबाट इन्द्र जात्रा दर्शन*

*His Majesty the King at the Indra Jatra Festival*



# Upholding Democracy

The basic duty of maintaining peace and order within the country falls on the shoulders of Nepal Police. The institution's integrity has successfully protected the country's democratization process and its significant contribution to the betterment of the nation leaves no doubt and argument regarding its intentions. Therefore, while enforcing **peace and stability**, if the police come across any elements who selfishly destroy law and order for their personal benefits, the organization defeats their subversive attempts and always remains committed to curtail evil doers according to the limits and borders that are specified by the kingdom's constitution.

To those who practise the rights of freedom, assemble together, or shout slogans and conducts rallies in a peaceful manner, police personnel give highest priority and assurance to their safety, and these groups are provided aid and escort by Nepal Police because the institution is always **people-power oriented**. On the other hand, controlling groups who display violence and build fear in citizens and who try to dominate the lives of innocent people is the obligation of Nepal Police and in order to maintain law and order in the country, it works ceaselessly to protect personal and public wealth and fights against vandalism that results in the destruction of property such as transportation, tele-communictions, etc.

In a society where Nepalese women and children are patronized as weak, their rights need to be respected just as everyone's else. Nepal Police, in order to **create awareness** among the public so that these groups may be part of the country's **democratic development process**, strives to assure the rights of all women and children. Accordingly, Nepal Police conducted a conference on The Fight Against Crime Towards Women and Children. These endeavours have helped safeguard equal gender rights in the community and have helped apply constitutional instructions.

In a country where the democratically chosen government becomes the ruler, Nepal Police is always determined to create a free environment during the General Election so that people can vote according to the rights of their choice and not come under the influence of any political party or individual. Past elections have proven to be successful and international observers have been satisfied by the work intensity and efficiency of Nepal Police.

In Nepal, where the General Election is considered the **backbone of democracy**, the institution is consciously aware of sensitive issues and skillfully exercises appropriate protective measures during election time for the attainment of peace and security inside the Kathmandu Valley as well as in remote areas of the Himal, terai, and hill regions. **"Power to the People,"** is Nepal Police's belief and it is successful and capable of smoothly ensuring fair elections without discri-mination and hooliganism. Sparing no efforts, Nepal Police has infallibly strengthened the nation's road to democracy with its services. It is perpetually on the look out for further means with which it can serve the nation and give Nepalese people their rights and privileges accorded by the constitution and advocate the **values of a democracy.**

*माननिय गृह मन्त्री खुम बहादुर खड्का प्रहरी प्रधान कार्यालयमा* *Hon. Home Minister Khum Bahadur Khadka at Police Headquarters*



# चिर प्रतीक्षित
## आवश्यकताको परिपूर्ति

काठमाडौं उपत्यकामा निरन्तर बढिरहेको जनसख्या, शहरीकरण र परिवहनका चापहरुले सुरक्षा प्रणालीलाई विस्तृत बनाउँदै लैजानु पर्ने कुरामा दुईमत हुनै सक्तैन । सुरक्षा कार्य गहन, जटिल र विस्तृत भएकोले सुरक्षासंग सबद्ध इकाई रहने उपयुक्त ईलाकाको चयनमा सुरक्षा विशेषज्ञहरुले निश्चित आधारहरुलाई अवलम्बन गर्नु पर्दछ भन्ने ठान्दछन् । मध्य काठमाडौंको रत्नपार्क क्षेत्रमा अनुभव गरिएका सामाजिक विकृति तथा सुरक्षा सवद्ध अन्य समस्याहरु दृष्टिगत गर्दा नगर क्षेत्रमा प्रभावकारी र तत्काल प्रहरी सेवा परिचालन गर्न सकिने उपयुक्त स्थानमा प्रहरी इकाईको आवश्यकता निकै पहिलेदेखि नै महशुस भैरहेको थियो । सबै आधारहरुमा मध्य काठमाडौंको रत्नपार्क छेउको पुरानो अंचलाधीश भवन रहेको स्थानमा क्षेत्रीय प्रहरी भवनको निर्माणले काठमाडौंको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन र प्रहरी सेवा परिचालन गर्न अत्यन्त उपयुक्त स्थानको चयन भएको राय सुरक्षा प्रणालीका ज्ञाताहरुको छ ।

प्रभावकारी प्रहरी सेवाको परिचालन, रत्नपार्क क्षेत्र वरपर वृद्धि भैरहेको अपराध एवं दूराचारको नियन्त्रण जस्ता प्रहरीकार्य संवद्ध पक्षहरुमा यस स्थानमा रहने प्रहरी इकाईको महत्वपूर्ण भूमिका त छदैछ । रानीपोखरी क्षेत्र जस्तो ऐतिहासिक सम्पदा वरपर देखापरेको पर्यावरणीय समस्यालाई निराकरण गर्न र रानीपोखरीको सौन्दर्यलाई अभिबृद्धि गर्नमा यस स्थानमा रहने प्रहरी इकाईलाई परिचालन गरिने प्रतिवद्धता नेपाल प्रहरीले प्रष्ट्याएको छ ।

रु. २,०३,५७,५०४।- को लागतमा निर्माण भैरहेको यो प्रहरी भवन प्रहरी प्रविधियुक्त हुनेछ र नेपाल प्रहरीको स्वामित्वमा रहेको कूल क्षेत्रफलको ३२% क्षेत्र भवनले ओगट्ने र बाँकी ६८% क्षेत्र वातावरणीय सौन्दर्यका लागि हरित-क्षेत्रको रूपमा विकास गरिने योजना रहेको छ । शहरी विकास र वातावरण सरक्षणका लागि निर्धारित मापदण्ड अनुसार जग्गा क्षेत्रको ५०% भू-भागमा भवन निर्माण गर्न सकिने प्रावधान भएना पनि वातावरणीय सौन्दर्यताको लागि हरियाली क्षेत्र विकास गर्न ६८% भू-भाग खाली छोडिएको कुरा विशेष उल्लेखनीय छ ।

स्वच्छ रानीपोखरीको पृष्ठभूमिमा हरियाली भित्रको परम्परागत शैलीमा निर्मित प्रविधियुक्त प्रहरी भवनले आकर्षण, परम्परागत वास्तुकला, वातावरणीय संरक्षण र ऐतिहासिक सम्पदा बीचको सुन्दर संयोजनलाई मध्य काठमाडौंमा झल्काउने त छदैछ, प्रभावकारी र सशक्त प्रहरी-सेवा परिचालनको आवश्यकतालाई समेत पनि परिपूर्ति गर्ने कुरामा विश्वास लिन सकिन्छ ।

# Assuring Public Safety

Though the country's security system has always remained efficient and organized as before, there is still a great need for the Valley's present security system to be **modified** and adapted to the increasing pressure from population growth, modernization, and commercial development in the Valley. Security specialists believe that the selection of appropriate locations for the establishment of concerned security units should be supported by firm bases. Meticulous study of social miscreants who harass the public and other problems like theft and hooliganism that occur in the Ratna Park area of Kathmandu signify the utmost necessity for a solid police protection unit to be established soon. Earlier, it was felt with great concern that the plans for the foundation of effective police security units were urgently needed. The construction of a Regional Police Building has been the first stepping stone in the path towards **reinforcing peace and security** in the country. Security experts have analysed, from various observations, that the selection of the **Ratna Park location** is most suitable for the implementation of police protection services in the Kathmandu Valley.

Along with the important role of performing public activities such as conducting effective police services and controlling increasing crimes around Ratna Park area, Nepal Police has made it clear that it will also help in eliminating the problems of pollution and preserve the area around Rani Pokhari, one of Nepal's historical sites. The police building will be fully equipped with modern technologies and is being constructed with a total investment of Rs. 2,03,57,504. The building will cover 32% of the total land owned by Nepal Police in the area, and will follow the standard ascertained for **environmental conservation.** 68% of the land will be developed into an environmental area. The remaining land can be used for the construction of a technical police building so that it will have the beautiful background of Rani Pokhari.

*रत्नपार्कमा निर्माण हुँदै गरेको मध्यक्षेत्र प्रहरी कार्यालय भवनको नक्सा*
*Police Building under construction at Ratna Park*



# प्रहरी परिवार महिला संघ गतिविधि

सामाजिक सेवाको क्षेत्रमा प्रहरी परिवार महिला सघको भूमिका महत्वपूर्ण रहदै आएको छ । समाजका दु:खी र पीडित जनताहरुको घर-दैलोमा प्रत्यक्ष पुगेर उनीहरुलाई चेतना दिने र चेलीबेटी बेचबिखनका विरुद्धमा जनसहयोग जुटाउनेदेखि लिएर राष्ट्रिय दैवि विपत्तिको समयमा उद्धार कार्यमा सघाउन प्रत्यक्ष संलग्न हुने तथा प्रधानमन्त्री कोषमा रकम चन्दा दिने कार्यहरुमा प्रहरी परिवार महिला संघको भूमिका विशिष्ट रूपमा रहदै आएको छ ।

सामाजिक सेवाका विविध क्षेत्रहरुमा योगदान दिने क्रममा समाज कल्याण परिषदबाट संचालन गरिएका विभिन्न योजनाहरुमा सघाउ पुऱ्याउने, प्रहरी कल्याण योजनाहरुमा आर्थिक सहायता प्रदान गर्ने, देशमा हुने दैवी विपत्ति अथवा अन्य परिस्थितिमा सहयोग पुऱ्याउने तथा कमजोर आर्थिक स्थिति भएका भूतपूर्व प्रहरी कर्मचारीहरुको परिवारको शिक्षा-दीक्षा तथा उपचारको लागि आर्थिक सहायता प्रदान गर्ने जस्ता कार्यहरुमा प्रहरी परिवार महिला संघ प्रत्यक्ष रूपमा सहभागी बन्दै आएको छ ।

संघले हालसम्म भूकम्प पीडित आर्थिक सहायता कोष, दशरथ रंगशालाको घटना, मुग्लीन दुर्घटना, सगरमाथा हिमालय सफाई अभियान, कर्तव्य पालना गर्दा गर्दै मृत्यु हुने प्रहरीका आश्रित परिवारहरु, दीपेन्द्र प्रहरी विद्यालय, वीरेन्द्र प्रहरी अस्पताल, खगेन्द्र नव-जीवन केन्द्र, मन्दिर निर्माण कार्य, नेपाल बाल संगठन र अन्य सामाजिक सेवामा संलग्न संघ-संस्थाहरुलाई समेत आर्थिक सहायता प्रदान गरेको छ ।

सीमित श्रोत र साधनहरुको परिवेशबाट संघले सामाजिक सेवाको क्षेत्रमा पुऱ्याउँदै आएको योगदान कदर पूर्ण रहेको छ । आउँदा दिनहरुमा आफ्नो सेवालाई अझ विस्तार गर्दै लैजाने अठोट संघले लिएको छ । संगठनका बहुसंख्यक प्रहरी कर्मचारीहरुको परिवारहरुको प्रौढ शिक्षा, स्वास्थ्य सम्बन्धी चेतना जस्ता क्रियाकलापहरुबाट सामाजिक उन्नति तथा व्यावसायिक सीपमूलक कार्यक्रमहरुबाट आर्थिक समुन्नतिमा समेत प्रत्यक्षतः टेवा पुऱ्याउने कार्यक्रम अगाडि बढाउदै रहेको छ ।

प्रहरी परिवारहरुको सक्रियतामा संचालन भएको यस संघले नेपाल प्रहरीको समुच्च राष्ट्रिय जिम्मेवारी निर्वाह गर्ने कार्यमा सेवारत् प्रहरी कर्मचारीलाई थप गति प्रदान गर्दै आइरहेको छ भन्न अत्युक्ति नहोला ।

*प्रहरी परिवार महिला संघका पदाधिकारीहरु*

*Police Family Womens' Association executive members*



# Nepal Police Family Women's Association



Police Family Women's Association has become an integral part of Nepal Police and it exemplifies the nature of a conscientious and competent **social service unit**. Due to their direct approach in aiding the under-privileged and backward societies in villages, Police Family Women's Association's work is efficacious and brings about consciousness among the public (so that they will unite and fight against human trafficking), help people in times of distress, and aid those suffering from natural disasters. Assistance is provided through funds allocated to the trust.

Assisting in different plans operated by Social Service Coordination Council, financing police welfare plans, helping natural disaster victims, facing crisis that befall the nation, and funding the treatment and education of families whose breadwinners are retired police officers with low incomes, Police Family Women's Association is the quintessence of humanitarianism.

The association has made a remarkable contribution to the field of social service and it resolves to expand its services in every possible way in the future. Through activities like adult education to families of police staff and health awareness programs, it is evident that our citizens can raise the **quality of their lives** and achieve **economic advancement** through income generation programs that directly boost support for other programs. It is not an exaggeration to say that the association run by families of the police staff has played a crucial role in promoting the work of Nepal Police and as the years go by, the association will magnify its endeavours.

### Financial assistance has been provided to:

1. Earthquake Victims Financial Trust
2. Accident of Dasharath Rangashala
3. Accident at Mugling
4. Mount Everest Clean-up Campaign
5. Dependant families of martyred police staff
6. Dipendra Police School
7. Birendra Police Hospital
8. Khagendra Nawa-Jivan Kendra
9. Construction and renovation of temples
10. Nepal Bal Sangathan
11. And other organizations involved in social services

# नेपालमा अपराधको स्थिति



### परिचय

परापूर्व काल देखि वर्तमान परिवेशसम्म अपराधको अध्ययन विश्लेषण गर्ने हो भने समयको प्रवाहले ल्याउने सामाजिक परिवर्तन संगसंगै अपराधको रुप, चरित्र र विशेषताहरु पनि परिवर्तन भई रहेको देखिन्छ । आज अपराधको जटिलता, वहुपक्षीय विशेषताको कारणहरुले गर्दा अपराधको चुनौती विश्वमानै एक सोचनीय विषय भएको छ । विज्ञान तथा प्रविधिको विकासवाट उपलव्ध भएको यातायात, संचार जस्ता सुविधाहरुले सामान्य जनजीवन तथा अपराध जगत दुवैलाई गतिशिलता प्रदान गरेको छ । विश्वको एक कुनामा अपराध गरेर तत्कालै अर्को स्थानमा पुग्न सक्ने सुविधाहरु वर्तमान विकाशको वातावरणमा सरल र सहजै संग हासिल गर्न सकिन्छ ।

विश्वव्यापी रुपमा बढ्दै गइरहेको अपराध र अपराधिक मनोबृत्तिले सामाजिक परिवेशमा नै ठूलो प्रभाव पारी राष्ट्रले समुन्नत विकासको लक्ष्यलाई कुठाराघात गर्न सक्ने तथ्यलाई विचार गरी नेपाल अधिराज्यको अपराध र अपराधिक मनोबृत्तिको अध्ययन विश्लेषण, निरोपणको लागि यस पक्षसग सम्बन्धित सबै विषयहरुमा गरिने कार्यनीति तर्जुमा एउटा आधार हुनेछ ।

समयको प्रवाहसंगै अपराधीको अपराधिक हाकहरुसग संघर्ष गरी समुन्नत विकासको लक्ष्यलाई सार्थकता दिलाउने कार्यमा आजको विकसित प्रविधि तथा साधनहरुको प्रयोग र साथ सापेक्ष कानूनी संरचनाहरुको पुनरावलोकन अपरिहार्य तत्वको रुपमा रहेको छ ।

नेपाल अधिराज्यमा अपराध अपराध र अपराधिक प्रवृत्ति सम्वन्धी विविध जानकारीहरु तुलनात्मक रुपमा प्रस्तुत गर्न खोजिएको छ ।

*क्षेत्रगत रुपमा अपराधको तथ्यांक:*

नेपाल अधिराज्यको ५ विकाश क्षेत्रहरुको आ.व.०५०।०५१ र आ.व.०५१।०५२ मा घटेका कुल अपराध संख्याको तुलनात्मक अध्ययन गर्दा विशेषत अधिक जनघनत्व, भौगोलिक अवस्था, शहरीकरण, आधुनिक जिवन शैली, प्रतिस्पर्धात्मक जिविकोपार्जन गर्नु पर्ने कठीन परिस्थिति, यातायात र संचारका साधनहरुको सुविधा भएका स्थानहरुमानै वढी अपराध भएको देखिन्छ । छिमेकी मुलुक भारतसंग भएको खुल्ला सिमाना स्थित रहेका भु-भागहरु साथै चिनको निकटमा रहेका जिल्लाहरु र क्षेत्रहरुमा अधिक संख्यामा अपराध दर वृद्धि भएको देखिन्छ । क्षेत्रगत रुपमा दुवै आ.व.हरुमा मध्य क्षेत्रमा कुल अपराध (३६३०।३६६५) सवै भन्दा अधिक अपराध संख्या अभिलेख भएको देखिन्छ । यसै गरी पूर्व (२११७।२२४४) पश्चिम क्षेत्र (१६४३।१८३२) मध्ये पश्चिम (९४२।९२३) र सवै भन्दा कम संख्यामा सुदूर पश्चिम क्षेत्रमा (५०७।४४७) अपराधहरु भएको देखिन्छ । सो तथ्यांक चार्ट नं.२ मा उल्लेख गरिएको छ ।

### क्षेत्रगत रुपमा अपराध प्रबृत्तिको विश्लेषण

<u>पूर्व क्षेत्र</u> : यस क्षेत्रको दक्षिणी भूभाग मित्रराष्ट्र भारतसंग जोडिएको हुंदा सिमानामा रहेकाझापा, मोरङ, सुनसरी, सप्तरी र सिराहाका जिल्लाहरुमा अपराधिक प्रबृत्तिका मानिसहरु बेरोकतोक आवत जावत गर्न र अपराधको घटना घटाई सकेपछि सहज र सरल तरीकाबाट भाग्न उम्कन समेत सक्ने भएकोले उल्लेखित सिमावर्ति जिल्लाहरुका ईलाकाहरुमा डांका, खुनडांका, कर्तव्यज्यान, आगजनी, जबरजस्ती करणी, चौपाया चोरी, लागु औषध र चोरीका वारदातहरु हुने गरेको पाईन्छ । यस क्षेत्रका पहाडी जिल्लाहरुमा भने पेशेवार तथा संगठित अपराधी गिरोहको समस्या नभएता पनि सामाजिक परम्परा, अन्ध विश्वास, अज्ञानता, आर्थिक विपन्नता, आपसी प्रतिद्वन्दिताका साथै मादक पदार्थको प्रचूर सेवन आदि जस्ता कारणहरुबाट कर्तव्य ज्यान, आगजनी, जबरजस्ती करणी, चोरी, वहु विवाह, बाल विवाह, जीऊ मास्ने बेच्ने र केही सार्वजनिक अपराध आदिका वारदात सामान्य रुपमा हुने गरेको पाईन्छ । भुटानी शरणार्थीहरुको शिविरको कारण शरणार्थीहरु शहर बजारमा विभिन्न सामाजिक अपराधहरु गर्ने गरेका छन्। लागु पदार्थ उत्पादन गर्ने केन्द्र भारतको मिजोरम प्रान्त धेरै नजिक भएको कारण पूर्व क्षेत्रका बाटो हुदै नेपाल सरहद भित्र लागु औषध विभिन्न उद्देश्यको लागि भित्रिने गरेको पाईन्छ । यस कार्यमा शरणार्थीहरुको संलग्नता विशेष रुपमा रहेको छ । आर्थिक वर्ष ०५१।५२ मा यो क्षेत्रमा जम्मा २२४४ अपराध भएको पाइएको छ ।

<u>मध्य क्षेत्र</u> : मुलुकका ५ विकास क्षेत्र मध्ये यो क्षेत्र हरेक दृष्टिकोणबाट संवेदनशील रहेको पाईन्छ । देशको राजधानी समेत रहेको यस क्षेत्रमा स्तरीय विद्यालय र उच्च शिक्षा अध्ययनको लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रहरुमा समेत रोजगारीको अवसर, स्वास्थ्य उपचारको सुगमता जस्ता विभिन्न कारणहरुले गर्दा विभिन्न वर्ग, व्यवसाय र चरित्रका मानिसहरु लगायत विश्वकै विभिन्न भागबाट विभिन्न उद्देश्य लिई विभिन्न चरित्रका पर्यटकको आगमनले यहा सकारात्मक तथा नकारात्मक दुवै प्रभाव प्रत्यक्षत छाडेको छ । उपत्यकाको योजना विहिन विकास तथा उन्नतिले स्थिति समस्याहरुले जीवनशैलीमा पारेको प्रत्यक्षत प्रभाव जस्ता कुराहरु अपराध बृद्धिका प्रमुख तत्वको रुपमा लिन सकिन्छ । उपत्यका भित्र हाल बृद्धि भैरहेको विभिन्न व्यापारिक केन्द्र, बैकिङ तथा अन्य स्थापनाहरुको



कारण हुने घोटाला, ठगी जस्ता संगठित अपराधको क्रम विस्तारै बृद्धि हुदै गएको देखिन्छ । मुलुकका अन्य क्षेत्रका सिमावर्ति जिल्लाहरुमा झैं यस क्षेत्रमा सिमावर्ति तराईका जिल्लाहरुमा पनि सोही रुप र प्रकृतिका वारदातहरुको अलावा तराई क्षेत्रमा विभिन्न सम्प्रदायहरु वीच यदाकदा साधारण मनमुटावका कारण सामान्य अपराधहरु हुने गर्दछ । यस क्षेत्रमा १८ जिल्लाहरुको अपराध स्थितिको विश्लेषण गर्दा मुख्यतया खुन, आत्महत्या, लागु औषध, चोरी, सवारी दुर्घटना, ठगी, वैदेशिक रोजगार जस्ता अपराधमा केही रुपमा बृद्धि भएता पनि विगत वर्षको तुलनामा प्रहरी सक्रियताका कारण यस वर्ष नियन्त्रण हुँदै गएको पाइएको छ । उपत्यकाका सडकहरु सागुरो र नाजूक अवस्थामा रहेका तथा पुराना सवारी साधनको प्रयोग लगायत वर्षेनी सवारी साधनको चाप बृद्धि हुँदै गएबाट सवारी दुर्घटनाका वारदाहरुमा बृद्धि हुँदै गएको छ । आर्थिक वर्ष ०५१।५२ मा यस क्षेत्रमा जम्मा अपराध ३६६५ घटेको पाईन्छ र अन्य क्षेत्रको तुलनामा सबैभन्दा बढी अपराध घट्ने क्षेत्र मध्य क्षेत्र नै भएको छ ।

पश्चिम क्षेत्र : मुलुकका अन्य क्षेत्रमा झै यस क्षेत्रमा पनि समान प्रकृतिका वारदाहरु सामान्य रुपमा देखिएको छ । हाल बृटिश गोर्खा सेनामा क्रमिक रुपमा सख्या कटौती हुदै आएको कारणबाट यस क्षेत्रका पहाडी जिल्लाका युवाहरु वेरोजगार देखिन थालेका छन् । साथै बृटिश गोर्खा सेनाको कटौतीमा परी स्वदेश फिर्ता भएका प्रशिक्षित सेनाहरुको पनि यस क्षेत्रमा उल्लेखनीय वसोबास रहनुका साथै यिनीहरु पनि हाल वेरोजगारको रुपमा रहेको हुदा यस्ता वेरोजगार व्यक्तिहरुबाट व्यक्तिगत र सामूहिक रुपमा छिटो पैसा कमाउने लालसाले अनेक प्रकारका मेनपावर सप्लाईका नाममा ठगी गर्ने, लागु औषधको ओसार पसार गर्ने आदि जस्ता अनैतिक कार्य गर्ने प्रबृत्ति क्रमशः बढ्दै गएको छ भने अर्को तर्फ भारतमा रोजगारको लागि युवाहरु भारतीय अपराधीहरुको नकारात्मक प्रभावलाई अनुशरण गरी नेपाल भित्र अनेक अपराधिक क्रियाकलापमा संलग्न भएको पाइएको छ । साथै प्राकृतिक भूबनोटका मनोरम स्थलहरु यस क्षेत्रमा पर्याप्त भएका कारणहरु प्रशस्त पर्यटकहरुको आवागमनले यहांका युवाहरुमा पश्चिमी प्रभाव पर्नुका अतिरिक्त केही खराव चरित्रका पर्यटकहरुको सगतले आफुमा नकारात्मक प्रबृत्तिको विकास गराइ लागु औषधको सेवन, बिक्री वितरण, मादक पदार्थको सेवन गरी गुण्डागर्दीको अलावा आवारा हुदै गएको पाइएको छ । यसरी नै तराईकाजिल्लाहरु मित्रराष्ट्र भारतसंग जोडिएका खुल्ला सिमानाका कारण डांका, खुन, चोरी, भन्सार चोरी-निकासी, पैठारी आदिका वारदातहरु सामान्य हुने गरेको पाइएको छ । आ.व. ०५१।५२ मा यस क्षेत्रमा घटित कुल अपराध संख्या १८३२ भएको पाइएको छ ।

मध्य पश्चिम क्षेत्र : यस क्षेत्रका उत्तरी भेगमा पर्ने चीनको स्वशासित क्षेत्र तिव्वतको सिमावर्ति ईलाकामा भौगोलिक विकटताले गर्दा आवत जावत गर्न निकै कठिनाई पर्ने भएता पनि दक्षिण तर्फ भारतीय सिमानासंग गासिएको बाके, वर्दिया र दाङ जिल्लाका खुल्ला सिमाना र यातायातको सुविधाका कारण भारतबाट पेशेवार अपराधीहरु आई अपराध कार्यमा सक्रिय रहेको पाईन्छ भने अर्को तर्फ चोरी निकासी तथा पैठारी तर्फ त्यत्तिकै सक्रिय रहेको देखिन्छ । समाजमा बढ्दो जनघनत्व, मानिसमा देखिने शहरीकरण प्रतिको आकर्षण तथा लागू पदार्थको प्रयोग, गरिवी, बेरोजगारी, अश्लिल साहित्यको प्रचार तथा फेशनको बढ्दो देखासिकी गर्ने बानीको कारणबाट मानिसको अपराध प्रति नयाँ-नयाँ उपायहरु अपनाई अपराध बढेको पाईन्छ । विगत केही समय यता राजनैतिक कार्यकर्ताहरु वीच आपसी मुडभेड, कुटपिट, सांघातिक हमलाबरा ज्यान समेत जाने घटना घट्न गएको पाईन्छ । यस भेगमा अझैपनि विद्यमान छुवाछुत र जातपातको धारणा तथा पुराना रीति रिवाज, अज्ञानता, अशिक्षा, धार्मिक अन्धविश्वास, आर्थिक विपन्नता इत्यादिले गर्दा सामाजिक अपराधहरु जस्तै कर्तव्य ज्यान, कुटपिट, बहुविवाह, जबरजस्ती करणी जस्ता अपराधहरु घटेको देखिन्छ । विशेषत यस्ता अपराधहरु पहाडी क्षेत्रहरुमा बढी घटेको देखिन्छ । राजनैतिक विचार बाट प्रभावित झैझगडा परस्परमा कुटपिट , तोडफोड इत्यादि घटनाहरु घट्ने पनि केही बृद्धि भएको पाईन्छ । आर्थिक वर्ष ०५१।५२ मा यस क्षेत्रमा कुल ९२३ अपराध घटेको पाईन्छ ।

सुदूर पशिचम क्षेत्र : यस क्षेत्रको पहाडी तथा मध्य पहाडी जिल्लाहरुमा अपराधको स्थिति सामान्य रहेको । कैलाली र कन्चनपुर जिल्लाहरुमा भने अपराध बढी घट्ने गरेको पाईन्छ । जसमा जघन्य अपराधको सख्या न्यून छ भने गरिवी, व्यक्तिगत रिसईवी, बेरोजगारी तथा अन्य घरायसी कारणहरुले गर्दा सार्वजनिक अपराध, आत्महत्या, साधारण चोरी, अवैध चोरी निकासी, सवारी दुर्घट्ना जस्ता अपराधमा बृद्धि भैरहेको छ । खुल्ला सीमाना भएको कारणबाट भारतबाट बदमासहरु आई चोरी निकासी, डाका तथा चोरीका अभियुक्तलाई पक्राउ गर्न कठिनाई पर्न गई एक प्रमुख समस्याका रुपमा देखिएको छ । अवैध काठ चोरी निकासी तथा अन्य मालसामान ओसार पसारको घटना बृद्धि भएको देखिन्छ । लागु औषध सम्बन्धमा गांजा चरेशको ओसार पसार तथा सेवन गर्ने व्यक्तिहरु समय समयमा पक्राउ भई कारवाही भएको देखिन्छ । यस क्षेत्रमा आ.व. ०५१।५२ मा जम्मा ४४७ अपराध भएको पाइएको छ ।

त्रिवर्षीय अपराध स्थिति

| क्रम. संख्या | अपराध | आ.व. ०४९।०५० | आ.व. ०५०।०५१ | आ.व. ०५१।०५२ |
|---|---|---|---|---|
| ०१. | खुन डाँका | १० | ७ | १२ |
| ०२. | कर्तव्य ज्यान | ४२० | ४७९ | ५१६ |
| ०३. | ज्यान मार्ने उद्योग | २५७ | २३५ | २३४ |
| ०४. | डकैंती | १५८ | १०९ | १०५ |
| ०५. | जिउ मास्ने बेच्ने | १२६ | १०२ | १५० |
| ०६. | जवरजसी करणी | १५७ | १६० | १६२ |

सवारी दुर्घटनाबाट मृत्यू

| सि.नं. | अपराध | आ.व. ०४९।५० | आ.व. ०५०।५१ | आ.व. ०५१।५२ |
|---|---|---|---|---|
| ०१. | सवारी दुर्घटनाबाट मानिस मृत्यू | ६४१ | ६३२ | ७८९ |



# A Study of Crime

A look into the past will reveal that the nature and characteristics of criminal activities have changed as the society changes. Today criminology has been studied with much speculation and interest because of its complex and varied nature. In burgeoning cities where services like transportation and communication are easily available to the general public, criminals travel easily from one part of the globe to another. In this way, Nepal is also beset with major crimes that have hindered the growth of the nation and its all round development. However, studies are being conducted to analyse crime and its various implications and in the process, new policies are being introduced to alleviate the rate of criminal activities. Nepal Police is also embracing other essential elements like modern technologies and is equipping itself with better knowledge of legal proceedings. In this issue, we have tried to present various studies concerning crime and criminal acts in the kingdom.

*Crime according to region*

A comparative study of the crime situation in the five development regions reveals that during the fiscal years 1993/94 and 1994/95 the number of crimes committed in Nepal were concentrated in places of dense populations and urbanization where increasing migration and rapid industrialization were being effected and good transport and communication facilities were available. Besides, there has also been an increase in criminal activities at the border areas near India and China. According to a study conducted during the fiscal year 1993/94 a maximum number of crimes (3630/3665) were committed at the Central Development Region. During 1993/94 a minimum number of crimes (507/447) were recorded in Far-Western Development Region. During the fiscal year 1993/94 crimes committed in the Eastern, Western, and Mid-Western regions were reported to be 2117/2244, 1643/1832, and 942/923 respectively.

*A study of criminal acts according to each region*

**Eastern Region:** There has been an increase in criminal activities in the districts of Jhapa, Morang, Sunsari, Saptari, and Siraha since criminals having committed their crimes can abscond to neighbouring India through the open border. As a result, crimes like robbery, murder, rape, and drug trafficking are found prevalent in these areas. However there is no escape to organized criminals in the hilly districts but murder, rape, theft, polygamy, prostitution, and other communal crimes have been recorded. Alcoholism, ignorance, poverty, and internal incompetence have been mainly responsible for these crimes. Since Mijoram (India), the centre of drug production is nearby, drugs are smuggled inside Nepal to serve different purposes. Many Bhutanese refugees have been found to be involved in this crime. During the fiscal year 1994/95, 2,244 crimes were recorded in the region.

**Crime Chart**

| S. No. | Crime | FY 1992/1993 | FY 1993/1994 | FY 1994/1995 |
|---|---|---|---|---|
| 1. | Murder, robbing | 10 | 7 | 12 |
| 2. | Homicide | 420 | 479 | 516 |
| 3. | Attempted murder | 257 | 235 | 234 |
| 4. | Robbing | 158 | 109 | 105 |
| 5. | Women trafficking | 126 | 102 | 150 |
| 6. | Rape | 157 | 160 | 162 |

**Trafic accidents**

| S. No. | Crime | FY 1992/1993 | FY 1993/1994 | FY 1994/1995 |
|---|---|---|---|---|
| 1. | Road Accident Toll | 641 | 632 | 789 |

**Central Region**: Criminal activities in the central region have aggravated. Kathmandu, the capital of Nepal, is situated here and like all burgeoning cities in the world, it has been adversely affected by increasing criminal activities like murder, rape, thefts, and traffic mishaps. Academic institutions, governmental and non-governmental bodies, banks, business houses, hospitals, and clinics are general establishments of the capital city. Therefore, it is not surprising that organized crimes like forgery, premediated murder, and theft have increased. The city is also a conglomeration of different ethnic groups and classes which sometimes has resulted in communal disputes. Besides, tourists have also been found to influence the environment with their social affectations. Another reason for the increment in criminal activities in Kathmandu is due to the lack of a proper city development plan. In the terai settlements of this region, conflicts occur from time to time between ethnic groups. However, since last year, the rate of criminal activities like murder, suicide, drug trafficking, and common thefts have decreased considerably. Road accidents have increased because of crowded and narrow streets of the Valley. A total number of 3,665 crimes were recorded during the fiscal year 1994/95 the highest in the five development regions.

**Western Region**: Since British Gorkha cut down its enrolment number of young recruits, there has been an increase in unemployment among the youths from the hills. Besides, many trained and skilled soldiers have been sent back from their regiments. This has led to unemployment in the country and to the increment of crimes like drug peddling and girl trafficking. On the other hand, Nepalese youths are being negatively influenced by Indian youths and are committing various crimes in Nepal. Since the 1950s, many tourists have visited the country and Nepalese youths have imbibed positive as well as negative aspects of their cultures. Some become associated with tourists involved in drug trafficking. Similarly, the terai settlements adjoined with India show an increase in crimes like smuggling, theft, and murder. The fiscal year 1994/95 records a total number of 1,832 crimes in this region.









**Mid Western Region**: Although Tibet on the nothern side of this region, is not easily accessible, access to the border areas in the south is facilitated by good transportation services. Therefore professional criminals from India enter through the borders, commit crimes, and leave without leaving a trace. They are involved in crimes like smuggling and common thefts. Increasing population,urbanization,poverty,unemployment, pornographic publications, and use of drugs are largely responsible for the increase of criminal activities in this area. In the past, clashes between political party workers resulted in murder and other crimes. Untouchability, ignorance, illiteracy, poverty, and widespread superstitions have resulted in crimes like murder, ethnic violence, polygamy, and rape. These crimes usually occur in hilly settlements. During the fiscal year 1994/95, the total number of crimes committed in this region was 923.

**Far Western Region**: The crime situation in the hilly and mid-hill districts is comparatively lower than of other districts. Most of the criminal activities take place in Kailali and Kanchanpur Districts. The rate of heinous crimes is low but crimes like theft and smuggling, accidents and suicides are increasing every day. The major problem of this region is caused by criminals from India who commit thefts and leave the country without a trace. There has also been an increase in smuggling of wood and other luxury items. There were cases of drug traffickers being taken into custody and presented in the court. A total number of 447 crimes were committed in the region during the fiscal year 1994/95.



*श्री ५ महाराजाधिराज सरकारबाट प्र.व.उ. तीर्थकुमार प्रधानलाई किङ्गस ब्याटन प्रदान*
*His Majesty the King awards the King's Baton to S.S.P. Tirtha Kumar Pradhan*

# किंग्स-व्याटन

नेपाल प्रहरीले आफ्नो गौरवमय परम्परा अनुसार किंग्स व्याटन प्रतियोगिता संचालन गर्दै आएको छ । श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवको उपलक्ष्यमा प्रतियोगितामा विजयी क्षेत्रीय प्रहरी इकाई कार्यालयका प्रमुखलाई श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट किंग्स व्याटन प्रदान गरीबक्सन्छ ।

प्रहरी संगठनको उद्देश्यमुलक कार्यमा सर्वोत्कृष्ट कार्य सम्पन्न गर्ने प्रेरणा रहोस भन्ने उद्देश्य अनुरुप सबै अंचल मातहत पहाड र तराईका जिल्लाको ११ जिल्ला प्रहरी कार्यालय, अंचल प्रहरी प्रमुखबाट स्थलगत निरीक्षण गरी छनौट गरिन्छ । सो मध्येबाट अंचल प्रहरी प्रमुखको छनौट अनुरुप क्षेत्रीय प्रहरी प्रमुखबाट आफ्नो क्षेत्र अन्तर्गत सर्वोत्कृष्ट १ अंचल, पहाड र तराईको ११ जिल्ला छनौट गरिन्छ । पाचवटै क्षेत्रबाट छनौट भई आएका अंचल मातहतका प्रहरी कार्यालयहरुको प्रतिनिधित्व हुने गरी सबै किसिमका प्रहरी इकाईको केन्द्रीय निरीक्षण टोलीबाट अवलोकन भ्रमण गरिन्छ । यसरी अपराध नियन्त्रण, अपराध अनुसन्धान, आन्तरिक प्रशासन लगायत प्रहरी संगठनको काम कारवाहीका विविध पक्षमा उत्कृष्टता हाँसिल गर्ने क्षेत्रीय प्रहरी इकाई कार्यालयको केन्द्रिय टोलीबाट स्थलगत निरीक्षण गरी सर्वोत्कृष्ट ठहरिएका अंचललाई किंग्स व्याटन प्रतियोगितामा विजयी घोषित गरिन्छ ।

किंग्स व्याटन प्रतियोगिताबाट प्रहरी कर्मचारीमा स्वस्थ प्रतिस्पर्धा भई काम प्रति जागरुक, लगनशील हुनका साथै प्रहरी कर्मचारीलाई अनुशासित र कर्तव्यनिष्ठ रहन मद्दत गर्दछ । सेवा प्रति निष्ठावान बनाई श्रृजनात्मक प्रतिभाको विकासले शान्ति सुव्यबस्था कायम गर्न मद्दत मिल्दछ ।

# The King's Baton

According to its glorious tradition, Nepal Police organizes the King's Baton Competition every year. On the grand celebration of His Majesty's auspicious birthday a regional police unit is awarded the King's Baton for its outstanding performance in fulfilling professional obligations. This competition involves all the regional police units offices of the country. To inspire police personnel in their noble endeavours of accomplishing virtuous feats, each Zonal Police Chief selects two district police offices from the hilly region and terai belt. Among the selections made by the Zonal Police Chief, each Regional Police Chief selects the best police zone, and two district offices who have been conscientious and forthright in performing their duties in the hilly and terai settlements are selected. In this way, there is a representation from all the five development regions in the competition and these police units are finally inspected by the Central Inspection Team. The regional police unit which has rendered excellent service in crime control, crime investigation, internal administration, and other duties of the institution is announced victorious in the King's Baton Competition and receives the prestigious King's Baton. This competition inspires police officers in giving their very best services to the general population in adverse situations, by honouring Nepal Police principles, maintaining order and discipline, and performing their role conscientiously as protectors, defenders, and champions of the people.

Thus the competition is an incentive to create healthy sportsmanship, vigilance, and efficiency among police personnel and to instil staff discipline and fealty towards the establishment. A celebrated tradition which has been passed down the ages, it has helped uplift police morale, encouraged police creativity, originality, and loyalty, and secured peace and harmony within the nation.

# सचित्र समाचार

# Photo News




*नेपाल प्रहरीका वरिष्ठ प्रहरी अधिकृतहरु*

*Senior officers of Nepal Police*



श्री ५ युवराजाधिराज सरकार
शुभजन्मोत्सव समारोहमा सवारी
*His Royal Highness the Crown Prince attends His Majesty the King's birthday celebration program*



प्रहरी महानिरीक्षक अमेरिकी भंसार
अधिकृतबाट प्रदान गरिएको प्रसंसा-पत्र लिनुहुँदै
*IGP Motilal Bohara receives the Letter of Appreciation from US customs official*




अन्तर्राष्ट्रिय मानव अधिकार प्रशिक्षण कार्यक्रममा
प्रशिक्षार्थीसंग नेपाल प्रहरीका प्रशिक्षक प्र.उ. आमोद गुरुङ
*Nepal Police instructor S.P. Amod Gurung with trainees at the International Human Rights Training program*



प्रधान सेनापति महारथी
गडुल शम्सेर राणाको विदाइ समारोह
*Farewell ceremony of Chief of Army Staff Gadul Shumsher J.B. Rana*



जापानका लागू औषध प्रमुखसंग प्रहरी महानिरीक्षक
*Inspector General of Police Motilal Bohara with the Chief of Japan's Narcotic Department*



जापान प्रशिक्षणमा नेपाल प्रहरीका अधिकृतहरु
*Nepalese police officers receive training in Japan*



प्रहरी महानिरीक्षकबाट प्रदर्शनी समुद्घाटन
*Inspector General of Police inaugurates the exhibition*



माननीय गृह मन्त्री खुमबहादुर खड्का प्रहरी प्रधान कार्यालयमा प्रहरी संगठन बारे जानकारी हासिल गर्नुहुँदै
*Honourable Home Minister Khum Bahadur Khadka being apprised of police structure and procedures*



नेपाल प्रहरी बक्सिङ खेलको एक दृष्य
*A look at Nepal Police boxing tournament*



श्री ५ युवराजाधिराज सरकार
शुभजन्मोत्सव समारोहमा
*His Royal Highness the Crown Prince at His Majesty the King's birthday celebrations*



प्रहरी महानिरीक्षक तथा प्रहरी अतिरिक्त महानिरीक्षकहरु
अमर प्रहरी प्रति श्रध्दाञ्जली अर्पण गर्नुहुँदै
*IGP Motilal Bohara and AIGP's offering their respects to the martyrs of Nepal Police*



ग्याजिकाङ हिम-शिखर आरोहण गर्ने नेपाल प्रहरी र
जापानको संयुक्त टोलीलाई काठमाडौंमा स्वागत
**Gyanjikong Peak expedition team of Japan and Nepal Police are welcomed in Kathmandu**



*श्री ५ महाराजाधिराज सरकारका जुनाफमा*
*प्रहरी विशेषाक टक्रयाउँदै*
*His Majesty the King receives special Police Bulletin*



*नेपाल प्रहरीका अधिकृतहरु*
*सयुक्त राष्ट्र सघीय मिशन*
*मोजाम्बिकमा*
*Nepalese police officers at Mozambique at the request of the UN*



नेपाल प्रहरीको इतिहास *बिमोचन*
*गर्नुहुदै मा. गृहमन्त्री खुमबहादुर खड्का*
***Hon. Home Minister releasing the***
**Nepal Police History** ***to the public***



प्रहरी अधिकृतहरु महेन्द्र पुलिस क्लब फूटबल टिमसंग
*Police officers with the Mahendra Police Club Football team*



लङजम्प प्रतियोगिताको एक झलक
*A look at the long jump competition*



प्रहरी दिवस २०५२को अवसरमा प्रशंसापत्र तथा पुरस्कार प्राप्त गर्नु हुने महानुभावहरु
*Awards were given to people of different walks of life for their contributions to Nepal Police*



विद्यालय सम्पर्क प्रशिक्षण कार्यक्रममा प्रहरी अधिकृतहरु
*Police officers in school liasion training program*



दीपेन्द्र प्रहरी विद्यालयका छात्राहरुबाट सांस्कृतिक कार्यक्रम प्रदर्शन
*Dipendra Police School performs a cultural program*



अनप्रोफोर युगोस्लाभियाबाट फर्किएको प्रहरी टोलीलाई प्रहरी अतिरिक्त महानिरीक्षकबाट स्वागत
*Additional Inspector General of Police welcomes the police contingent returning from UNPROFOR, Yugoslavia*



माननीय गृहमन्त्री खुमबहादुर खड्का प्रहरी प्रदर्शनीको अवलोकन गर्नुहुँदै
*Hon. Home Minister Khum Bahadur Khadka observing police exhibition on the occasion of Police Day*



प्रहरी केटाहरुबाट कराँते प्रदर्शन
*Police boys participate in the Karate tournament*



ईन्टरपोलको महासभामा भाग लिनु हुँदै नेपाली प्रतिनिधि मण्डल
*Additional IGP Achyut Krishna Kharel and Nepal Police delegates participating at the Interpol General Assembly in China*

# सँस्मरण
# Memoirs



झण्डै चार दशक अगाडिका प्रहरी अधिकृत तथा विजयी खेलाडीहरु
*Police dignitaries and victorious football players photographed almost four decades ago.*



*Their Majesties inspecting a communications class in 1983*

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी प्रहरी तालीम केन्द्रको भ्रमणमा (२०४० साल)



*A police information unit*

प्रहरी इकाई

# Calendar of Events

# नेपाल प्रहरीको विगत एक वर्ष









*असोज २८ :* मनाङ जिल्ला स्थित ७०३८ मिटर उच्चाईको ग्याजिकाङ हिमालको सफल आरोहण गर्ने टोलीलाई काठमाण्डौमा स्वागत । असोज २१, २४ र २८ गते गरी ८ जना प्रहरी अधिकृत तथा जवानहरु सो शिखरमा पुगेका थिए ।

**October 14:** Eight police officers successfully climbed Mt. Gyanjikong, 7,038 metres, in Manang District. They triumphantly reached the summit. The team was warmly welcomed back at Kathmandu.



*कार्तिक ५ :* टाकाराजुका नेपाल सोसाइटिद्वारा जापानमा नेपाल प्रहरीको ८ जना अधिकृतहरुलाई अग्नि नियन्त्रण तथा आकस्मिक उद्धार सेवा सम्बन्धी प्रशिक्षण प्रदान गरियो ।

**October 22:** Eight Nepal Police officers were trained by the Takarujuka Nepal Society on Fire Control and Emergency Rescue Services Systems.

*कार्तिक १० :* जुनियर प्रहरी अधिकृतहरुका लागि भरतपुरमा आवास भवन निर्माण । काठमाण्डौं नगरपालिका र तालीम केन्द्रको आन्तरिक श्रोत श्रमदानबाट सो निर्माण कार्य सम्पन्न भयो ।

**October 27:** Living quarters were completed for the use of junior police officers in Bharatpur. Kathmandu Municipality and the Police Training Centre aided the project by providing manpower and resources.

*कार्तिक १६ :* प्यालेष्टाईन गाँजा क्षेत्रमा संयुक्त राष्ट्र संघको आयोजनामा संचालन हुने मानव अधिकार सम्बन्धी प्रशिक्षण प्रदान गर्न प्रहरी नायव उपरीक्षक आमोद चन्द गुरुङ प्रस्थान ।

**November 2:** Acting Superintendent of Police, Amod Chandra Gurung, left for the Palestinian Gaza Strip to conduct a Human Rights Workshop organized by the United Nations.



*कार्तिक २३ :* श्री ५ बडामहारानी सरकारको ४६ औं शुभ-जन्मोत्सव नेपाल प्रहरीद्वारा रा.प्र.प्र.प्र. मा बिटिङ रिट्रिट कार्यक्रम आयोजना गरी मनायो । श्री ५ युवराजाधिराज सरकारबाट कार्यक्रममा प्रस्तुत क्षेत्रीय लोक नृत्यका साथै प्रहरी क्रियाकलापलाई समेटने विविध प्रर्दशन नजर ।

**November 9:** On the occasion of the 46th auspicious birthday of Her Majesty, Nepal Police organized Beating the Retreat at the National Police Academy. A splendid display of folk dances and programs was exhibited and was followed by colourful and exciting activities by police personnel. The occasion was graced by His Royal Highness the Crown Prince.



*कार्तिक २१ :* प्रहरीद्वारा प्रभावकारी सुरक्षाको व्यवस्था, प्रतिनिधि सभा सदस्यको निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न ।

**November 15:** Police patrols kept careful surveillance and maintained peace and order during the General Election day. International bodies were impressed by their performance and commented on the justifiable manner in which the elections were held.

*मंसिर १९ :* माननीय गृह मन्त्री खड्ग प्रसाद शर्मा ओलीबाट प्रहरी प्रधान कार्यालयमा प्रहरीको कार्य सम्पादन प्रकृया बारे जानकारी हाँसिल ।



**December 5:** Honourable Home Minister Khadga Prasad Sharma Oli observed police working procedures at Police Headquarters in Naxal.

*मंसिर २३ :* नेपाल प्रहरी बैण्डद्वारा नयां सडक स्थित भूगोलपार्कमा प्रदर्शन कार्यक्रमको शुभारम्भ । बैण्डले हरेक महिनाको अन्तिम शुक्रवार अपरान्ह १ घण्टा संगीत प्रदर्शन गर्ने गर्दछ ।





**December 9:** A music session was begun by the Nepal Police Band at Bhugol Park. The band plays at the site every last Friday of the Nepalese month and provides entertainment to the residents of the Kathmandu Valley.

*मंसिर २७ :* प्रहरी अतिरिक्त महानिरीक्षक धुबबहादुर प्रधानको नेतृत्वमा ५ सदस्यीय प्रहरी प्रतिनिधि मण्डल भारतको नयां दिल्लीमा आयोजित इन्टरपोलको १३ औं एशियाली क्षेत्रीय सम्मेलनमा सहभागी ।

**December 13:** Additional Inspector General of Police Dhruba Bahadur Pradhan led a five member delegation to the 13th Asian Regional Assembly of Interpol in New Delhi, India.

*पुस १४ :* श्री ५ महाराजाधिराज सरकारबाट वार्षिक प्रहरी कार्य दक्षता प्रतियोगितामा २०५१ मा सर्वोत्कृष्ट क्षेत्रीय प्रहरी इकाई कार्यालय, गण्डकीलाई किंग्स ब्याटन प्रदान ।

**December 29:** His Majesty the King presented the King's Baton to Chief of Regional Police Unit Office, Gandaki, for its outstanding work performance.

*पुस १४ :* शुभ-जन्मोत्सवको अवसरमा ३८ जना प्रहरी अधिकृत जवानहरु बिभिन्न मान पदवीद्वारा विभूषित ।

**December 29:** On the occasion of the auspicious birthday of His Majesty the King, 38 police officers and constables were awarded medals and decorations.

*पुस १५ :* मौसुफको ५० औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा रात्रिभोज तथा सांस्कृतिक कार्यक्रमको आयोजना । श्री ५ युवराजाधिराज सरकार सवारी होइबक्सेको सो समारोहमा सांस्कृतिक कार्यक्रममा बिभिन्न लोक-नृत्यहरु समेटिएका थिए ।

**December 30:** Nepal Police organized a variety of cultural programs to celebrate the 50th auspicious birthday of His Majesty the King at the Police Club. Various ethnical dances and musical compositions were the main features and they were later followed by a special dinner. His Royal Highness the Crown Prince and various dignitaries graced the occasion.

*पुस २६ :* राष्ट्र र राष्ट्रवासीको सेवामा समर्पित प्रहरी कर्तव्य पालनको सिलसिलामा वीरगति प्राप्त गर्ने अमर प्रहरीको स्मृति र सम्मानमा स्थापित प्रहरी स्मारकको श्री ५ महाराजाधिराज सरकारबाट अनावरण । मौसुफबाट प्रहरीको ऐतिहासिक पृष्टभूमि र विकासक्रमका साथै विभिन्न गतिविधि झल्काउने प्रहरी प्रदर्शन नजर । सो अवसरमा श्री ५ बडामहारानी सरकार सवारी होइबक्सेको थियो । प्रहरी कर्मचारी र नागरिकको सहयोगबाट प्रहरी स्मारक निर्माण भएको थियो भने नेपाल प्रहरी स्मारक गुठीका लागि बिभिन्न महानुभावहरुले छात्रबृत्ति स्थापनाका लागि रकम प्रदान ।

**January 11:** To commemorate the brave deeds of courageous police personnel who laid down their lives in the course of duty, Police Memorial was unveiled by His Majesty the King. Her Majesty the Queen was also present on the occasion. The foundation was constructed through the financial support of police personnel and the general public and continues to receive the support of various social organizations. Nepal Police Memorial Trust was also established and it provides scholarships to the children of police martyrs. The forum receives financial contributions from various social organizations and individuals.



*माघ ९ :* प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुब बहादुर प्रधानबाट पूर्व क्षेत्रका बिभिन्न प्रहरी कार्यालयहरुको निरीक्षण र कार्य सम्पादनका बारे निर्देशन ।

**January 23:** Additional Inspector General of Police Druba Bahadur Pradhan inspected different police quarters in the eastern region and also supervised police perfor-mances.

*माघ १३ :* प्रहरी कार्यालयहरुको निरीक्षण, कार्यसम्पादन पक्षका अवलोकन र प्रहरी कर्मचारीहरुलाई विभागको नीति र निर्देशन बारे अवगत गराउने उद्दश्यले प्र.अ.म.नि. अच्यूत कृष्ण खरेल गण्डकी अंचलको गोर्खा, लम्जुङ्ग तथा तनहु जिल्लाको भ्रमणमा जानु भएको ।

**January 27:** Additional Inspector General of Police Achyut K. Kharel visited Gorkha, Lamjung, and Tanahu Districts of Gandaki Zone with to inform police personnel of the department's plans and directions as well as to inspect and supervise the works of the police personnel.

*माघ २०:* प्रहरी महानिरीक्षकबाट मध्ये क्षेत्र र पश्चिम क्षेत्रका बिभिन्न प्रहरी कार्यालयहरुको निरीक्षण र प्रहरीहरुलाई प्रहरीको दायित्वका बारेमा निर्देशन ।

**February 3:** An inspection of police stations in the Central and Western Regions was conducted. The inspection team was headed by Inspector General of Police, Motilal Bohara. Instructions on police responsibilities and duties were given to local police personnel.



*माघ २९ :* राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको वार्षिकोत्सव समारोह बिभिन्न खेलकूद, रक्तदान कार्यक्रमको आयोजना गरी सु-सम्पन्न ।

**February 13:** National Police Academy celebrated its annual anniversary. Different sports events were organized and a blood donation camp was held.

*फागुन ८ :* जुनियर अधिकृत, प्रहरी हवल्दार तथा प्रहरी जवानहरुको लागि महाराजगन्जमा छुट्टा छुट्टै आवास भवन निर्माण कार्य सम्पन्न ।

**February 20:** Three separate living quarters were completed at Maharajgunj for junior officers, head constables, and constables.



*फागुन ११ :* नेपाल प्रहरी स्मारक गुठीको प्रथम साधारण सभा सम्पन्न ।

**February 23:** The first General Assembly of Nepal Police Memorial Trust was held.

*फागुन २८ :* पूर्व प्रहरी महानिरीक्षक पूर्ण सिंह (खवास) को प्रहरी सम्मानका साथ पशुपति आर्यघाटमा विधिपूर्वक दाह संस्कार ।

**March 12:** The last rites of former Inspector General of Police Purna Singh (Khawas) were performed at Pashupati Aryaghat. Police honors were presented to the late IGP.

*चैत्र ११ :* प्रहरी अतिरिक्त महानिरीक्षक ध्रुव बहादुर प्रधानबाट बेलायतका बिभिन्न स्थानमा प्रहरी व्यवस्था बारेमा अध्ययन भ्रमण ।

**March 25:** Additional Inspector General of Police Dhruba Bahadur Pradhan visited Britain to attend a study on Police Management.

*चैत्र ११ :* झापा जिल्लाको दमक नगर पालिकामा ३ वटा प्रहरी बीटको स्थापना ।

**March 25:** Three police stations were established in Damak, Jhapa District.

*चैत्र १८ :* चेलीबेटी बेच बिखन अपराध नियन्त्रणका लागि जन चेतना कार्यक्रम मकवानपुर, धादिङ, चितवन र नवलपरासी जिल्लामा संचालन । कार्यक्रममा सामाजिक संघ संस्था, पत्रकार, कानून व्यावसायी, स्वास्थ्य क्षेत्र र शिक्षण संस्थाका प्रतिनिधिहरु समेत सरिक ।

**April 1:** A public awareness program was held in Makwanpur, Dhading, Chitwan, and Nawalparasi Districts to control flesh trade. Lawyers, teachers, and health representatives took part in the program. Social service organizations were also represented.

*चैत्र २२ :* दशौं केन्द्रीय प्रहरी खेलकूद प्रतियोगिता आयोजना । २१ बिभिन्न खेलहरु समाविष्ट प्रतियोगितामा अधिराज्यका ३४३ प्रहरी खेलाडीहरुको सहभागिता ।

**April 5:** 343 police sportsmen from all over the kingdom participated in the 10th Central Police Sports Competition. A fine competition of 21 sports was organized.

*चैत्र २७ :* वीरेन्द्र प्रहरी अस्पतालको ११ औं वार्षिकोत्सव, प्रहरी कल्याण आयोजना अन्तर्गत उपचार अक्षयकोषमा २८ लाख ८८ हजार ८ सय ८९ रुपैया प्रदान ।

**April 10:** The 11th anniversary of Birendra Police Hospital was celebrated. Rs. 28,88,889 was donated to the revolving fund under the Police Welfare Program.

*चैत्र २८ :* प्रहरी चौकी मुलावारीका प्र.ज. रामक्याल दास कर्तव्य पालनको क्रममा डाँकाको गोलीबाट वीरगती प्राप्त ।

**April 11:** Police Constable Ram Dayal Das of Mulabari police station was killed by a dacoit robber while performing his duties.

*चैत्र ३० :* यस वर्ष २५० जनाले प्रहरी दीर्घ सेवापट्ट, १५२३ जनाले सेवा पदक र ८५३ जनाले दुर्गम सेवा पदक प्राप्त गरे । प्रहरी महानिरीक्षकबाट प्रहरी पत्रिकामा उत्कृष्ट प्रहरी लेखकहरूलाई नगद पुरस्कार तथा प्रमाण-पत्र प्रदान ।



**April 13:** 250 police personnel were given awards for their long service to the nation. 1,523 were presented the Police Service Medal and 853 received the Remote Area Service Medal. Inspector General of Police presented cash prizes and certificates to the best writers who published their works in police magazines.

## २०५२

*बैशाख १ :* काठमाण्डौको मुख्य स्थानहरुमा स-शुल्क पार्किङ व्यवस्था ट्राफिक प्रहरी काठमाण्डौ नगर पालिकाको सक्रियता तथा अटो पार्किङ० प्रा.लि. को सहयोगबाट शुरु भएको सो व्यवस्थाको उद्घाटन प्रहरी महानिरीक्षक मोतीलाल बोहराले गर्नु भएको थियो ।

**April 14:** Traffic Police Department introduced pay parking systems in the main areas of Kathmandu City with the support of Kathmandu Municipality and Auto Parking Pvt. Ltd. The system was inaugurated in a ceremony by Inspector General of Police Motilal Bohara.





*बैशाख ९ :* संयुक्त राष्ट्र संघको तर्फबाट युगोस्लाभियामा शान्ति स्थापना गर्ने शिलशिलामा प्रहरी निरीक्षण-कर्ताको रुपमा कार्यरत नेपाल प्रहरीका ५ जना प्रहरी अधिकृतहरु चढेको सवारी बैशाख ९ गते नोभिमोस्तामा दुर्घटना हुँदा प्रहरी नायव उपरीक्षक वीर सुन्दर के.सी.को निधन हुनुका साथै अन्य ४ जना घाइते ।

**April 22:** Five police officers engaged in the UN peacekeeping force in Yugoslavia met with an automobile accident at Navimosta. This accident caused the death of Deputy Superintendent of Police Bir Sunder K.C. Remaining four officers suffered severe injuries.

*बैशाख १७ :* का.मु.गृह सचिव रेवती रमण पोखरेलबाट प्रहरी प्रधान कार्यालय, प्रहरी अस्पताल र सशस्त्र प्रहरी गण नं. २ को निरीक्षण र त्यहाँ कार्य सम्पादन प्रकृया बारे जानकारी हाँसिल ।

**April 30:** Acting Home Secretary Rewati Raman Pokharel inspected the Police Head Office, Police Hospital, and the Armed Police Team No. 2 in Kathmandu. Organizational activities and achievements were outlined to him.

*बैशाख २१ :* प्रहरी प्रशिक्षण संस्थाको निर्धारण, प्रशिक्षण विधिको सुदृढिकरण र मानवीय श्रोतको विकासका बिभिन्न पक्षमा आगामी दिनहरुमा गरिनु पर्ने कार्यको पहिचान गर्ने उद्देश्यले प्रहरी प्रशिक्षण कार्यशालाको आयोजना ।

**May 4** A workshop was organized to outline the objectives of the Police Training Organization and its training procedures. The workshop also put forward the prospectus for the overall development of human resource programs.




*बैशाख २७ :* महिला तथा बालबालिका बिरुद्ध अपराध बिषयक ३ दिने कार्यशाला गोष्ठी सम्पन्न । कानून, स्वास्थ्य, सामाजिक, संघसंस्था, पत्रकार, मानवअधिकारसंग सम्वद्ध पक्षहरु सहभागी रहेको सो कार्याशालाले महिला तथा बालबालिका विरुद्ध हुने अपराधको अनुसन्धान उनीहरुको हितका क्षेत्रका साथै सामुहिक प्रयासका विविध क्षेत्रहरुमा सुझावहरु प्रस्तुत । प्रहरी र विद्यार्थीहरु बीच सम्बन्ध विस्तृत गरी सहयोगात्मक भावना अभिवृद्धि गर्ने उद्देश्यले संचालित प्रहरी स्कुल सम्पर्क कार्यक्रम अन्तर्गत क्षेत्रीय रुपमा विस्तृत गर्ने सिनियर प्रहरी अधिकृतहरुलाई स्कूल सम्पर्क प्रशिक्षणको आयोजना गरी प्रशिक्षण प्रदान ।

**May 11** A three-day workshop was held on Crime Against Women and Children. The workshop was attended by lawyers, health representatives, human rights activists, and social workers. Suggestions were made on investigation processes. Police School Liaison Program was also started to establish good relations with students.




*जेष्ठ १ :* शान्ति सुरक्षा, अपराध नियन्त्रण, प्रदूषण रोकथाम, यातायात साधनको व्यवस्थापन, सांस्कृतिक सम्पदाहरुको संरक्षण सहित विविध क्षेत्रहरुमा प्रहरी र स्थानीय व्यक्तिहरुको संयुक्त रुपमा कार्य गर्ने उद्देश्यले काठमाण्डौ नगरपालिका वडा नं. ७ चावहिल चोकमा सामुदायिक प्रहरी सेवा सुभारम्भ ।

**May 15** Kathmandu Municipality Ward No. 7 at Chabahil Chowk introduced a Community Police Service Program. Activities like restoration of peace, crime, and pollution control, traffic management, and preservation of cultural sites have been enhanced.

*जेष्ठ २१ :* प्रहरी प्रधान कार्यालयका अधिकृत जवानहरुको निम्ति वाचनालयको व्यवस्था । सो वाचनालयमा स्वदेशी बिदेशी पत्रिकाहरु राखिएका छन् ।

**June 4** An auditorium was built on Police Headquarters grounds at Naxal. National and international papers and publications are available at the auditorium for police personnel who wish to read them.



*जेष्ठ २२ :* खेलकूदको माध्यमबाट संगठनका साथै राष्ट्रको गरिमा कायम गर्ने १२५ जनालाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिएको छ । जसमध्ये १५ जना पदोन्नती, २९ जनालाई ग्रेड थप र ८१ जनालाई नगद पुरस्कार ।

**June 5** 125 sportsmen were awarded for their brilliant display of sport activities and for glorifying Nepal Police and the nation. Among them, 15 were promoted, 29 were given additional grades, and 81 received cash prizes.

*जेष्ठ २६ :* बगलीमारा अपराध नियन्त्रणको लागि उपत्यका प्रहरीले विशेष कार्यक्रम सचालन । कार्यक्रमको उद्देश्य बगलीमारा अपराधमा संलग्न व्यक्तिको पहिचान त्यसको अभिलेख अद्यावधि गर्ने, पुनर्स्थापना गर्ने र जनचेतना जगाउने समेत रहेको थियो ।

**June 9:** With an objective of controlling petty crimes like pick-pocketing, a new police program was launched to identify criminals and to keep a record of their activities. Public awareness is also being initiated.

*जेष्ठ २६ :* महिला प्रहरी अधिकृतहरु पहिलो पल्ट जिल्ला प्रहरी प्रमुखको रुपमा कार्यरत प्र.ना.उ. पार्वती थापा, जि.प्र.का.धादिङ तत्पश्चात प्र.ना.उ. कविता निरौला जि.प्र.का. दोलखामा ।

**June 9:** For the first time, women became the Heads of District Police. Deputy Superintendent of Police Parvati Thapa and Kabita Niraula were appointed as Heads of District Police in Dhading and Dolakha Districts respectively.



*असार ४ :* प्रहरी गतिविधि बारेका सूचनाहरु व्यवस्थित रुपले संचार माध्यममा प्रवाह गर्ने, सूचनाको महत्व बुझ्ने र सीप दक्षता अभिवृद्धि गर्ने उद्देश्यले पहिलो पटक प्रेस सम्पर्क अनुशिक्षण कार्यक्रम आयोजना । २० जना सिनियर प्रहरी अधिकृतहरु कार्यक्रममा सहभागी थिए ।

**June 18:** To familiarize police activities among the public through mass communication, to emphasize the importance of news releases, and to develop police communication skills, an Education Program was organized. Twenty senior police officers participated in the program.

*असार १३ :* दीपेन्द्र प्रहरी उच्च माध्यमिक विद्यालयको १२ औं अभिभावक दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाईयो । प्रहरी विद्यालयमा छात्रबृत्ति स्थापना गर्न विभिन्न महानुभावहरुबाट रकम प्रदान ।

**June 27:** Dipendra Police High School celebrated its 12th Parents' Day by organizing dances, songs, and plays. Distinguished guests and visitors handed over donations to the Dipendra Police Scholarship Trust.

*असार १३ :* ७५ जिल्लाका जवान र परिचर मध्ये १ जनाको संततीलाई अध्ययन गर्न छात्रबृत्ति प्रदान गर्ने व्यवस्था भएकोमा प्रहरी प्रधान कार्यालय,क्षेत्रीय प्रहरी कार्यालय, क्षेत्रीय प्रहरी इकाई कार्यालय, तालीम केन्द्र र गण गुल्म दर बन्दीका प्रहरीका जेहेन्दार संततीलाई समेत छात्रबृत्ति उपलब्ध गराउने ।

**June 27:** Scholarship was made available to the offsprings of constables from each of the 75 districts. From now on merit-based scholarship is available to zonal, regional, and headquarter's staff children as well.

*असार २० :* उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट सवारीबाट हुने वायु प्रदूषण नियन्त्रण गर्ने क्रममा सवारी जाँच गर्ने विशेष कार्यक्रम संचालन ।

**July 4:** A special vehicle checking program was started by Traffic Police to control air pollution in the city.

*असार १७ :* उपत्यका प्रहरीहरुद्वारा कपन स्थित ३५२ रोपनी जमिनमा ११ हजार विभिन्न जातका बिरुवाहरु रोपण ।



**July 7:** In a move to control deforestation, the Valley police planted 11,000 saplings of different kinds at Kopan covering 352 ropanis of land.

*असार २५ :* अपराध नियन्त्रण र सुरक्षाबारे जनचेतना जगाउन शिक्षा मुलक चित्रहरु बिभिन्न पत्रपत्रिकामा प्रकाशन ।

**July 9:** To educate the public on Crime Control and Safety Measures, striking educational illustrations were published in various national papers.

*श्रावण १ :* दीपेन्द्र प्रहरी उच्च माध्यमिक विद्यालयमा १० जोड २ कक्षा संचालन ।

**July 17:** 10+2 classes were started at Dipendra Police High School, Sanga.

*श्रावण १ :* प्रहरी सम्बन्धी सूचनाहरु व्यवस्थित रुपबाट बिभिन्न संचार माध्यमबाट जनसमक्ष छिटो पुऱ्याउन पांचवटै क्षेत्रमा क्षेत्रीय प्रहरी समाचार कक्ष स्थापना र कार्य संचालन । यस्तै अंचल र जिल्लाबाट पनि सूचनाहरु प्रवाह गरिने ।

**July 17:** Through effective means of mass communication, Regional Police news-rooms have been established in all five development regions of the country. Notices are also released from zonal and district news centres.

*श्रावण १:* काठमाण्डौमा सवारी चालक अनुमति-पत्र प्रदान गर्ने कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन नयां व्यबस्था अपनाई कार्य शुरु । प्रत्येक दिन ५० संख्यामा दरखास्त लिई ३ दिन भित्र परिक्षा सम्बन्धी प्रकृया समाप्त गरी उतिर्ण हुनेलाई सवारी चालक अनुमति-पत्र वितरण गर्ने व्यबस्था छ ।

**July 17:** By adopting a new management policy the process of issuing driving licences has now become easy and efficient today. 50 applicants are admitted on a daily basis and their driving examination is completed within three days. Thereafter, on passing the examination successful candidates are issued with a driving licence.

*श्रावण ७ :* प्रहरी प्रधान कार्यालयको हातामा केन्द्रीय प्रहरी पुस्तकालय र संग्रहालयको नयां निर्माण हुने भवनको शिलान्यास ।

**July 23:** Central Police Museum and a library building were inaugurated at the Police Headquarters by the Inspector General of Police.

*श्रावण १२ :* दोश्रो अधिराज्यव्यापी प्रहरी जुडो, कराँते, बक्सीङ र तेश्रो चाँदमारी प्रतियोगिता सम्पन्न ।



**July 28:** Second All Nepal Police Judo, Karate, and Boxing and the third Shooting Competitions were organized.

*श्रावण १७ :* संयुक्त राष्ट्र संघको अनुरोधमा युनाईटेड नेशन्स अफिस अफ द प्रोसिक्युटरमा अनुसन्धान कर्ताको रुपमा नेपाल प्रहरीका का.मु. प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र बहादुर सिंह र प्रहरी नायव उपरीक्षक रीता प्रधान नेदरल्याण्डको राजधानी हेग तर्फ प्रस्थान ।

**August 2:** At the request of the UN, Senior Superintendent of Police Rajendra Bahadur Singh, Deputy Superintendent of Police Rita Pradhan left for the Hague, capital of Netherlands, to investigate at the Prosecutor's Office of the United Nations.



श्रावण २८ : सीमा प्रहरी चौकी कटिकटैयाका प्र.ज. जम्म बहादुर सुवेदीले महोत्तरीमा बाढीबाट पीडित व्यक्तिहरुलाई उद्धार कार्य गर्दा गर्दै वीरगती प्राप्त गरे ।

**August 13.** Police Constable Jamma Bahadur Subedi of Katikataiya Police Station died while rescuing flood victims in Mahottari.

२०५२ भदौ १३ : कृष्ण नगरमा ३१० किलो अवैध चरेश सहित अभियुक्त पक्राउ ।

**August 29.** A man was arrested with 310 kgs of hashish in Krishnanagar.

२०५२ असोज १२ : नवनियुक्त गृह मन्त्री माननीय खुम बहादुर खड्काज्यूले प्रहरी प्रधान कार्यालयको निरीक्षण गर्नु भै प्रहरी संगठनको बारेमा जानकारी हासिल गर्नुका साथै प्रहरी अधिकृतहरुलाई निर्देशन दिनु भयो ।



**September 28.** The newly appointed Home Minister Hon. Khum Bahadur Khadka inspected Police Headquarters and acquired information about the organization. He also briefed and directed the police officers during his visit.

असोज १६ : चीनको राजधानी वेइजिङमा सम्पन्न ६४ औं इन्टरपोल साधारण सभामा भाग लिन नेपाल प्रहरीको प्रतिनिधित्व गर्न प्रहरी अतिरिक्त महानिरीक्षक अच्युतकृष्ण खरेलको नेतृत्वमा प्र.ना.म.नि. प्रदीपशम्शेर ज.ब.रा. र प्र.ना.उ. उपेन्द्र कान्त अर्याल त्यसतर्फ प्रस्थान गर्नु भई २०५२ असोज २९ गते फर्कनु भएको ।

**October 2.** Additional Inspector General of Police Achut Krishna Kharel, Deputy Inspector General of Police Pradeep Singh Rana, and Deputy Superintendent of Police Upendra Aryal left for Beijing, the capital of China to represent Nepal Police at the 64th Interpol General Assembly.

असोज ३० : नेपाल प्रहरी र एग्रिकल्चर अल्पाइन क्लब जापानको संयुक्त दल ताप्लेजुङ जिल्लामा पर्ने ७३५० मिटर अग्लो गिमिगेला हिमाल आरोहण गर्न भदौ २२ गते प्रस्थान गरी असोज ३० र ३१ गते १७ जना सदस्यहरुद्वारा सफल आरोहण ।

**October 16.** Members of Nepal Police and Japanese Alpine Club sucessfully climbed Gimigela Himal, 7,350 meters, in Taplejung district.

असोज ३१ : पुलिस ऐन २०१२ लागू भएको दिन असोज मसान्तलाई नेपाल प्रहरीले प्रहरी दिवसको रुपमा मनाउने परम्पराको थालनी ।

प्रहरी दिवसको उपलक्ष्यमा प्रहरी कार्यमा उत्कृट योगदान पुऱ्याउनेलाई कदर, अमर प्रहरीका सन्ततिहरुलाई छात्रवृत्ति प्रदान, प्रहरी प्रदर्शनी, पुनर्मिलन समारोह आयोजना र नेपाल प्रहरीको इतिहास, सङ्कल्प, अपराध र अपराधी प्रकाशनहरुको विमोचन ।

**October 17 :** Nepal Police embraced traditional values by observing Police Day to mark the ceremonial birth of Nepal Police on the day of promulgation of Nepal Police Act.



आ.व.०५१।५२ मा प्रहरी संगठनमा ५४ जना प्रहरी निरीक्षक र ४४० जना जुनियर प्रहरी अधिकृत दर्जामा नयां नियुक्ति गरिएको छ भने १३ जना सिनियर र १६ जना जुनियर प्रहरी अधिकृतहरुले सेवाबाट अवकाश प्राप्त गरे ।

During the fiscal year 2051/2052, 54 new inspectors and 440 junior police officers were appointed. Thirteen senior and 16 junior police officers retired from active service.